# रोचक घटना नं १

## उत्पत्ति १:१

**विषय: परमेश्वर धेरै शक्तिशाली हुनुहुन्छ ।**

### १) पाठको अध्ययन गर्नुहोस् (कक्षामा जानु अघि)

- परमेश्वर- सर्वोच्च अस्तित्वमा हुनुभएकाको नाम, हिब्रूमा व्यक्त गर्दा, “शक्तिशाली”,“सामर्थी” । यो सर्वशक्तिमानको शक्तिको अभिव्यक्ति हो; र जसलाई यहाँ बहुवचनमा प्रयोग गरेर शुरूमा अलि अस्पष्ट रूपमा सिकाइएको छ, यस सिद्धान्तलाई अन्य भागहरूमा स्पष्ट पारिएको छ कि यद्यपि परमेश्वर एक हुनुहुन्छ, त्यहाँ परमेश्वरका लागि व्यक्तिहरूको बहुलता प्रयोग गरिएको छ- पिता, पुत्र र पवित्रआत्मा जो सृजनात्मक कार्यमा संलग्न हुनुहुन्थ्यो ।

- बाइबलले ईश्वर छन् भनि साबित गर्ने कोसिस गर्दैन । यसले यो तथ्यलाई आफै नै स्पष्ट पार्दछ ।

- उत्पत्ति १ को एकतीस वटा पदहरूमा बत्तीस पटक परमेश्वरलाई नामद्वारा उल्लेख गरिएको छ । एघार पटक उहाँलाई व्यक्तिगत सर्वनाम प्रयोगद्वारा उल्लेख गरिएको छ ।

- आकाश र पृथ्वी अनन्तता देखि नै अस्तित्वमा थिएनन्, तर तिनीहरूको एउटा शुरूवात थियो; न ता ती कुनै पदार्थबाट बनिएका हुन्, तर परमेश्वरले शुन्यताबाट यी कुराहरू बनाउनुभएको हो ।

- यो कुनै दुर्घटना होइन कि परमेश्वर बाइबलको पहिलो वाक्यको क्रियापद हुनुहुन्छ । यो शब्द पूरै अध्याय भरी नै हावी भएको छ र पृष्ठको हरेक विन्दुमा ध्यान आकर्षण गर्दछ ।

- परमेश्वरले सृष्टि गनुभयो - कुनै पनि पूर्व अवस्थित सामाग्रीबाट निर्माण गरिएको होइन, तर शुन्यताबाट बनाउनुभएको हो ।

- आकाश र पृथ्वी - ब्रम्हाण्ड । यो पहिलो पद बाइबलको सामान्य परिचय हो जसले हरेक कुराहरूको शुरूवात भएको हो भनि महान् र महत्वपूर्ण सत्यताको घोषणा गर्दछ ।

**शिक्षक साहायता**

शिक्षकको निर्देशनको लागि पाठलाई पाँचवटा मुख्य भागहरूमा विभाजन गरिएको छ । शिक्षण प्रक्रियाको प्रत्येक भागहरू महत्वपूर्ण छन् र प्रभावकारी रूपमा शिक्षा दिनका निम्ति ती पाँचैवटा भाग पालन गर्नु पर्छ । क्रमबद्ध बाइबल शिक्षा बालबालिकाहरूलाई सुसमाचार प्रचार गर्ने र चेला बनाउने एउटा उत्तम तरिका हो । बालबालिकाहरूले बाइबलका कथाहरू जानेपछि बाइबलका परमेश्वरलाई चिन्नेछन् र कसरी उहाँलाई विश्वासद्वारा स्वीकार गर्नुपर्छ भन्ने पनि जान्नेछन् ।

यी पाँचवटा चरणहरू पाठ सिकाउनका लागि महत्वपूर्ण भागहरू हुन् । पाठ पढाउनुभन्दा अघि तयारी गर्नु अति नै आवश्यक हुन्छ अनि कक्षा हुने दिनसम्म पनि यो गरिनुपर्छ । जब कक्षाको समय शुरू हुन्छ पाठको परिचय कुनै यस्तो धारणा वा तरिकाद्वारा प्रस्तुत गर्नुहोस्, जसले विद्यार्थीहरूलाई सिक्ने प्रक्रियामा सहभागी हुन उत्साह प्रदान गरोस् । कथाको शिक्षा विभिन्न प्रकारले: मुखले भनेर, गाएर, बाइबलका पदहरू कण्ठ गरेर अनि विभिन्न कार्यहरू गरेर दिन सकिन्छ । यो पाठ र यो भन्दा पहिलेको पाठहरू अवश्य दोहोऱ्याएर हेर्नुहोस् । यो पाठ पढाई सकेपछि अन्त्यमा सायद सबैभन्दा महत्वपूर्ण कुरा तपाईंको कक्षालाई अपनाउनपर्ने वा लागू गर्नुपर्ने केहि कुराहरू दिनुहोस् ताकि जसले उनीहरूलाई जीवन जीउन मद्दत गरोस् ।

©प्रतिलिपी अधिकार २०१७ जिम कुक

## २) पाठ शुरू गर्नुहोस्

**"यद्यपि तपाईंले परमेश्वरलाई देख्न सक्नुहुन्न तर परमेश्वर वास्तविक हुनुहुन्छ ।"** (एउटा कपडाको टुक्रा लिनुहोस् र बालबलिकाहरूलाई यस कपडाको टुक्रालाई सार्नको लागि फुक्न लगाउनुहोस् ।) भन्नुहोस्: **"कपडाको टुक्रालाई कुन कुराले सार्‍यो"** (हामीले फुकेको हावाले ।) **"के तपाईंले हावालाई देख्नुभयो"** (देखेनौं) **"हावा निस्किएको थियो भनेर तपाईंहरूलाई कसरी थाहा भयो"** (हामीले कपडा चलेको देख्यौं र हावाको परिणाम देख्यौं) भन्नुहोस्: **"यहि कुरा परमेश्वरमा पनि लागु हुन्छ । हामी वास्तवमा परमेश्वरलाई देख्न सक्दैनौं किनभने उहाँ आत्मा हुनुहुन्छ, तर हामी परमेश्वरले गर्नुभएको कार्यलाई देख्न सक्छौं; हामीलाई थाहा हन्छ कि उहाँ वास्तविक हुनुहुन्छ ।"** वैकल्पिक विधि: कागजको टुक्रा, पात वा सजिलैसँग उडाउन सकिने कुनै पनि वस्तु प्रयोग गर्नुहोस् ।

वर्णन गर्नुहोस् कि हामी अनन्ततालाई पूर्ण रूपमा बुझ्न सक्दैनौं, तर यी कुराहरू सबै सत्य हुन् किनभने हाम्रो परमेश्वर एकदमै महान् र शक्तिशाली हुनुहुन्छ, उहाँ हामीले बुझ्न सक्ने कुनैपनि कुराहरू भन्दा महान् हुनुहुन्छ । यस महानताको एक भाग यो हो कि उहाँको कुनै शुरूवात थिएन, र उहाँको कुनै अन्त छैन ।

गाढा अक्षरमा लेखिएका शब्दहरू चाहिँ शिक्षकले पाठको परिचयको लागि प्रयोग गर्न सक्छन् ।

## ३) पाठ सिकाउनुहोस्

### कथा भन्नुहोस्

चराहरू, रूखहरू, ताराहरू यहाँ सम्म कि पुरूष र महिला हुनु भन्दा अघाडि नै परमेश्वर त्यहाँ हुनुहुन्थ्यो । परमेश्वर सधैं हुनुहुन्थ्यो । यो बुझ्न हामीलाई निकै गाह्रो छ कि परमेश्वर सधैं हुनुहुन्थ्यो र उहाँको शुरूवात कहिल्यै थिएन, तर बाइबलले परमेश्वरको विषयमा ठीक यहि कुरा भन्दछ । उहाँ अनन्त हुनुहुन्छ र जसको अर्थ हो कि उहाँको कुनै शुरूवात छैन र उहाँको कुनै अन्त छैन ।

उहाँ आफ्नो अस्तित्व प्रमाणित गर्ने कोसिस पनि गर्नुहुन्न । धेरै मानिसहरू कसरी परमेश्वर हुनुहुन्छ भनि प्रमाणहरू जान्न चाहान्छन् । बाइबलले परमेश्वरलाई उहाँको अस्तित्वको प्रमाण सहित वर्णन गर्दैन । यसले उहाँलाई, एक जो सधैं देखि त्यहाँ हुनुहुन्थ्यो भनि वर्णन गर्दछ । परमेश्वर सधैं हुनुहुन्थ्यो भनेर मात्र होइन तर उहाँ धेरै शक्तिशाली हुनुहुन्छ भनेर पनि वर्णन गरिएको छ । उत्पत्ति १:१मा परमेश्वरलाई सम्बोधन गर्न प्रयोग गरिएको "एलोहिम" शब्दले परमेश्वरलाई शक्तिशाली वा धेरै सामर्थी हुनुहुन्छ भनि देखाउँछ । उहाँ अनन्तदेखि नै अस्तित्वमा हुनुहुन्छ र उहाँ धेरै शक्तिशाली पनि हुनुहुन्छ । हामीले बाइबलमा भएका शुरूका केहि शब्दहरूबाट मात्र पनि परमेश्वरको बारेमा धेरै कुराहरू सिकेका छौं । हामी परमेश्वरको विषयमा पछि अझ धेरै कुराहरू सिक्ने नै छौं तर अहिलेलाई हामीले यति मात्र याद गरौं कि परमेश्वर धेरै शक्तिशाली हुनुहुन्छ र उहाँ अनन्तको परमेश्वर हुनुहुन्छ । उत्पत्तिको

यी पदहरूले अनन्तका परमेश्वरको बारेमा बताउँछन्:

- भजनसंग्रह ९०:१-४
- रोमी १:२०
- यशैया ४६:९-१०

पुस्तक शुरूवातहरूको पुस्तक हो: जस्तै संसारको शुरूवात, मानव जातिको शुरूवात, पापको शुरूवात, परमेश्वरको मुक्ति दिने योजनाको शुरूवात अन्य शुरूवातहरू । तर बाइबलले स्पष्ट बताएको छ: परमेश्वरको कुनै शुरूवात थिएन र छैन । उहाँ एकमात्र शक्तिशाली परमेश्वरको रूपमा सधैँ हुनुहुन्थ्यो, हुनुहुन्छ र हुन आउनुहुनेछ । उहाँको त्यो महान् शक्तिले र उहाँले गर्नुभएको सृष्टिले गर्दा नै उहाँ चिनिनुहुन्छ । सृष्टिमा हामी उहाँको महान् शक्ति देख्छौँ, यसकारण परमेश्वरको बारेमा हामीले जानेको पहिलो कुरा यो हो: परमेश्वर अति नै शक्तिशाली हुनुहुन्छ ।

उत्पत्ति १:१ पद पछिका सबै घटनाहरू पृथ्वीमा भएका हुन् । तर बाइबलको पहिलो पदको घटना पृथ्वीमा भएको होइन । यसले हामीलाई परमेश्वर को हुनुहुन्छ भनी बताउँछ । बाइबलका परमेश्वर मात्र शक्तिशाली अनन्त परमेश्वर हुनुहुन्छ । अरू कुनै परमेश्वर छैन । सदासर्वदा अस्तित्वमा रहने कोहि पनि छैन । बाइबलका परमेश्वर मात्र शक्तिशाली र अनन्त हुनुहुन्छ ।

## स्तुति-प्रशंसा आराधना

स्तुति-प्रशंसा र आराधना गर्ने तरिकाहरू संसारभरि फरक-फरक रहेको पाईन्छन् । यो पाठ्यक्रमको उद्देश्य भनेको विषयवस्तुसँग मिल्दो जुल्दो भजनहरू छान्नु उत्तम हुन्छ भनि सुझाव दिनु हो । स्तुति-प्रशंसा र आराधना सम्बन्धी भजनहरू प्राय: यूट्यूबमा पनि राखिएका हुन्छन् । तापनि शिक्षकले आफ्नो स्वतन्त्र इच्छा अनुसार त्यस्तै पाठसँग मिल्दो जुल्दो भजनहरू छान्न सक्नुहुन्छ ।

यस पाठका निम्ति "हेरन हेर सृष्टिको सुन्दरता (भजन नं. ५०२)" बोलको भजन गाउने सल्लाह दिईन्छ ।

## बाइबलीय क्रियाकलाप

यो कार्यले परमेश्वर अनन्त हुनुहुन्छ भनी जोड दिनलाई सहायता गर्छ । कक्षासँग मिलेर दुईतिर ती थोकहरूको सूची बनाउनुहोस, एकपट्टि, जसको शुरूवात भएको पाईन्छ (उदाहरणहरू: समय, मानिसहरू, पृथ्वी,आदि) भने अर्कोपट्टि शुरूवात नभएको थोक वा व्यक्ति (अर्कोपट्टि परमेश्वर मात्र हुनुहुन्छ) ।

## कण्ठ गर्नुपर्ने पद

**उत्पत्ति १:१ (टि.बी.एस)** - "शुरूमा परमेश्वरले आकाश र पृथ्वी सृष्टि गर्नुभयो ।"

**शिक्षक साहयता**

बालबालिकाहरूलाई सोध्नुहोस, **"तपाईंहरूले परमेश्वरले गर्नुभएको कुन कुराहरू जान्नुहुन्छ जसले परमेश्वर साँच्चै हुनुहुन्छ भनी देखाउँछन"** (सम्भावित उत्तरहरू: सृष्टि, बिरामी निको भएको, प्रार्थनाको उत्तर पाएको, बाइबलको कुनै कथा, भविष्यवाणी पूरा भएको) इत्यादि ।

**पद कण्ठ गर्ने क्रियाकलाप : वाक्यांशहरू**

उत्पत्ति १:१ को तीनवटा वाक्यांशहरूलाई विभाजन गरेर भन्नुहोस् । कक्षाको प्रत्येक भागमा एउटा मात्र वाक्यांश सिक्न लगाउनुहोस् । तिनीहरूले त्यो एउटा वाक्यांश सिकेपछि सम्पूर्ण कक्षालाई पालैपालो तीनैवटा वाक्यांशहरू सिक्न लगाउनुहोस् । यो कार्य पटक पटक दोहोऱ्याउन सक्नुहुन्छ ।

१. शुरूमा

२. परमेश्वरले

३. आकाश र पृथ्वी सृष्टि गर्नुभयो ।

## ४) पाठको समीक्षा गर्नुहोस्

जन्म दिनको खेल

बालबालिकाहरूलाई तिनीहरूका जन्म दिन र तिनीहरूको कुनै एउटा जन्म दिनमा भएको विशेष कुरा भन्न लगाउनुहोस् ।

- उनीहरूले आफ्नो जन्म दिनमा के कस्तो उपहार पाउन चाहान्छन् ?
- तिनीहरूका जन्म दिनमा उनीहरूलाई खानेकुरा छान्न दिइयो भने, तिनीहरू के खान मन पराउँछन् ?
- तिनीहरूले अहिलेसम्मको जन्म दिनमा प्राप्त गरेका सबैभन्दा उत्तम उपहार के थियो ?

## ५) पाठ लागु गर्नुहोस्

१. **परमेश्वर** - शुरूमा त्यहाँ एक मात्र शक्तिशाली र अनन्त परमेश्वर हुनुहुन्थ्यो ।

२. **मानिस** - परमेश्वरले सबैथोकलाई सृष्टि गर्नुभयो । उहाँले पुरूष र स्त्री दुवैलाई उहाँको असल मित्रहरू हुनको लागि आफ्नै स्वरूपमा सृष्टि गर्नुभयो ।

३. **पाप** - पुरूष र स्त्रीले परमेश्वरको आज्ञा उल्लंघन गरे । उहाँले जे भन्नु भएको थियो त्यो उनीहरूले नगरेर पाप गरे र त्यसदिन देखि मानव जातिमा पापले प्रवेश गऱ्यो ।

४. **मृत्यु** - परमेश्वरले पुरुष र स्त्रीलाई तिनीहरूको अनाज्ञाकारिताको निम्ति दण्ड दिनुभयो । बाइबलमा उल्लेख गरिएको यस मृत्युले अलग हुने कुरालाई बुझाउँदछ ।

५. **ख्रीष्ट** - परमेश्वरले आफ्नो एक मात्र विशेष पुत्रलाई संसारमा पठाउनुभयो जसले सिद्ध जीवन जीउनु भयो ।

६. **क्रुस** - येशू संसारको पापको लागि क्रुसमा मर्नुभयो ।

७. **विश्वास** - यदि कसैले ख्रीष्टमा विश्वास गर्छ भने, परमेश्वरले तिनीहरूलाई स्वागत गर्नुहुन्छ ।

८. **जीवन** - ख्रीष्टमाथि विश्वास गर्नेहरूलाई परमेश्वरले अनन्त जीवन दिनुहुन्छ ।

### जन्म दिनको बारेमा खेल

यदि बालबालिकाहरूसँग परमेश्वरको शक्तिमा कसरी रमाउने भन्ने केहि असल उपायहरू छन् भने तिनीहरूले भनेका अति उपयोगी उपायहरू प्रयोग वा लागू गर्नु राम्रो हुन्छ ।

अब बालबालिकाहरूलाई यो कुरा भन्नुहोस्, कि परमेश्वरको जन्मदिन छैन, किनकि उहाँ सधैँ अस्तित्वमा हुनुहुन्थ्यो । उहाँ सधैँ अस्तित्वमा हुनुहुन्थ्यो भन्ने मात्र होइन, तर उहाँ अति शक्तिशाली पनि हुनुहुन्छ । बालबालिका-हरूलाई सोध्नुहोस्, **"यदि तपाईंहरूले परमेश्वरको शक्तिमा आनन्द मनाउन पऱ्यो भने कसरी आनन्द मनाउनुहुनेछ ?"**

बालबालिकाहरूलाई घर जान भन्नुहोस् र साथी वा परिवारको सदस्यलाई उनीहरूले चिन्ने सबैभन्दा शक्तिशाली व्यक्तिको बारेमा सोध्नुहोस् । त्यो भारी वस्तु उचाल्ने कोहि हुन सक्छ, त्यो धेरै व्यायाम गर्ने कोहि हुन सक्छ, वा त्यो कोहि धेरै ठूलो शरीर भएको व्यक्ति हुन सक्छ। किन तिनीहरूले त्यो व्यक्ति रोजे ? अब, बालबालिकाहरूले परिवारका एक सदस्यलाई भन्नुहोस् कि परमेश्वर संसारमा सबैभन्दा शक्तिशाली व्यक्ति हुनुहुन्छ। उहाँले सारा संसारहरू सृष्टि गर्नुभयो; उहाँ धेरै शक्तिशाली हुनुपर्छ। बालबालिकाहरूलाई उनीहरूले सोचेको जस्तो परमेश्वर कस्तो देखिनुहुन्छ भनेर चित्र बनाउन लगाउनुहोस् ।

उहाँ कस्तो देखिनुहुन्छ ? तिनीहरूलाई आफ्नो चित्रको वर्णन गर्न लगाउनुहोस् ।

## विषयः परमेश्वर धेरै शक्तिशाली हुनुहुन्छ ।

# रोचक घटना नं २

## कलस्सी १:१६ अयूयूब ३८:४-७

**कथाको मूख्य सार : परमेश्वरले नै स्वर्गदूतहरूको पनि सृष्टि गर्नुभयो ।**

### १) पाठको अध्ययन गर्नुहोस् (कक्षामा जानु अघि)

- ठूलो संख्यामा स्वर्गदूतहरू सृष्टि गरिएका थिए; मत्ती २६:५३
- स्वर्गदूतहरूलाई पुलिङ्गको रूपमा सम्बोधन गरिएको छ, तर तिनीहरूलाई विवाह गर्ने अनुमति दिईएको भने छैन; मर्कूस १२:२५ र लूका २०:३४,३५
- स्वर्गदूतहरूसँग ठूलो शक्ति त छ तर तिनीहरू परमेश्वरबाट आफ्नै इच्छाले छुट्कारा पाउन भने सक्दैन; भजनसंग्रह ८:५, हिब्रू २:९, १पत्रुस १:१२
- स्वर्गदूतहरू हामीकहाँ देखा पर्न सक्छन्, र हामी उनीहरूलाई चिन्न सक्दैनौं, हिब्रू १३:२ । तिनीहरू प्रकट भएर ठूलो प्रभाव पनि पार्न सक्छन्; मत्ती २८:४ र लूका १:११-१३
- स्वर्गदूतहरूको श्रेणी हुन्छन् । १ थेसलोनिकी ४:१६ र यहूदा १:९ मा माईकललाई प्रधान स्वर्गदूत भनिएको छ । प्रधान एउटा नाम शब्द हो जसले श्रेणी वा पदलाई जनाउँदछ ।
- कलस्सी १:१६ बाट जान्न सकिन्छ येशू ख्रीष्ट नै सृष्टिको मूख्य कारक तत्व, सृष्टिको अपरिवर्तनीय कारण र सृष्टिको रक्षा गर्ने व्यक्तित्व (कारक) हुनुहुन्छ ।
- करूबहरू शक्तिशाली स्वर्गदूतहरू हुन् जोहरू मानिस पापमा पतन भएपछि अदनको बगैंचाको हेरचाह, सुरक्षा गर्न त्यसको प्रवेश द्वारमा राखिएका थिए । तिनीहरू निरन्तर परमेश्वरको सिंहानको अघि रहने प्राणीको रूपमा पनि देखिन्छन्, इजकिएल १०:५, १२ र २०
- यशैया ६:२, सराफहरूलाई परमेश्वरका पुत्र बस्नुहुने सिंहासनको मास्तिर रहने प्राणीहरूको रूपमा वर्णन गरिएको छ । तिनीहरू बारम्बार यसो भन्छन्, "सर्वशक्तिमान् परमप्रभु पवित्र, पवित्र, पवित्र हुनुहुन्छ, सारा पृथ्वी उहाँको महिमाले भरिपूर्ण छ ।"

**शिक्षक साहायता**

शिक्षकको निर्देशनको लागि पाठलाई पाँचवटा मुख्य भागहरूमा विभाजन गरिएको छ । शिक्षण प्रक्रियाको प्रत्येक भागहरू महत्वपूर्ण छन् र प्रभावकारी रूपमा शिक्षा दिनका निम्ति ती पाँचैवटा भाग पालन गर्नु पर्छ । क्रमबद्ध बाइबल शिक्षा बालबालिकाहरूलाई सुसमाचार प्रचार गर्ने र चेला बनाउने एउटा उत्तम तरिका हो । बालबालिकाहरूले बाइबलका कथाहरू जानेपछि बाइबलका परमेश्वरलाई चिन्नेछन् र कसरी उहाँलाई विश्वासद्वारा स्वीकार गर्नुपर्छ भन्ने पनि जान्नेछन् ।

यी पाँचवटा चरणहरू पाठ सिकाउनका लागि महत्वपूर्ण भागहरू हुन् । पाठ पढाउनुभन्दा अघि तयारी गर्नु अति नै आवश्यक हुन्छ अनि कक्षा हुने दिनसम्म पनि यो गरिनुपर्छ । जब कक्षाको समय शुरू हुन्छ पाठको परिचय कुनै यस्तो धारणा वा तरिकाद्वारा प्रस्तुत गर्नुहोस्, जसले विद्यार्थीहरूलाई सिक्ने प्रक्रियामा सहभागी हुन उत्साह प्रदान गरोस् । कथाको शिक्षा विभिन्न प्रकारले: मुखले भनेर, गाएर, बाइबलका पदहरू कण्ठ गरेर अनि विभिन्न कार्यहरू गरेर दिन सकिन्छ । यो पाठ र यो भन्दा पहिलेको पाठहरू अवश्य दोहोऱ्याएर हेर्नुहोस् । यो पाठ पढाई सकेपछि अन्त्यमा सायद सबैभन्दा महत्वपूर्ण कुरा तपाईंको कक्षालाई अपनाउनपर्ने वा लागू गर्नुपर्ने केहि कुराहरू दिनुहोस् ताकि जसले उनीहरूलाई जीवन जीउन मद्दत गरोस् ।

शिक्षक साहयता

## २) पाठ शुरू गर्नुहोस्

स्वर्गदूतहरूले के गर्छन् त्यसको कल्पना गर्नु चाहिँ गाह्रो छ । तपाईंका कक्षाका विद्यार्थीहरूलाई एउटा सानो भकुण्डो (बल) दिएर गोलो घेरामा बसाउनुहोस् । बालबालिकालाई त्यो भकुण्डो (बल) बिस्तारै आपसमा गुडाउन लगाउनुहोस् । जब कुनै एउटा बालकले भकुण्डो (बल) पक्रन्छ, त्यस बालकलाई त्यो एउटा कुरा भन्न लगाउनुहोस् जुन काम स्वर्गदूतहरूले गर्छन् भनी उनीहरूले सोच्छन् । यस बेला तिनीहरूले गलत उत्तर दिए तापनि तिनीहरूलाई सच्याउने कोसिस नगर्नुहोस् । सहभागी हुन चाहाने प्रत्येक बालबालिकालाई स्वर्गदूतहरूले के गर्छन् भनी सोच्छन् सो भन्न दिनुहोस् ।

शिक्षकले यो कुरामा ध्यान दिनुपर्छ, कि बालबालिकाहरूले त्यो भकुण्डो (बल) एक अर्कामा फ्याँक्नुहुँदैन। यस खेलको मुख्य उद्देश्य बालबालिकाहरूलाई स्वर्गदूतहरू र तिनीहरूले के गर्छन् भन्ने विषयमा सोच्न लगाउनु हो ।

## ३) पाठ सिकाउनुहोस्

परमेश्वरले हजारौं स्वर्गदूतहरू सृष्टि गर्नुभयो । के तपाईंहरूलाई तिनीहरूमध्ये कसैको नाउँ थाहा छ (माईकल, गब्रिएल, लुसिफर, सराफ, करूब, प्रधान स्वर्गदूत)

सोध्नुहोस, "तपाईंहरूको विचारमा स्वर्गदूतहरूले प्रायः समय के गर्छन् होला भन्नुहोस, आजको कथामा हामी स्वर्गदूतहरू को हुन् र तिनीहरूले के गर्छन् सो पत्ता लगाउनेछौं ।

**बाइबलमा तल दिइएका पदहरूले स्वर्गदूतहरूको बारेमा बताइएको पाइन्छः**

- प्रस्थान १४:१९ - स्वर्गदूत इस्राएलीहरूको अगिअगि गएको
- दानिएल १०:१३,२१ - स्वर्गदूतहरूले इस्राएलमाथि नजर राखेको ।
- लूका १:१९,२६ -गब्रिएलले असल समाचार घोषणा गरको ।
- प्रेरित १०:३ - एउटा स्वर्गदूतलाई कर्नेलियसकहाँ पठाइयो ।
- हिब्रू १:१३,१४ - स्वर्गदूतहरू सेवा गर्ने आत्माहरूको रूपमा प्रकट छन् ।
- प्रकाश ६:३-७ - स्वर्गदूतहरूले यूहन्नाको ध्यान केन्द्रित गरेको ।

### कथा भन्नुहोस्

कुनै पनि थोक हुनुभन्दा अघि परमेश्वर हुनुहुन्थ्यो । जुन नाउँले परमेश्वरको वर्णन गर्छ, त्यो नाउँ शक्ति हो । हामी जान्दछौं कि परमेश्वर शक्ति हुनुहुन्थ्यो र हुनुहुन्छ । उहाँले आफू शक्तिशाली देखिनका निम्ति केहि कुरा सृष्टि गर्नुभएन । तर उहाँले आकाश र पृथ्वी र तिनमा भएका सबैथोक सृष्टि गर्ने निर्णय गर्नुभयो । परमेश्वरले आकाश र पृथ्वी सृष्टि गर्नुभन्दा अघि उहाँले स्वर्गदूतहरू सृष्टि गर्नुत्र भयो ।

उहाँले थोरै स्वर्गदूतहरू सृष्टि गर्नुभएन । उहाँले धेरै...लाखौं, करोडौं स्वर्गदूतहरू सृष्टि गर्नुभयो । परमेश्वरले सृष्टि गर्नुभएका स्वर्गदूतहरू अति बुद्धिमान् थिए र तिनीहरूले धेरैवटा असाधारण कार्यहरू गर्न सक्दथे । तर तिनीहरू परमेश्वर समान चाहिँ थिएनन् र होइनन् । तिनीहरूले परमेश्वरले जस्तो सबै कुरा जान्दैनथे र जान्दैनन्, तापनि तिनीहरू धेरै कुरा जान्दथे । तिनीहरू शक्तिशाली थिए, तर पनि परमेश्वर जत्तिकै शक्तिशाली भने होइनन् ।

ती स्वर्गदूतहरूले परमेश्वरको आराधना र भक्ति गर्दथे । धेरैजना स्वर्गदूतहरूले परमेश्वरको सिंहासन वरिपरि खडा भएर यसो भन्थे र भन्छन्, "सर्वशक्तिमान् परमप्रभु पवित्र, पवित्र, पवित्र हुनुहुन्छ, सारा पृथ्वी उहाँको महिमाले भरिपूर्ण छ ।"

स्वर्गदुतहरूले परमेश्वरको सेवा पनि गर्छन् । यदि परमेश्वरको केहि काम छ भने, जस्तै : अब्राहामलाई (वा जो कोहिलाई) सन्देश दिनु छ भने स्वर्गदुतले त्यो काम गर्दथे ।

स्वर्गदुतहरूसँग छनौट गर्ने क्षमता पनि थियो । उनीहरूले आराधना गर्ने वा नगर्ने कुरा छनौट गर्न सक्दथे ।

## स्तुति-प्रशंसा आराधना

स्तुति-प्रशंसा र आराधना गर्ने तरिकाहरू संसारभरि फरक-फरक रहेको पाईन्छन् । यो पाठ्यक्रमको उद्देश्य भनेको विषयवस्तुसँग मिल्दो जुल्दो भजनहरू छान्नु उत्तम हुन्छ भनि सुझाव दिनु हो । स्तुति-प्रशंसा र आराधना सम्बन्धी भजनहरू प्रायः यूट्यूबमा पनि राखिएका हुन्छन् । तापनि शिक्षकले आफ्नो स्वतन्त्र इच्छा अनुसार त्यस्तै पाठसँग मिल्दो जुल्दो भजनहरू छान्न सक्नुहुन्छ ।

यस पाठका निम्ति "हेरन हेर सृष्टिको सुन्दरता (भजन नं. ५०२)" बोलको भजन गाउने सल्लाह दिईन्छ ।

## बाइबलीय क्रियाकलाप

प्रशंसाको बाल्टिन । (परमेश्वरको प्रशंसा, आराधना गर्ने तरिका) स्वर्गदूतहरूले गर्ने एउटा मुख्य काम भनेको नै परमेश्वरको आराधना गर्नु थियो, भजनसंग्रह १४८ अध्याय हेर्नुहोस् । बीचमा बाल्टिन राखेर तपाईंका बिद्यार्थीहरूलाई गोलो घेरामा बस्न लगाउनुहोस् । उनीहरूलाई सिक्काहरू अथवा अन्य सिक्का जस्तै वस्तुहरू बाँड्नुहोस् । प्रत्येकलाई परमेश्वरको स्तुति-प्रशंसा गर्न लगाउनुहोस् । उनीहरूले परमेश्वरको प्रशंसा गर्दै गर्दा आ-आफ्नो सिक्काहरू अथवा जे उनीहरूलाई दिईएको छ त्यो बाल्टिनभित्र फ्याँक्न लगाउनुहोस् । यसरी उनीहरूले परमेश्वरको स्तुति-प्रशंसा गर्ने तरिका सिक्नेछन् अनि उनीहरूले परमेश्वरको प्रशंसा गर्ने विभिन्न कुराहरूको बारेमा सोच्नेछन् ।

उनीहरूका कुराहरू समाप्त नहुन्जेल तिनीहरूलाई परमेश्वरको प्रशंसा गर्न लगाउनुहोस् । उनीहरूले निम्न कुराहरूका निम्ति परमेश्वरको प्रशंसा गर्न र धन्यवाद दिन सक्छन् (परिवार, मण्डली, मित्रहरू, स्वर्गदूतहरू, येशू खीष्ट, मुक्ति, आशिषहरू, उत्तर पाएका प्रार्थनाहरू, बाइबल, कुनै शिक्षक, स्वर्ग) ईत्यादि ।

## कण्ठ गर्नुपर्ने पद

**कलस्सी १:१६ (टि.बी.एस) -** किनभने स्वर्गमा भएका र पृथ्वीमा भएका सबैकुराहरू देखिने र नदेखिने कुराहरू, चाहे सिंहासनहरू, चाहे प्रभुत्वहरू, चाहे प्रधानताहरू, चाहे अधिकारीहरू, सबै उहाँद्वारा र उहाँकै निम्ति सृजिएका थिए; सबै कुराहरू उहाँद्वारा र उहाँ कै निम्ति सृष्टि गरिएका हुन् ।

**शिक्षक साहयता**

**बाइबलीय क्रियाकलापः प्रशंसाको बाल्टिन**

प्रशंसाको बाल्टिन । स्वर्गदूतहरूले के गर्छन् सो कुरा बालबालिकाहरूले सिक्न सकुन भन्ने उद्देश्यले यो क्रियाकलाप तयार गरिएको हो । त्यही बाल्टिनलाई सेवा गर्न वा सही कार्य गर्ने निर्णय गर्नका निम्ति पनि प्रयोग गर्न सकिन्छ, जुन कार्य स्वर्गदूतहरूले पनि गरेका थिए ।

**पद कण्ठ गर्ने क्रियाकलाप : टेलिफोनको खेल**

टेलिफोन खेलको प्रयोग गरेर यो पद कण्ठ गर्नुहोस् । तपाईंको कक्षालाई सिधा लाईनमा उभिन लगाउनुहोस् । अनि लाइनमा उभिएको पहिलो व्यक्तिलाई त्यो पदको पहिलो वाक्यांश सुस्तरी कानमा भन्नुहोस्, त्यो वाक्यांश अर्को व्यक्ति-लाई त्यसरी नै कानमा भन्न लगाउनुहोस् । सबैले त्यो पहिलो वाक्यांश भनि नसकुन्जेल त्यसो गरि नै रहनुहोस् । यसरी नै दोस्रो वाक्यांश, तेस्रो वाक्यांश गर्दै तिनीहरूले उक्त पद कण्ठ नगरून्जेल सम्म यो क्रियाकलाप दोहोऱ्याई राख्नुहोस् ।

## ४) पाठको समीक्षा गर्नुहोस्

**प्रश्नहरू :**

१. परमेश्वरले कतिजना स्वर्गदूतहरू सृष्टि गर्नुभयो ? (करोडौं)

२. स्वर्गदूतहरू के गर्छन ? (परमेश्वरको सेवा र आराधना)

३. के स्वर्गदूतहरू सही वा गलत गर्ने निर्णय र छनौट गर्न सक्छन् ? (हो, तिनीहरूले सक्छन्)

४. स्वर्गदूतहरू कहिले सृष्टि गरिएका थिए ? (पृथ्वीको जग बसालिनुभन्दा अघि)

५. "परमेश्वर धेरै शक्तिशाली हुनुहुन्छ, भन्ने गएको हप्ताको हाम्रो पाठको विषय थियो ।" त्यस पाठबाट याद राख्नुपर्ने कथाको मूख्य सार वा कुरा के हो ? (परमेश्वरले स्वर्गदूतहरू बनाउनुभयो)

समीक्षा प्रश्नहरूले पाठको मूख्य विचारहरूमा ध्यान केन्द्रित गराउँदछ । सम्भव भए सम्म बाल-बालिकाहरूलाई उत्तर दिन लगाउनुहोस् तपाईंले उत्तर नदिनुहोस् ।

## ५) पाठ लागु गर्नुहोस्

तपाईंको कक्षालाई भजन १४८ अध्याय पढेर सुनाउनुहोस् । उनीहरूलाई भन्नुहोस, स्वर्गदूतहरू परमप्रभुको नाउँको प्रशंसा गर्न सृष्टि गरिएका थिए । "हामीले परमेश्वरको सेवा गर्न सक्ने अरू कुराहरू के-के हुनसक्छन् भनि उनीहरूलाई सोध्नुहोस्, र उनी-हरूले दिएको प्रशंसा गर्ने कुराहरूको सूची बनाउनुहोस् र उनीहरूलाई परमेश्वरको प्रशंसा गर्ने उत्साह दिनुहोस् ।

कहिले काहिँ पाठ लागू गर्ने भाग सबै भन्दा गाह्रो हुन्छ । बालबालिकाहरूलाई सधैं कथा सुनीसकेपछि यसको परिणामको लागि केहि सिक्ने कुरा वा केहि गर्ने काम दिनुपर्दछ ।

**कथाको मूख्य सार : परमेश्वरले नै स्वर्गदूतहरूको पनि सृष्टि गर्नुभयो ।**

# रोचक घटना नं ३

## उत्पत्ति १:१–२५

**कथाको मूख्य सारः परमेश्वरले सबैथोकको सृष्टि गर्नुभयो ।**

शिक्षक साहायता

### १) पाठको अध्ययन गर्नुहोस् (कक्षामा जानु अघि)

- बाइबलले क्रमविकासवादको विषयमा चर्चा गर्दैन । बरु संसार परमेश्वरद्वारा सृष्टि गरिएको हो, भन्दै बाइबल शुरू हुन्छ । बाइबलको दृष्टिकोण सृष्टिकर्ताद्वारा शुरू हुन्छ, सृष्टिद्वारा होइन ।
- परमेश्वर सृष्टिकर्ता हुनुहुन्छ, र सारा संसारहरू उहाँको सृष्टि हो, यसकारण यो उहाँको नियन्त्रणमा छ । परमेश्वर सबैथोक हुनुभन्दा पहिलेदेखि नै हुनुहुन्थ्यो, यसकारण कुनै पनि थोक उहाँसँग बराबरी हुन सक्दैन । अरू कुनै ईश्वर वा परमेश्वर हुन सक्दैन, किनभने उहाँ कुनै पनि व्यक्ति वा थोकभन्दा पहिलेदेखि नै हुनुहुन्थ्यो ।
- जब परमेश्वरले संसार सृष्टि गर्नुभयो, उहाँले "शून्यताबाट" सृष्टि गर्नुभयो । यहाँ प्रयोग गरिएको क्रिया शब्द "सृष्टि गर्नुभयो" सारा बाइबलभरि नै प्रयोग गरिएको छ । तापनि, जहाँ परमेश्वर कर्ता हुनुहुन्छ त्यहाँ मात्र यसको प्रयोग गरिएको छ ।
- उत्पत्ति १ अध्यायले गरेको परमेश्वरको वर्णनले उहाँ छुटकारा दिनुहुने परमेश्वर हुनुहुन्छ भन्ने कुरा प्रकट गर्छ । परमेश्वरको योजना उहाँसँग मानिसको महत्वपूर्ण, अर्थपूर्ण सम्बन्ध होस् भन्ने थियो । छुटकारा दिने परमेश्वरको विषयमा मानिस जातीले बाहेक सृष्टिको अरू कुनै पनि थोकले गर्व गर्न सक्दैन, ।
- "पृथ्वी आकार विनाको र शून्य थियो" (उत्पत्ति १:२) भन्ने बाइबल पदले बाँकी सृष्टिको निम्ति ठाउँ प्रदान गरेको पाईन्छ । सृष्टिको दोस्रो र तेस्रो दिन परमेश्वरले पृथ्वीलाई आकार दिनुभयो । सृष्टिको तेस्रो, चौथो र पाँचौं दिन परमेश्वरले पृथ्वीलाई भर्नुभयो ।
- उत्पत्ति १ अध्यायको महत्वलाई अर्थपूर्ण आलङ्कारिक शब्दको बारम्बार प्रयोगद्वारा जोड दिइएको पाईन्छ, जुन कुरा यो शब्दको बारम्बार प्रयोगद्वारा देखिन्छ । उत्पत्ति १ अध्यायमा "र" शब्द गन्ती गर्नुहोस् त्यहाँ यो शब्द धेरै पटक प्रयोग गरिएको पाईन्छ । यो शब्दको प्रयोगले हाम्रो अध्ययनको गति कम गर्न, सोच्न अनि एकसाथ जोडिएको प्रत्येक वाक्यांश वा शब्दमा हाम्रो ध्यान आकर्षण गर्नलाई प्रयोग गरिएको हो ।
- सृष्टिको अन्त्यमा परमेश्वरले मानिसलाई विश्वासै गर्न नसकिने आशिष् र मौका दिनुभयो, जुन मानिसलाई उहाँले आफ्नै स्वरूप र प्रतिरूपमा बनाउनुभयो । अरू कुनै पनि प्राणी वा सृष्टि गरिएको कुनै पनि थोकलाई यो आशिष्को मौका दिइएन ।

शिक्षकको निर्देशनको लागि पाठलाई पाँचवटा मुख्य भागहरूमा विभाजन गरिएको छ । शिक्षण प्रक्रियाको प्रत्येक भागहरू महत्वपूर्ण छन् र प्रभावकारी रूपमा शिक्षा दिनका निम्ति ती पाँचैवटा भाग पालन गर्नु पर्छ । क्रमबद्ध बाइबल शिक्षा बालबालिकाहरूलाई सुसमाचार प्रचार गर्ने र चेला बनाउने एउटा उत्तम तरिका हो । बालबालिकाहरूले बाइबलका कथाहरू जानेपछि बाइबलका परमेश्वरलाई चिन्नेछन् र कसरी उहाँलाई विश्वासद्वारा स्वीकार गर्नुपर्छ भन्ने पनि जान्नेछन् ।

यी पाँचवटा चरणहरू पाठ सिकाउनका लागि महत्वपूर्ण भागहरू हुन् । पाठ पढाउनुभन्दा अघि तयारी गर्नु अति नै आवश्यक हुन्छ अनि कक्षा हुने दिनसम्म पनि यो गरिनुपर्छ । जब कक्षाको समय शुरू हुन्छ पाठको परिचय कुनै यस्तो धारणा वा तरिकाद्वारा प्रस्तुत गर्नुहोस्, जसले विद्यार्थीहरूलाई सिक्ने प्रक्रियामा सहभागी हुन उत्साह प्रदान गरोस् । कथाको शिक्षा विभिन्न प्रकारले: मुखले भनेर, गाएर, बाइबलका पदहरू कण्ठ गरेर अनि विभिन्न कार्यहरू गरेर दिन सकिन्छ । यो पाठ र यो भन्दा पहिलेको पाठहरू अवश्य दोहोऱ्याएर हेर्नुहोस् । यो पाठ पढाई सकेपछि अन्त्यमा सायद सबैभन्दा महत्वपूर्ण कुरा तपाईंको कक्षालाई अपनाउनपर्ने वा लागू गर्नुपर्ने केहि कुराहरू दिनुहोस् ताकि जसले उनीहरूलाई जीवन जीउन मद्दत गरोस् ।

## २) पाठ शुरू गर्नुहोस्

सोध्नुहोस्, **"हामीले गएको पाठबाट सिकेका मुख्य कुराहरू के-के थियो ?"**(परमेश्वरले स्वर्गदूतहरू सृष्टि गर्नुभयो) । **"त्यो भन्दा पनि पहिलेको हप्ताको विषयवस्तु के थियो ?"** (परमेश्वर धेरै शक्तिशाली हुनुहुन्छ)

बालबालिकाहरूले ती दुईवटा पाठहरूबाट के-के याद गरेका छन् त्यो भन्न लगाउनुहोस् ।

## ३) पाठ सिकाउनुहोस्

वचनद्धारा संसारलाई अस्तित्वमा ल्याउने परमेश्वरको शक्ति अविश्वसनीय भएको लाग्न सक्छ । यस विषयमा बालबालिकाहरूसँग छलफल गर्नुहोस्: परमेश्वरले बोलेर मात्र सबैथोकलाई अस्तित्वमा ल्याउनुभयो, उहाँ अति बलियो र धेरै शक्तिशाली हुनुहुन्छ । विद्यार्थीहरूलाई सोध्नुहोस् **"के तपाईंहरूले कुनै बेला केहि थोक (कुनै चिजको प्रयोग नगरीकनै) बनाउनुभएको छ के तपाईंहरूले शून्यताबाट (कुनै चिजको प्रयोग नगरीकनै) केहि थोक बनाउनुभएको छ ?"**

## कथा भन्नुहोस्

आकाश र पृथ्वीको शुरूवात यस्तो प्रकारले भएको थियो । पृथ्वी बनाइएको थियो, तर त्यसको ठीक आकार थिएन, अनि पृथ्वीमा जीवित प्राणीहरू केहि पनि थिएनन् । त्यो एउटा ठूलो रित्तो पोखरी जस्तो थियो र त्यो अन्धकार थियो । परमेश्वरका आत्मा पानीको सतहमाथि घुम्नुहुन्थ्यो र उहाँले यो देख्नुभयो ।

त्यहाँ अन्धकार थियो यसैले परमेश्वर बोल्नुभयो र "त्यहाँ उज्यालो होस्" भन्नुभयो । अनुमान गर्नुहोस् त त्यहाँ कस्तो भयो होला ? तुरुन्तै त्यहाँ उज्यालो भयो । त्यो हुनको लागि केहि समय अथवा वर्ष लागेन किनभने त्यो एउटा प्रक्रिया अथवा क्रमविकास थिएन । शून्यताबाट परमेश्वरले पृथ्वीका निम्ति उज्यालो बनाउनुभयो र अब अन्धकार रहेन । अनि परमेश्वरले उज्यालो र अन्धकारलाई अलग पार्नुभयो र उज्यालोलाई परमेश्वरले दिन भन्नुभयो, अन्धकारलाई उहाँले रात भन्नुभयो । सृष्टिको पहिलो दिन यस्तो थियो ।

सृष्टिको दोस्रो दिन अति नै अद्भुत थियो । पृथ्वीमा प्रशस्त पानी थियो र जसलाई परमेश्वरले आकाश बनाउनुभयो । त्यसकारण पृथ्वीभन्दा माथि पनि पानी थियो र पृथ्वीमा पनि पानी थियो । पृथ्वी माथिको पानी हाम्रो वायुमण्डल हो र जसले गर्दा नै पृथ्वीलाई अन्य ग्रहहरू भन्दा फरक बनाउँदछ । अरू ग्रहहरूमा पृथ्वीको जस्तै आवरण हुँदैन जसरी पृथ्वी रहेको छ । अहिले हाम्रो अस्तित्वको लागि यो वातावरण अत्यन्त महत्वपूर्ण भएको पाईन्छ । त्यसरी नै, सृष्टिको दुई दिनहरूमा, परमेश्वरले आकाशलाई "स्वर्ग" भन्ने नाम दिनुभयो र त्यसै गरी दुई दिन पछि, परमेश्वरले

**शिक्षक साहयता**

गएको हप्ताहरूका दुईवटा पाठहरूको समीक्षा गर्नुहोस् । तपाईंको कक्षालाई सोध्न सकिने सम्भावित प्रश्नहरू निम्न प्रकारका हुन सक्छन् ।

- परमेश्वर सधैँ अस्तित्वमा हुनुहुन्छ भन्ने मात्र होइन, तर उहाँ धेरै शक्तिशाली पनि हुनुहुन्छ । यदि तपाईंहरू परमेश्वरको शक्तिमा आनन्द मनाउनुहुन्छ भने, कसरी मनाउनुहुन्छ ?
- परमेश्वरले कति जना स्वर्गदूतहरू सृष्टि गर्नुभयो ? (लाखौं)
- स्वर्गदूतहरूले के गर्छन् ? (परमेश्वरको सेवा र आराधना)
- के स्वर्गदूतहरू सही र गलत कुरा छान्न सक्छन् ? (हो, तिनीहरूले सक्छन्)
- स्वर्गदूतहरू कहिले सृष्टि गरिएका थिए ? (पृथ्वीको जग बसाल्नुभन्दा अगाडी नै)

पहिलो दिन :
उत्पत्ति १:३-५ सम्ममा परमेश्वरले दिन र रातलाई नाम दिनुभयो ।

दोस्रो दिन :
उत्पत्ति १:६-८ सम्ममा परमेश्वरले आकाशलाई नाम दिनुभयो ।

तीनवटा चीजहरूको नाम राख्नुभयो: दिन, रात, र आकाश। तर, सृष्टिको कथा अझ राम्रो हुँदै गएको हामी पाँउछौ ।

शिक्षक साहयता

सृष्टिको तेस्रो दिनमा, परमेश्वरले पृथ्वीमा भूमि अथवा जमिनको सृष्टि गर्नुभयो र उहाँले आकाशमूनिका सबै पानीहरू एक ठाउँमा जम्मा गर्नुभयो र त्यसलाई समुद्र भन्नुभयो र सुख्खा जमिनलाई पृथ्वी, साथै सुख्खा जमिनले सबै प्रकारका बीउ हुने बिरूवाहरू उमारोस् भन्नुभयो । अब त्यहाँ दिन र रात वा उज्यालो र अँध्यारो थियो। त्यहाँ पृथ्वीको माथि वायुमण्डल नि थियो र त्यहाँ सुख्खा भूमि साथै समुद्रहरू पनि थिए। जमिनमा सबै प्रकारका बोटबिरुवाहरू थिए। यो वास्तवमै सुन्दर थियो र परमेश्वरले देख्नुभयो, त्यो असल थियो ।

तेस्रो दिन :
उत्पत्ति १:९-१३ परमेश्वरले समुद्र र भूमिलाई नाम दिनुभयो ।

सृष्टिको चौथो दिनमा, संसारहरूको लागि परमेश्वरले धेरै ज्योतिहरू बनाउनुभयो। उहाँले विशेष गरी दुईवटा ठूला ज्योतिहरू बनाउनुभयो। सूर्य दिनमा पृथ्वीमाथि ज्योति दिने मूख्य स्रोत र चन्द्रमा रातमा पृथ्वीलाई ज्योति दिने मूख्य स्रोत बनाउनुभयो। उहाँले सबै ताराहरू पनि बनाउनुभयो। त्यसकारण, जब तपाईंले सूर्य, चन्द्रमा र ताराहरू देख्नुहुन्छ, तब तपाईंले याद गर्न सक्नुहुन्छ कि परमेश्वरले यी सबै सृष्टिको चौथो दिनमा बनाउनुभएको हो। यसैगरी परमेश्वरले पृथ्वीलाई बिभिन्न ऋतुहरूमा बद्लिने बनाउनुभयो। यी ज्योतिहरूले हामीहरूलाई दिन, हप्ता, महिना, र वर्षहरू जान्न मद्दत गर्दछन्। फेरि, परमेश्वरले यो देख्नुभयो, यो असल थियो ।

चौथो दिन :
उत्पत्ति १:१४-१९ परमेश्वरले सूर्य, चन्द्रमा र ताराहरूलाई नाम दिनुभयो ।

सृष्टिको पाँचौं दिनमा, परमेश्वरले आकाशमा उड्ने सबै पंक्षी, समुद्रका सबै माछाहरू र अन्य पानीमुनि रहने जीवहरू बनाउनुभयो। परमेश्वरले समुद्रका सबै ठूला माछाहरू बनाउनुभयो, जस्तै व्हेल र सबै साना माछाहरू। उहाँले हावामा उड्नलाई रङ्गीचंगी चराहरू र भव्य ठूला चराहरू पनि बनाउनुभयो। उहाँले उनीहरूलाई फल्दै-फुल्दै र बढ्दै जाओ भनेर आशिष् दिनुभयो। चराहरू र माछाहरूको सबै प्रजातिहरू पाँचौं दिनमा परमेश्वरले बनाउनु भएको थियो। परमेश्वरले सबै पंक्षीहरू र माछाहरू शून्यताबाट बनाउनुभएको थियो, तिनीहरू विकसित भएका होइनन् जस्तो कि कोहि व्यक्तिहरूले हामीलाई भन्दछन्।

पाँचौ दिन :
उत्पत्ति १:२०-२३. परमेश्वरले आकाशका पंक्षीहरू र समुद्रका माछाहरू बनाउनुभयो, तर तिनीहरूलाई नाम दिनुभएन ।

सृष्टिको छैटौं दिनमा, परमेश्वरले विभिन्न प्रजातीका जीवजन्तुहरूलाई पृथ्वीमा भरिनलाई सृष्टि गर्नुभयो र मानिसजातिलाई पृथ्वीको हेरचाह गर्नका निम्ति सृष्टि गर्नुभयो। त्यसरी नै, छैटौं दिनमा किराहरू, घस्रने जन्तुहरू, घरपालुवा जनावरहरू र सबै प्रकारका जंगली जनावरहरू भए। त्यहाँ (मानिस) पुरूष र स्त्री पनि थिए। परमेश्वरले मानिसलाई सबै रूखका फलहरू खानलाई दिएको छु भनेर बताउनुभयो। छैठौं दिन परमेश्वरको लागि एकदम विशेष दिन थियो र उहाँले देख्नुभयो त्यो एकदम असल थियो ।

छैटौं दिन :
उत्पत्ति १:२४-३१, २:१८-२० परमेश्वरले पृथ्वीलाई भर्नका निम्ति हरेक किसमिका जनावरहरू सृष्टि गर्नुभयो। परमेश्वरले पृथ्वीको हेरचाह र अधिकार गर्न मनिसलाई आफ्नै स्वरूपमा पुरुष र स्त्री गरी सृष्टि गर्नुभयो ।

अब सातौं दिनमा, परमेश्वरले विश्राम लिनुभयो। उहाँलाई आरामको आवश्यकता पर्दैन थियो। तर, पनि उहाँले एक विशेष दिन छुट्याउनुभयो, जसले गर्दा मानिसहरूले परमेश्वर को हुनुहुन्छ र उहाँले के गर्नुभयो भनी सम्झना गरून् साथै जान्न र बुझ्न सकून् भनेर यो गर्नुभयो। उहाँले हाम्रो लागि उदाहरणको रूपमा विश्राम लिनुभयो।

सातौं दिन :
उत्पत्ति २:१-३. परमेश्वरले विश्राम लिनुभयो ।

## स्तुति-प्रशंसा आराधना

स्तुति-प्रशंसा र आराधना गर्ने तरिकाहरू संसारभरि फरक-फरक रहेको पाईन्छन्। यो पाठ्यक्रमको उद्देश्य भनेको विषयवस्तुसँग मिल्दो जुल्दो भजनहरू छान्नु उत्तम हुन्छ भनि सुझाव दिनु हो । स्तुति-प्रशंसा र आराधना सम्बन्धी भजनहरू प्राय: यूट्यूबमा पनि राखिएका हुन्छन्। तापनि शिक्षकले आफ्नो स्वतन्त्र इच्छा अनुसार त्यस्तै पाठसँग मिल्दो जुल्दो भजनहरू छान्न सक्नुहुन्छ ।

यस पाठका निम्ति "हेरन हेर सृष्टिको सुन्दरता (भजन नं. ५०२)" बोलको भजन गाउने सल्लाह दिईन्छ ।

## बाइबलीय क्रियाकलाप

शिक्षकले एउटा कागजको टुक्रामा वा बोर्डमा (सेतो वा कालो पाटीमा) यी शब्दहरू लेख्नुहोस् पहिलो दिन, दोस्रो दिन, तेस्रो दिन, चौथो दिन, पाँचौ दिन, छैटौं दिन, सातौं दिन, फेरि अर्को एउटा कागजमा सृष्टिमा भएका सबै कुराहरूको नाउँ लेख्नुहोस् (दिन, रात, आकाश, समुद्र, भूमि, सूर्य, चन्द्रमा, ताराहरू, पंक्षीहरू, माछाहरू, जनावरहरू, मानिस र विश्राम) । त्यसपछि बालबालिकाहरूलाई सृष्टिको प्रत्येक दिनमा के-के कुराहरू सृष्टि भएका थिए त्यो मिलाउनु लगाउनुहोस् ।

## कण्ठ गर्नुपर्ने पद

**उत्पत्ति २:२ (टि.बी.एस) -** आफूले गर्नुभएको काम छैटौं दिनमा परमेश्वरले सिद्ध्याउनुभयो र सातौं दिनमा आफूले गर्नुभएका सबै कामबाट विश्राम लिनुभयो ।

**बाइबलीय क्रियाकलाप: शब्दचित्र लेखनहरू**

चित्रहरूले तपाईंका बालबालिकाहरूलाई सृष्टिको प्रत्येक दिन के-के भएको थियो सो ध्यान लाएर सुन्नलाई मद्दत अथवा उत्साहित तुल्याउनेछ।बालबालिकाहरूले यो क्रियाकलापको विषयमा जानिसकेपछि सिक्ने प्रक्रियामा उनीहरूले अझ बढी उत्साहित हुँदै सहभागी हुनेछन् ।

बालबालिकाहरूलाई उत्पत्ति २:२ पद कण्ठ गर्न सहायताको लागि पनि यी चित्रहरूको प्रयोग गर्न सकिन्छ । यो पदको प्रत्येक शब्द अलगअलग कागजमा लेख्नुहोस् ।त्यस पछि २ वा ३ जनाको समूह बनाएर बालबालिकाहरूलाई ती शब्दहरूको क्रम मिलाउन लगाउनुहोस् । प्रत्येक समूहले क्रम मिलाइसके पछि शायद तिनीहरूलाई त्यस पद कण्ठ भईसक्छ ।

## ४) पाठको समीक्षा गर्नुहोस्

बालबालिकाहरूलाई आफ्नै शब्दहरूमा १० वा त्यो भन्दा कम शब्दहरू प्रयोग गरेर पाठलाई सरल बनाउन लगाउनुहोस् । उनीहरूको उत्तर कस्तो हुन सक्छ ? जब बालबालिकाहरूले दश वा त्यो भन्दा कम शब्दहरूमा पाठलाई सरल बनाउनेछन्, सायद उनीहरूले केहि यस्तै उत्तरहरू दिने छन्:

- परमेश्वरले आकाश, पृथ्वी र त्यसमा भएका सबैथोकहरू सृष्टि गर्नुभयो ।
- परमेश्वरले मानिसहरू, जनावरहरू, जमिन, पानी र बतास सबै सृष्टि गर्नुभयो ।
- परमेश्वरले पृथ्वीमा भएका सबै असल थोकहरू सृष्टि गर्नुभयो ।
- परमेश्वर धेरै शक्तिशाली हुनुहुन्छ, उहाँले सबै कुराहरू शून्यताबाट बनाउनुभयो ।
- परमेश्वरले विभिन्न थोकहरूलाई वचनद्वारा अस्तित्वमा ल्याउनुभयो ।
- परमेश्वर साँच्चै महान् परमेश्वर हुनुहुन्छ ।
- बाइबल र क्रमविकासवादको सिद्धान्त दुवै सत्य हुन सक्दैन ।

**पाठ समीक्षा गर्ने क्रियाकलाप: सरल बनाउने**

सरल बनाउने क्रियाकलाप बालबालिकाहरूको लागि उपयोगी खेल हुन सक्छ । बालबालिकाहरूलाई दुई वा तीन जनाको समूह बनाई १-२ मिनेटको समय दिएर यस पाठमा भएका १० वटा महत्वपूर्ण शब्दहरू पत्ता लगाएर लेख्न लगाउनुहोस् ।

## ५) पाठ लागु गर्नुहोस्

बाइबलको आशाको कथाबाट आठवटा महत्वपूर्ण सत्यताहरू स्पष्ट देख्न सकिन्छ। परमेश्वरको विषयमा लेखिएको यस कथाबाट हामी परमेश्वर नै सबैथोकका सृष्टिकर्ता सर्वशक्तिमान् परमेश्वर हुनुहुन्छ भनी जान्न सक्छौँ ।
बालबालिकाहरूलाई केहि सिर्जनात्मक क्रियाकलाप गर्न लगाउनुहोस् । त्यो क्रियाकलाप गर्नका लागि तपाईँसँग भएका सामग्रीहरू उनीहरूलाई दिन सक्नुहुन्छ अथवा उनीहरू आफैले सामग्रीहरू ल्याउन पनि सक्छन् । उनीहरूलाई आफ्नै केहि नयाँ थोक बनाउन लगाउनुहोस्, उनीहरूले बनाएका थोकहरूको नाम पनि राख्न लगाउनुहोस् अनि तिनीहरूले बनाएका थोकहरूको विषयमा कक्षामा वर्णन गर्न लगाउनुहोस् । यस पाठबाट हामी परमेश्वर शक्तिशाली र सृजनशील हुनुहुन्छ भन्ने कुरा सिक्छौँ ।

**कथाको मूख्य सार: परमेश्वरले सबैथोकको सृष्टि गर्नुभयो ।**

# रोचक घटना नं ४

## उत्पत्ति १:२६-३१ र २:७-२५

**कथाको मूख्य सारः पुरुष र स्त्री दुवैलाई परमेश्वरले उहाँका विशेष मित्रहरू हुनका लागि बनाउनुभयो ।**

### १) पाठको अध्ययन गर्नुहोस् (कक्षामा जानु अघि)

- बाइबलले क्रमविकासवादको विषयमा चर्चा गर्दैन । तर संसार परमेश्वरद्वारा सृष्टि गरिएको हो, भन्दै बाइबल शुरू हुन्छ । बाइबलको दृष्टिकोण सृष्टिकर्ताद्वारा शुरू हुन्छ, सृष्टिद्वारा होइन ।
- परमेश्वर सृष्टिकर्ता हुनुहुन्छ, र सारा संसारहरू उहाँको सृष्टि हो, यसकारण यो उहाँको नियन्त्रणमा हुनुपर्छ । परमेश्वर सबैथोक हुनुभन्दा पहिलेदेखि नै हुनुहुन्थ्यो, यसकारण कुनै पनि थोक उहाँसँग बराबरी हुन सक्दैन । अरू कुनै ईश्वर वा परमेश्वर हुन सक्दैन, किनभने उहाँ कुनै पनि व्यक्ति वा थोकभन्दा पहिलेदेखि नै हुनुहुन्थ्यो ।
- जब परमेश्वरले संसार सृष्टि गर्नुभयो, उहाँले "शून्यताबाट" सृष्टि गर्नुभयो । यहाँ प्रयोग गरिएको क्रिया शब्द "सृष्टि गर्नुभयो" सारा बाइबलभरि नै प्रयोग गरिएको छ । तापनि, जहाँ परमेश्वर कर्ता हुनुहुन्छ त्यहाँ मात्र यसको प्रयोग गरिएको छ ।
- उत्पत्ति १ अध्यायले गरेको परमेश्वरको वर्णनले उहाँ छुटकारा दिनुहुने परमेश्वर हुनुहुन्छ भन्ने कुरा प्रकट गर्छ । परमेश्वरको योजना उहाँसँग मानिसको महत्वपूर्ण, अर्थपूर्ण सम्बन्ध होस् भन्ने थियो । छुटकारा दिने परमेश्वरको विषयमा मानिसजातिले बाहेक सृष्टिको अरू कुनै पनि थोकले गर्व गर्न सक्दैन ।
- "पृथ्वी आकार विनाको र शून्य थियो" (उत्पत्ति १:२) भन्ने भनाइले बाँकी सृष्टिको निम्ति ठाउँ प्रदान गरेको पाईन्छ । सृष्टिको दोस्रो र तेस्रो दिन परमेश्वरले पृथ्वीलाई आकार दिनुभयो । सृष्टिको तेस्रो, चौथो र पाँचौं दिन परमेश्वरले पृथ्वीलाई भर्नुभयो ।
- "उत्पत्ति १ अध्यायको महत्वलाई अर्थपूर्ण आलंकारिक शब्दको बारम्बार प्रयोगद्वारा जोड दिइएको पाईन्छ, जुन कुरा यो शब्दको बारम्बार प्रयोगद्वारा देखिन्छ । उत्पत्ति १ अध्यायमा "र" शब्द गन्ती गर्नुहोस् त्यहाँ यो शब्द धेरै पटक प्रयोग गरिएको पाईन्छ । यो शब्दको प्रयोगले हाम्रो अध्ययनको गति कम गर्न, सोच्न अनि एकसाथ जोडिएको प्रत्येक वाक्यांश वा शब्दमा हाम्रो ध्यान आकर्षण गर्नलाई प्रयोग गरिएको हो ।"
- सृष्टिको अन्त्यमा परमेश्वरले मानिसलाई विश्वासै गर्न नसकिने आशिष् र मौका दिनुभयो, जुन मानिसलाई उहाँले आफ्नै स्वरूपमा बनाउनुभयो । अरू कुनै पनि प्राणी वा सृष्टि गरिएको कुनै पनि थोकलाई यो आशिष् दिइएन् ।

**शिक्षक साहायता**

शिक्षकको निर्देशनको लागि पाठलाई पाँचवटा मुख्य भागहरूमा विभाजन गरिएको छ । शिक्षण प्रक्रियाको प्रत्येक भागहरू महत्वपूर्ण छन् र प्रभावकारी रूपमा शिक्षा दिनका निम्ति ती पाँचैवटा भाग पालन गर्नु पर्छ । क्रमबद्ध बाइबल शिक्षा बालबालिकाहरूलाई सुसमाचार प्रचार गर्ने र चेला बनाउने एउटा उत्तम तरिका हो । बालबालिकाहरूले बाइबलका कथाहरू जानेपछि बाइबलका परमेश्वरलाई चिन्नेछन् र कसरी उहाँलाई विश्वासद्वारा स्वीकार गर्नुपर्छ भन्ने पनि जान्नेछन् ।

यी पाँचवटा चरणहरू पाठ सिकाउनका लागि महत्वपूर्ण भागहरू हुन् । पाठ पढाउनुभन्दा अघि तयारी गर्नु अति नै आवश्यक हुन्छ अनि कक्षा हुने दिनसम्म पनि यो गरिनुपर्छ । जब कक्षाको समय शुरू हुन्छ पाठको परिचय कुनै यस्तो धारणा वा तरिकाद्वारा प्रस्तुत गर्नुहोस्, जसले विद्यार्थीहरूलाई सिक्ने प्रक्रियामा सहभागी हुन उत्साह प्रदान गरोस् । कथाको शिक्षा विभिन्न प्रकारले: मुखले भनेर, गाएर, बाइबलका पदहरू कण्ठ गरेर अनि विभिन्न कार्यहरू गरेर दिन सकिन्छ । यो पाठ र यो भन्दा पहिलेको पाठहरू अवश्य दोहोऱ्याएर हेर्नुहोस् । यो पाठ पढाई सकेपछि अन्त्यमा सायद सबैभन्दा महत्वपूर्ण कुरा तपाईंको कक्षालाई अपनाउनपर्ने वा लागू गर्नुपर्ने केहि कुराहरू दिनुहोस् ताकि जसले उनीहरूलाई जीवन जीउन मद्दत गरोस् ।

©प्रतिलिपी अधिकार २०१७ जिम कुक

## २) पाठ शुरू गर्नुहोस्

तपाईंको कक्षालाई भन्नुहोस् कि, उनीहरूले बाइबलबाट एउटा सत्य र महान् कथा सिकिरहेका छन् । बाइबलमा यस्तै धेरैवटा सत्य कथाहरू छन् र ती सबै कथाहरू बाइबलको एउटा मूख्य विषयवस्तु अथवा कथासँग जोडिएका छन् । यो आशाको कथा हो । यसैले, तपाईंको कक्षालाई यो कथालाई बुझ्न र सबै पाठहरूलाई एकसाथ मिलाउन सहायता गर्नको लागि विगतका पाठहरूलाई समीक्षा गर्नुहोस् ।

- पहिलो पाठबाट, उत्पत्ति १:१ मा परमेश्वरको नाम के थियो र त्यो नामको अर्थ के हुन्छ (एलोहिम : जसको अर्थ हुन्छ परमेश्वर धेरै शक्तिशाली हुनुहुन्छ ) ।
- दोस्रो पाठबाट, हामीले सिकेका थियौं की, स्वर्गदूतहरूले गर्नुपर्ने केहि कामहरू छन् । ती कामहरू के-के हुन् (परमेश्वरको सेवा र आराधना गर्नु) ।
- तेस्रो पाठबाट, हामीले संसारहरू सृष्टि गरिएको बारेमा सिक्यौं । परमेश्वरले प्रत्येक दिन के-के सृष्टि गर्नुभयो (पहिलो दिन : दिन र रात; दोस्रो दिन : आकाश र वायुमण्डल; तेस्रो दिन : समुद्र र जमिन चौंथो दिन सूर्य, चन्द्रमा र ताराहरू; पाँचौं दिन : आकाशका पंक्षीहरू र समुद्रका माछाहरू; छैटौं दिन : जमिनमा जीवजन्तुहरू र मानिस) ।

समीक्षा गर्नु सिक्नको लागि महत्वपूर्ण भाग हो । धेरैजनाले पहिलेका पाठहरू बिर्सिसकेका हुन्छन् वा उक्त पाठ सिकाउने दिन उनीहरू कक्षामा उपस्थित नभएको हुन सक्छन् ।

## ३) पाठ सिकाउनुहोस्

तपाईंको विद्यार्थीहरूलाई सोध्नुहोस्, **"अहिलेसम्म तपाईंहरू जानुभएको सबैभन्दा सुन्दर ठाउँ कुन हो तपाईंहरूलाई स्वर्गलोक कस्तो छ जस्तो लाग्छ, एक शब्दमा भन्नुहोस् ।"**

आदम र हव्वा बसेको पहिलो ठाउँ साँच्चै नै एउटा सुन्दर ठाउँ थियो । जब हामी उत्पत्ति २:८,९ पदहरू पढछौं, तपाईंको विचारमा कुन कुराले त्यो ठाउँ सुन्दर भएको जस्तो लाग्छ ?

## कथा भन्नुहोस्

सृष्टिको छैटौं दिनमा परमेश्वरले मानिसलाई बनाउनुभयो । जसको नाम आदम थियो । परमेश्वरले मानिसलाई भूमिको माटोबाट बनाउनुभयो र तिनको नाकमा जीवनको सास फुकिदिनुभयो । आदम जीवित प्राणी बन्यो, जो उहाँले सृष्टि गर्नुभएका जीवजन्तुहरू, पंक्षीहरू र माछाहरू भन्दा भिन्न थियो । एउटा जीवित प्राणीको रूपमा आदमलाई परमेश्वरसँग विशेष सम्बन्ध राख्नका निम्ति सृष्टि गरिएको थियो । आदमसँग जीवन थियो, परमेश्वरले आदमलाई उहाँ आफैले बनाउनुभएको बगैंचाको बीचमा

राख्नुभयो। त्यो बगैंचाको नाम अदन थियो। बगैंचाको बीचमा एउटा विशेष रूख थियो। जुन रूखको नाम असल र खराबको ज्ञान दिने रूख थियो। जहाँ पहिलोपटक परमेश्वरले आदमलाई केहि गर्ने आज्ञा दिनुभयो। त्यो आज्ञा जीवन र मृत्यु, असल र खराबको विषयमा थियो। त्यस आज्ञामा परमेश्वरको सकारात्मक आशिषहरू थिए। आदमले त्यो बगैंचाको कुनै पनि रूखबाट खान सक्थ्यो। तर परमेश्वरले असल र खराबको ज्ञान दिने रूखको फल चाहिँ नखानु भन्नुभयो। मानिसले बगैंचाका अरू फलहरू नि:संकोच खान सक्थ्यो, तर उसले असल र खराबको ज्ञान दिने रूखको फल खाएको खण्डमा ऊ मर्ने थियो।

त्यस बेला आकाशबाट पानी पर्दैनथ्यो। त्यस बगैंचा र त्यसमा भएका सबै कुरालाई अदृश्य पानीको मुहानहरूबाट सिँचाई गरिएको थियो। आदमले त्यो बगैंचाको हेरचाह गर्नुपर्थ्यो ऊ एउटा किसान जस्तो थियो, जसले बगैंचाका रूखहरू र बोटबिरूवाहरूको देखरेख गर्नुपर्थ्यो। त्यही बगैंचामा चारवटा ठूला नदीहरू पनि थिए, यसकारण शायद त्यो बगैंचा धेरै नै ठूलो थियो। त्यो बगैंचामा, परमेश्वरले आदमलाई सबै पंक्षीहरू र सबै भेडाबाखा, गाई, गोरु अनि वनका सबै जीवजन्तुहरूको" नाम राख्न लगाउनुभयो। तर त्यहाँ आदमले आफ्नो लागि कुनै सुहाउँदो सहयोगी पाएनन्। अनि परमेश्वरले त्यो देख्नुभयो र उहाँले आदमलाई मस्त निद्रामा पार्नुभयो। आदम निदाएको बेलामा परमेश्वरले उनको शरीरबाट एउटा करङ्ग निकाल्नुभयो र आदमका निम्ति एउटा विशेष मित्र बनाइदिनुभयो। निद्राबाट बिउँझिएपछि आदमले परमेश्वरले जे गर्नुभएको थियो त्यो देख्यो, ऊ धेरै प्रसन्न भयो र उसले आफ्नो विशेष मित्रलाई "स्त्री" भनेर बोलायो, किनकि उनी मानिसबाट बनाइएकी थिईन्।

यसैगरी आदमको कुनै आमाबुबा, दाजुभाई, दिदी-बहिनी, अरू कुनै साथीहरू सहयोगीहरू थिएनन्। तर, अब उसले एउटा अति विशेष मित्र पाएको थियो। शायद उसले आफ्नो विशेष मित्र, स्त्रीसँग धेरै कुराकानीहरू गरेको हुनुपर्छ। उसले स्त्रीलाई त्यो बगैंचा र उसको कामको बारेमा बतायो होला। परमेश्वरले तिनीहरूलाई असल र खराबको ज्ञान दिने रूखको फल नखानू भन्नुभएको कुरा पनि शायद उसले स्त्रीलाई बताएको हुनुपर्छ। उनीहरू लजाउँदैन थिए, किनभने उनीहरूमा कुनै दोष र डर थिएन।

मानिस र स्त्री एकअर्कामा असल मित्र थिए र परमेश्वरसँग पनि उनीहरूको विशेष मित्रता थियो। परमेश्वरसँग उनीहरूको मित्रता विशिष्ट थियो किनभने उनीहरू परमेश्वरकै स्वरूपमा सृष्टि गरिएका थिए; उनीहरू परमेश्वरसँग सङ्गतिमा रहन सृष्टि गरिएका थिए। मानिस र स्त्रीको लागि यो एउटा उत्तम शुरूवात थियो।

## स्तुति-प्रशंसा आराधना

स्तुति-प्रशंसा र आराधना गर्ने तरिकाहरू संसारभरि फरक-फरक रहेको पाईन्छन्। यो पाठ्यक्रमको उद्देश्य भनेको विषयवस्तुसँग मिल्दो जुल्दो भजनहरू छान्नु उत्तम हुन्छ भनि सुझाव दिनु हो। स्तुति-प्रशंसा र आराधना सम्बन्धी भजनहरू प्राय: यूट्यूबमा पनि राखिएका हुन्छन्। तापनि शिक्षकले आफ्नो स्वतन्त्र इच्छा अनुसार त्यस्तै पाठसँग मिल्दो जुल्दो भजनहरू छान्न सक्नुहुन्छ।

यस पाठका निम्ति "हेरन हेर सृष्टिको सुन्दरता (भजन नं. ५०२)" बोलको भजन गाउने सल्लाह दिईन्छ।

**शिक्षक साहयता**

भजनसंग्रह
८:६-८ तपाईंले उसलाई तपाईंका हातका कामहरू माथि प्रभुत्व राख्ने तुल्याउनुभयो; तपाईंले सबै कुराहरू उसका पैतालामुनि राखिदिनुभएको छ;
७ सबै भेडाबाखा र गाई-गोरूहरू अनि वनका सबै पशुहरू
८ आकाशका पंक्षीहरू र समुद्रका माछाहरू र समुद्रभित्रै पौडिने सबै जन्तुहरू"।

## बाइबलीय क्रियाकलाप

प्रत्येक बालबालिकाहरूलाई अण्डाको आकार जत्रो मुछेको पिठोको डल्ला दिनुहोस् । त्यसबाट कुनै पनि एउटा पशुको आकृति बनाउन लगाउनुहोस् । यो काम गर्न तिनीहरूलाई ५ देखि ६ मिनेट दिनुहोस् अनि केहि बालबालिकाहरूलाई तिनीहरूले के बनाए त्यसको विषयमा बताउने मौका पनि दिनुहोस् र सोध्नुहोस् "के यो जीवित छ (उनीहरू शायद हाँस्नेछन् र अवश्य पनि भन्नेछन कि "छैन") । सोध्नुहोस् के तपाईंहरूले जिउँदोजस्तै देखिने मूर्ति वा आकृति कहिले देख्नुभएको छ?" (धेरै जनाले भन्न सक्छन् "देखेका छौं") । कुनै-कुनै कलाकारहरू अति प्रतिभाशाली अथवा सिपालु हुन्छन् । तिनीहरूले कुनै व्यक्ति वा पशुको जिँउदो जस्तै देखिने मूर्तिहरू बनाउन सक्छन् । तर परमेश्वरले मात्र जीवनको सृजना अथवा सृष्टि गर्न सक्नुहुन्छ । त्यति मात्र होइन, मानिसहरूले मूर्तिहरू वा चित्रहरू बनाउँदा कुनै सामग्रीहरूको मद्दत लिएर बनाउनुपर्छ । परमेश्वरले आकाश र पृथ्वी सृष्टि गर्नुहुँदा उहाँले यो होई जाओस् भनेर बोल्नु मात्र भयो, र त्यो हुन आयो । उहाँ अति नै महान् र शक्तिशाली हुनुहुन्छ, उहाँको वचनले ठूलाठूला कामहरू गर्न सक्छ । परमेश्वरले आदमलाई सृष्टि गर्नुहुँदा उहाँले भूमिको माटो मात्र प्रयोग गर्नुभयो ।

ज्ञानी भएर यो क्रियाकलाप गर्नुहोस् (बद्मास नगरीकन)

- एक कचौरा चिसो पानी
- एक कचौरा नून
- दुई चम्चा वनस्पति तेल
- दुई कप मैदा वा आँटा
- दुई चम्चा मकैको पिठो
- खानेकुरामा हालिने रङ्ग (स्वइच्छा)

एउटा ठूलो भाँडोमा पानी, नून, तेल र खानेकुरामा हालिने रङ्ग केहि थोपा हालेर मिलाउनुहोस् । त्यसमा आँटा र अन्नको पिठो आधा कपको हिसाबले थप्दैजानुहोस् निरन्तर घोल्नुहोस् (राम्रो डल्ला बनाउन तपाईंलाई दुई कचौरा वा त्योभन्दा अलिक बढि नै आँटा चाहिन सक्छ) । केहि मिनेट त्यो तपाईंको हातले मुछ्नुहोस् ।

## कण्ठ गर्नुपर्ने पद

**उत्पत्ति १:२७ (टि.बी.एस) -** अनि परमेश्वरले मानिसलाई आफ्नै स्वरूपमा सृष्टि गर्नुभयो; उहाँले तिनलाई परमेश्वरको स्वरूपमा सृष्टि गर्नुभयो; उहाँले तिनीहरूलाई नर र नारी नै गरी सृष्टि गर्नुभयो ।

**पद कण्ठ गराउने क्रियाकलाप : शब्दको मिश्रण**

प्रत्येक शब्दलाई एउटा एउटा कागजको टुक्राहरूमा लेखेर ती सबै कागजको टुक्राहरूलाई एकै ठाउँमा मिसाउनुहोस् । त्यसपछि, बालबालिकाहरूलाई ती शब्दहरू खोजेर सही क्रममा मिलाउन लगाउनुहोस् ।

## ४) पाठको समीक्षा गर्नुहोस्

बालबालिकाहरूलाई उनीहरूका हात वा खुट्टा त्यस्तो कुरामा राख्न लगाउनुहोस् जहाँ राख्दा छाप बस्छ, जस्तै बालुवा, माटो आदिमा । बालबालिकाले त्यसमा छाप बनाएपछि तिनीहरूलाई सोध्नुहोस् के कुराले तपाईंहरूको हातको छाप वा खुट्टाको छापलाई विशेष अरूको भन्दा भिन्दै बनाउँछ ।"

अब, परमेश्वरले तिनीहरूमा उहाँको विशेष छाप कसरी छोड्नुभएको छ भनी तिनीहरूलाई सोध्नुहोस् **"परमेश्वरले कसरी उहाँको आफ्नै छाप तपाईंमा छोड्नुभएको छ ?"**

**कथाको मूख्य सार : परमेश्वरले पुरुष र स्त्रीलाई उहाँका विशेष मित्रहरू हुनका निम्ति बनाउनुभयो ।**

## ५) पाठ लागु गर्नुहोस्

परमेश्वरले हामीलाई अरूसँग र उहाँ आफैसँग व्यक्तिगतरूपले, जीवनभर सम्बन्ध वा मित्रता राख्ने क्षमता दिनुभएको छ । त्यसकारण मानिसहरूसँग असीमित व्यक्तिगत मूल्य र महत्व हुन्छ । परमेश्वरले हामीलाई यति धेरै प्रेम गर्नुहुन्छ कि उहाँले हामीलाई विशेष मित्र हुनका निम्ति सृष्टि गर्नुभयो । जसलाई उहाँले अति नै प्रेम गर्नुहुन्छ । के तपाईंलाई परमेश्वरसँग व्यक्तिगत सम्बन्ध राख्न सक्नुहुन्छ भन्ने कुरा थाहा छ ?

बाइबलको यस आशाको कथाबाट आठवटा महत्वपूर्ण कुराहरू स्पष्टरूपमा देख्न सकिन्छ । बाइबलको यो कथाबाट हामीले यो कुरा सिक्छौं कि परमेश्वर व्यक्तिगत परमेश्वर हुनुहुन्छ, जसले हरेक व्यक्तिसँग सम्बन्ध राख्न चाहानुहुन्छ ।

बालबालिकाहरूलाई सोध्नुहोस्,

**"छैटौं दिनमा परमेश्वरले के सृष्टि गर्नुभयो ?"** (जनावरहरू र मानिसहरू)

**"के पशुहरू पनि परमेश्वरका विशेष मित्रहरू हुन् ?"** (होइनन्, पशुहरू परमेश्वरका निम्ति विशेष छन् तर ती उहाँका विशेष मित्रहरू होइनन् ।)

**"किन होइनन् ?"** (किनकि तिनीहरू परमेश्वरको स्वरूपमा सृष्टि गरिएका थिएनन् ।)

**अर्को हप्ता गर्नुपर्ने कार्यः**

बालबालिकाहरूले "रमाइलो कोठा" का निम्ति सिंगार्ने सामग्रीहरू ल्याउनुपर्छ । रमाइलो कोठा त्यो हो जहाँ हामी अर्को हप्ताको पाठमा एउटा महत्वपूर्ण कुरा सिक्नेछौं । बालबालिका-हरूलाई सल्लाह दिनका निम्ति अर्को पाठ हेर्नुहोस् ।

# रोचक घटना नं ५
# उत्पत्ति २:८-१५

**कथाको मूख्य सार : बगैंचामा जीवन पूर्णरूपले सन्तुष्टि अथवा आनन्दमय थियो ।**

## १) पाठको अध्ययन गर्नुहोस् (कक्षामा जानु अघि)

- असल र खराबको ज्ञान दिने रूखको नामाकरणले यो संकेत गर्दछ कि दुष्टता पहिलेदेखि नै अस्तित्वमा थियो ।
- त्यो प्रशस्तताको बगैंचा, नदीहरू र बहुमूल्य पत्थरहरू यी सबै कुराहरूले अदनको बगैंचा सुन्दर थियो भन्ने कुराको संकेत गर्दछ ।
- बगैंचाको बीचमा असल र खराबको ज्ञान दिने रूखको उल्लेखले शायद शैतानको पतन अघिबाटै भएको प्रकट गर्दछ ।
- “असल र खराब” एउटा आवृत्ति हो (दुई विपरीत शब्दहरूको जोडी आलंकारिक शब्द) । असल र खराबले ती कुराहरूलाई बुझाउँछ, जसले जीवन र भलाइ ल्याउँछ, वा मृत्यु र खराबी ल्याउँछ ।
- उत्पत्ति ३:२२, अनुसार हामीले यो जान्न सक्छौं, कि त्यहाँ अर्को रूख थियो, जसको फलमा शरीरलाई सधैंभरि जिउनलाई पोषण दिने शक्ति थियो ।
- त्यहाँ भएको नदीहरूको स्थानको आधारले सम्भवत: बगैंचा मेसोपोटामिया (अश्शूर र बेबिलोन) को नजिकै हुनुपर्छ ।
- प्रकाश २२ मा जीवनको रूख फेरि देखापर्छ र त्यो मानिसहरूले परमेश्वरसँग अनन्त जीवनको आनन्द लिएको एउटा तस्बीर हो ।
- परमेश्वरले आदमलाई अदनको बगैंचामा काम गर्न वा त्यसको हेरचाह गर्न छनौट गर्ने स्वईच्छा दिनुभयो । मानिस बगैंचाको बीचमा थियो र अब उसँग एउटा जिम्मेवारी थियो । उसले गर्ने कामलाई परमेश्वरको निम्ति उसले गर्ने सेवाको रूपमा वर्णन गरिएको थियो ।
- असल रूखहरूको फल खाने अनि असल र खराबको ज्ञान दिने रूखको फल नखाने निर्णय गर्ने चुनौतीको सामना आदमले गर्नुपरेको थियो । हामीले पनि परमेश्वरको आज्ञापालन गर्ने वा नगर्ने भन्ने निर्णयहरू गर्नुपर्ने हुन्छ ।

**शिक्षक साहायता**

शिक्षकको निर्देशनको लागि पाठलाई पाँचवटा मुख्य भागहरूमा विभाजन गरिएको छ । शिक्षण प्रक्रियाको प्रत्येक भागहरू महत्वपूर्ण छन् र प्रभावकारी रूपमा शिक्षा दिनका निम्ति ती पाँचैवटा भाग पालन गर्नु पर्छ । क्रमबद्ध बाइबल शिक्षा बालबालिकाहरूलाई सुसमाचार प्रचार गर्ने र चेला बनाउने एउटा उत्तम तरिका हो । बालबालिकाहरूले बाइबलका कथाहरू जानेपछि बाइबलका परमेश्वरलाई चिन्नेछन् र कसरी उहाँलाई विश्वासद्वारा स्वीकार गर्नुपर्छ भन्ने पनि जान्नेछन् ।

यी पाँचवटा चरणहरू पाठ सिकाउनका लागि महत्वपूर्ण भागहरू हुन् । पाठ पढाउनुभन्दा अघि तयारी गर्नु अति नै आवश्यक हुन्छ अनि कक्षा हुने दिनसम्म पनि यो गरिनुपर्छ । जब कक्षाको समय शुरू हुन्छ पाठको परिचय कुनै यस्तो धारणा वा तरिकाद्वारा प्रस्तुत गर्नुहोस्, जसले विद्यार्थीहरूलाई सिक्ने प्रक्रियामा सहभागी हुन उत्साह प्रदान गरोस् । कथाको शिक्षा विभिन्न प्रकारले: मुखले भनेर, गाएर, बाइबलका पदहरू कण्ठ गरेर अनि विभिन्न कार्यहरू गरेर दिन सकिन्छ । यो पाठ र यो भन्दा पहिलेको पाठहरू अवश्य दोहोऱ्याएर हेर्नुहोस् । यो पाठ पढाई सकेपछि अन्त्यमा सायद सबैभन्दा महत्वपूर्ण कुरा तपाईंको कक्षालाई अपनाउनपर्ने वा लागू गर्नुपर्ने केहि कुराहरू दिनुहोस् ताकि जसले उनीहरूलाई जीवन जीउन मद्दत गरोस् ।

## २) पाठ शुरू गर्नुहोस्

- उत्पत्तिको पुस्तक शुरूवातहरूको पुस्तक हो । उत्पत्तिको पहिलो अध्याय पढ्नुहोस् र तपाईं कतिवटा शुरूवात भएका कुराहरूको नाम भन्न सक्नुहुन्छ हेर्नुहोस् । बालबालिकाहरूलाई पालैपालो उत्पत्ति १ अध्यायबाट कुनै नाम भन्न लगाउनुहोस् ।
- पहिलो दिन परमेश्वरले उज्यालो सृष्टि गर्नुभयो (उत्पत्ति १:३)
- दोस्रो दिन परमेश्वरले आकाश सृष्टि गर्नुभयो (१:६)
- तेस्रो दिन परमेश्वरले भूमि र वनस्पतिहरू सृष्टि गर्नुभयो (१:९)
- चौथौ दिन परमेश्वरले सूर्य, चन्द्रमा र ताराहरू सृष्टि गर्नुभयो (१:१४-१८)
- पाँचौ दिन परमेश्वरले माछाहरू र पंक्षीहरू सृष्टि गर्नुभयो (१:२०-२२)
- छैटौं दिन परमेश्वरले जीवजन्तुहरू (१:२४) र मानिस (१:२६) सृष्टि गर्नुभयो ।
- सृष्टिको हप्ता भन्दा अघि नै, परमेश्वरले स्वर्गदूतहरू सृष्टि गर्नुभएको थियो ।
- परमेश्वरको कहिल्यै पनि शुरूवात थिएन र उहाँको सृष्टि भएको पनि होइन ।

## ३) पाठ सिकाउनुहोस्

तपाईंको विद्यार्थीहरूलाई यो कुरा सोध्नुहोस् **"तपाईंहरू बस्नुभएको अहिले सम्म कै सबैभन्दा विशेष ठाउँ कुन हो के कुराले त्यसलाई विशेष बनाएको छ ?"** त्यसपछि, बालबालिकाहरूलाई भन्नुहोस, आज हामी एउटा अति नै विशेष स्थान अथवा ठाउँको विषयमा सिक्न लागेका छौं, जहाँ खुशी नै खुशी र आनन्द मात्र छ ।

## कथा भन्नुहोस्

आदमको निम्ति त्यस बगैंचामा जीवन अति नै आनन्दमय थियो । परमेश्वरले त्यो क्षेत्रमा राख्नुभएको चारवटा नदीहरूको कारणले गर्दा त्यो ठाउँ अति नै अदभुत सुन्दरताले भरिएको थियो । ती नदीहरूले त्यहाँका रूखहरू र बोटबिरूवाहरूलाई हरियो राख्ने र बढाउने काम गरिरहेका थिए । त्यस ठाउँमा कम्तीमा पनि दुईवटा नदीहरू धेरै नै ठूला थिए ।

त्यहाँ चारवटा सुन्दर नदीहरू मात्र नभएर धेरै रूख र बोटबिरूवाहरू पनि थिए, जसले आदमलाई खानका निम्ति हरप्रकारका खानेकुराहरू उपलब्ध गराउँदथे । आदमले हरप्रकारको फल र सागपातहरू खाने निर्णय आफै गर्न सक्थ्यो । यदि आदमले

बालबालिकाहरूले उत्पत्ति १ अध्यायमा सृष्टि भएका केहि कुराको नाम भन्नुभन्दा अगाडी उनीहरूले जुन प्राणी वा थोकको नाउँ लिन्छन् त्यसको अभिनय गरेर देखाउन लगाउनुहोस् । उदाहरणका निम्ति, यदि कुनै बालबालिकाले माछाको सृष्टि भएको हो भन्न चाहान्छ भने उसले माछा पानीमा पौडिएको जस्तो गरेर देखाउनुपर्छ अनि अरू बालबालिकाहरूले त्यो कुन प्राणी अथवा के को अभिनय गरेको हो त्यो पत्ता लगाउनु पर्छ । साथै शिक्षकले उत्पत्ति १ अध्यायमा सृष्टि गरिएका थोक र प्राणीहरूको नाम कागजको टुक्राहरूमा लेखेर, प्रत्येक बालबालिकाहरूलाई पालैपालो एक-एकवटा कागज टिप्न लगाई अभिनय गर्न लगाउनुहोस् र अरूहरूले यो सृष्टिको अनुमान गर्न सक्छन् कि सक्दैनन् हेर्नुहोस् ।

शिक्षकले प्रत्येक बालबालिकाहरूलाई त्यो अदनको बगैंचा बस्नका निम्ति अति नै विशेष अथवा सुन्दर ठाउँ थियो भन्ने महसुस गराउनु पर्छ । यदि तपाईंले चाहानुभएको खण्डमा तपाईं बस्नुभएको वा घुम्नुभएको एउटा अति नै विशेष वा रमाइलो ठाउँको बारेमा बताउन सक्नुहुन्छ ।

उसलाई मन पर्ने फल खान चाहेको खण्डमा त्यो त्यहाँ उसको लागि उपलब्ध थियो । अदनको बगैँचा शायद धेरै नै ठूलो थियो, त्यसैले त्यहाँ खानेकुराहरू धेरै थिए । उसले जे खान चाहान्थ्यो त्यो प्रशस्तै थियो, आदमले त्यसैको नास्ता, दिउँसोको खाना, रातको खाना साथै खाजाको रूपमा पनि खान सक्थ्यो । त्यस बगैँचा सुन्दर र असल खानेकुराहरू भएको मात्र नभएर त्यहाँ विशेष पत्थरहरू पनि थिए, जस्तै सुन (पहेंलो), मोतीहरू (सेता), गोमेद वा लापिस् नीलोत्पल (नीलो) । यी पत्थरहरू हेर्नलाई भव्य र मनोहर थिए । साँच्चै, परमेश्वरले आदमलाई मनोरम, रमणीय प्रशस्तताले भरिएको र अनमोल बगैँचामा राख्नुभएको थियो ।

जस्तै तपाईंहरूले चित्रमा देख्न सक्नुहुन्छ, त्यस बगैचामा जनावरहरू पनि एकअर्कासँग मिलेर बस्दथे । त्यस बगैँचा बस्नका लागि अति नै शान्त ठाउँ थियो । आदमको त्यस बगैँचामा काम गर्ने जिम्मेवारी त थियो तर त्यो काम गाह्रो काम चाहिँ थिएन । हामीलाई काम गाह्रो हुँदैन भनी सोच्नु कठिन त हुनसक्छ तर आदमका लागि त्यो बगैँचाको हेरचाह गर्नु एउटा आनन्दको काम थियो । यसलाई यसरी कल्पना गर्नुहोस् कि जे काम तपाईँ गर्न चाहानुहुन्थ्यो त्यही काम गर्नलाई पाउनुभयो र त्यो काम गर्नुभयो । आदमलाई त्यस्तै भएको थियो । उसलाई त्यस असल र खराबको ज्ञान दिने रूखको फल मात्र खानको लागि मनाही गरिएको थियो ।

परमेश्वरले आदमलाई बस्न दिनुभएको बगैचा अति नै अद्भुत, सुन्दर र आनन्दले भरिएको थियो । हामीहरूलाई पनि त्यस ठाउँमा बस्ने मौका दिएको भए अवश्य नै हामींहरूलाई पनि त्यो ठाउँ मन पर्ने थियो । त्यो शान्तमय र आनन्द दिने ठाउँ थियो । त्यो सम्पन्नता, वहुमूल्य र प्रशस्तता भएको सुन्दर ठाउँ थियो । त्यो आकर्षक र हराभरा थियो । आदमसँग घनिष्ठ सम्बन्ध राख्नका निम्ति परमेश्वरले कति महान, उत्तम स्थान तयार पार्नुभएको थियो ।

## स्तुति-प्रशंसा आराधना

स्तुति-प्रशंसा र आराधना गर्ने तरिकाहरू संसारभरि फरक-फरक रहेको पाईन्छन् । यो पाठ्यक्रमको उद्देश्य भनेको विषयवस्तुसँग मिल्दो जुल्दो भजनहरू छान्नु उत्तम हुन्छ भनि सुझाव दिनु हो । स्तुति-प्रशंसा र आराधना सम्बन्धी भजनहरू प्राय: यूट्यूबमा पनि राखिएका हुन्छन् । तापनि शिक्षकले आफ्नो स्वतन्त्र इच्छा अनुसार त्यस्तै पाठसँग मिल्दो जुल्दो भजनहरू छान्न सक्नुहुन्छ ।

यस पाठका निम्ति "सारा सृष्टिको मालिक तपाईंलाई (भजन नं. ४७४)" बोलको भजन गाउने सल्लाह दिईन्छ ।

## बाइबलीय क्रियाकलाप

रमाइलो कोठा । यो रमाइलो कार्यक्रमका निम्ति प्रत्येक बालबालिकाहरूलाई एउटा-एउटा जिम्मेवारी दिनुहोस् । शिक्षकले हरेक बालबालिकाहरू र यदि सम्भव हुन्छ भने उनीहरूका आमाबुबाको पनि सहायता लिएर कक्षा कोठालाई सकेसम्म सुन्दर बनाउनुहोस् । हरेक बालबालिकाले तलको कुनै न कुनै एउटा जिम्मेवारी लिएको उत्तम हुन्छ :

१. यस हप्ताको कक्षामा सबैलाई उनीहरूको मनपर्ने खानेकुरा के हो बनाएर ल्याउनु भन्नुहोस् ।

२. कक्षा कोठालाई सुन्दर बनाउनका लागि त्यसलाई सबैजना मिलेर सजाउनुपर्छ ।

३. यस हप्ता कक्षामा बहुमूल्य पत्थरहरू अथवा केहि मूल्यवान चिजहरू ल्याउनुपर्छ ।

४. कक्षामा आउने प्रत्येक व्यक्ति मिलनसार र दयालु हुनुपर्छ । स्वार्थी अथवा गलत व्यवहार गर्नेलाई यो कोठामा कुनै ठाउँ छैन ।

बालबालिकाहरूले कक्षा कोठालाई सुन्दर बनाएर सजाईसकेपछि शिक्षकले उनीहरूको कामको सकरात्मक बयान गर्दै, अदनको बगैंचा यो भन्दा सुन्दर थियो भन्ने कुरालाई बुझाउनुपर्छ । यस बगैचा बस्नका लागि अति उपयुक्त ठाउँ थियो, जहाँ धेरै असल खानेकुराहरू, धेरै बहुमूल्य रत्नहरू, पत्थरहरू र चट्टानहरू, धेरै सुन्दर रूखहरू थिए, अनि सबैभन्दा असल कुरा त, त्यहाँ शान्ति र आनन्द थियो ।

## कण्ठ गर्नुपर्ने पद

**उत्पत्ति २:८ (टि.बी.एस) -** अनि परमप्रभु परमेश्वरले पूर्वपट्टि अदनमा एउटा बगैंचा लगाउनुभयो, र त्यहाँ आफूले रच्नुभएको मानिसलाई राख्नुभयो ।

## 4) पाठको समीक्षा गर्नुहोस्

नरमाईलो कक्षा कोठा । बालबालिकाहरूले उनीहरूको कक्षा कोठालाई बस्न र हेर्नका लागि सुन्दर ठाउँ बनाईसके पछि सजाउन प्रयोग गरिएका सबै सामग्रीहरू निकाल्न लगाउनुहोस् त्यहाँ ल्याइएका स्वादिष्ट खानेकुराहरू पनि हटाउनुहोस, अनि कक्षा कोठालाई सजाउनु भन्दा पहिले जस्तो थियो त्यस्तै अवस्थामा ल्याउनुहोस् । शिक्षकले कोठालाई अझ केहि फोहोर पनि पार्न सक्नुहुन्छ र साथै केहि नमिठो खाने खानेकुराहरू पनि ल्याउन सक्नुहुन्छ ।

बालबालिकाहरूलाई यो कुरा जोड दिँदै भन्नुहोस्, कि आदमको कक्षाकोठा, अथवा त्यो अदनको बगैंचा सुन्दर थियो, तर अर्को हप्ता हामी आदमले त्यस असल बगैंचालाई कसरी फोहोर पारेका थिए भन्ने विषयमा सिक्नेछौं ।

**बाइबलीय क्रियाकलाप : रमाइलो कोठा**

बालबालिकाहरूले तिनीहरूका कोठा सजाउन सक्छन् र सजाउने सामग्रीहरू पनि ल्याउन सक्छन् ताकि उनीहरूको लागि त्यो ठाउँ बस्नलाई उत्तम ठाउँ बनोस् । हरेक बालबालिकाहरूको कक्षा कोठालाई “रमाइलो कोठा” बनाउन सहभागी हुन सकुन् । यसको लागि गर्नुपर्ने कार्यहरू एक हप्ता अगाडी नै निश्चित गर्न सकिन्छ, ताकि यो कोठालाई सुन्दर बनाउन सहभागी हुँदा र त्यो हेर्दा यस पाठले एउटा नयाँ अर्थ पाउन सकोस् ।

**चित्रहरू सहित कण्ठ गर्नुहोस्**

बालबालिकाहरूलाई पदमा भएका कुनै पनि शब्दहरू कण्ठ गर्नका निम्ति चित्रहरूको प्रयोग गर्दै यस पदलाई कण्ठ गर्न लगाउनुहोस् । उदाहरणका लागि, शिक्षकले “परमप्रभु परमेश्वर” को विषयमा बझाउनलाई त्रिभुज र “बगैंचा” को विषयमा बुझाउनलाई एउटा पातको प्रयोग गर्न सक्नुहुन्छ । शिक्षकले पूर्व दिशाको निम्ति “पू” र “मानिस” का निम्ति मानिस कै एउटा तस्वीर राखेर गर्न सक्नुहुन्छ ।

## ५) पाठ लागु गर्नुहोस्

बाइबलको यस आशाको कथाबाट आठवटा महत्वपूर्ण कुराहरू स्पष्टरूपले देख्न सकिन्छ । बाइबलको यो कथाबाट परमेश्वर व्यक्तिगत परमेश्वर हुनुहुन्छ, जसले तपाईँलाई जीउनको लागि अति आनन्दको ठाउँ दिन चाहानुहुन्छ भनी हामी सिक्छौ । उहाँ दयालु र प्रेमिलो परमेश्वर हुनुहुन्छ ।

जीवनका सबैभन्दा ठूलो आनन्द भनेको परमेश्वरले दिनुहुने आनन्द नै हो। परमेश्वरले प्रकृतिक रूपमा, विशेष सम्पत्तिहरूमा, घर-परिवारमा शान्ति, र अन्य धेरै प्रकारले तपाईँको जीवनमा आनन्द ल्याउन सक्नुहुन्छ। तर जीवनको आनन्द उठाउने सबैभन्दा उत्तम तरिका परमेश्वरलाई तपाईँको जीवनको नियन्त्रण गर्न दिनु हो । तपाईँका बालबालिकाहरूलाई सोध्नुहोस्, **"तपाईंहरू कुन-कुन प्रकारले परमेश्वरलाई तपाईंहरूको जीवनमा नियन्त्रण गर्न दिन सक्नुहुन्छ ?"**

**कथाको मूख्य सार : बगैंचामा जीवन पूर्णरूपले सन्तुष्ट अथवा आनन्दमय थियो ।**

**बाइबलीय क्रियाकलाप : नरमाईलो कोठा**

सबै सजावटहरू हटाउनुहोस्, सबै खानेकुराहरू हटाउनुहोस् र कोठालाई सुन्दर बनाउन अथवा सजाउन ल्याइएका सबै कुराहरू पनि नदेख्ने गरि हटाउनुहोस् । शिक्षकको मूख्य उद्देश्य भनेको बालबालिकाहरूलाई त्यो बगैँचा कस्तो थियो र केहि समय भित्र नै आदमको जीवन कस्तो थियो र कस्तो हुन्छ त्यसको थोरै झलक दिनु हो ।

परमेश्वरलाई तपाईँको जीवन नियन्त्रण गर्न दिने सम्भावित उपायहरू :

- असल सङ्गत गर्नु
- सबैलाई प्रेमिलो व्यवहार देखाउनु
- सबैसँग दयालु बोली वचन र मिठो शब्दहरूमा बोल्नु

# रोचक घटना नं ६
# इजकिएल २८:११-१७, यशैया १४:१२-१५

**कथाको मूख्य सार : शैतान परमेश्वरको शत्रु हो । शैतान घमण्डी थियो । परमेश्वरले शैतानलाई स्वर्गबाट बाहिर फालिदिनुभयो ।**

## १) पाठको अध्ययन गर्नुहोस् (कक्षामा जानु अघि)

- इजकिएलले "राजा" शब्दको प्रयोग धेरै गरेका छैनन् । उनले राजा यहोयाकीनलाई बाहेक (इजकिएल १:२) इस्राएलले अरू कुनै पनि राजाका निम्ति "राजा" को उपाधि प्रयोग गरेनन् ।
- इजकिएल २८:११-१९ मा, इजकिएलले राजा शब्दको वर्णन यसरी गरेका छन् कि जुन मानिसको निम्ति त्यो लागु हुँदैन । यो "राजा" अदनको बगैँचामा देखा परेको थियो (पद १३), ऊ अभिषिक्त करूब थियो (पद १४), उसलाई परमेश्वरको पवित्र पर्वतमा जाने अनुमति थियो (पद १४), अनि ऊ सृष्टि गरिएको समयदेखि नै पापरहित थियो (पद १५) ।
- "परमेश्वरले लुसिफरलाई संरक्षक करूबको रूपमा नियुक्त गर्नुभएको थियो (इजकिएल २८:१४) । करूबहरू स्वर्गदूतहरूको त्यो आन्तरिक समूह थियो जोहरू परमेश्वरको सामु जान सक्थे र उहाँको पवित्रताको रक्षा गर्थे (१०:१-१४ हेर्नुहोस्) । लुसिफरलाई पनि परमेश्वरको पवित्र पर्वतमा (२८:१४), स्वर्गमा जाने अनुमति थियो, र ऊ अग्निमय पत्थरहरूको बीचमा हिँड्थ्यो" (पद १६ हेर्नुहोस्)।
- इजकिएलले पद १२-१५ मा लुसिफरलाई परमेश्वरले सृष्टि गर्नुहुँदाको उसको शुरूको सुन्दरताको बारेमा पनि बताएका छन् । पूजाहारीहरूले लगाउने छातीपाताका १२ वटा बहुमूल्य पत्थरहरूमध्ये नौवटा इजकिएलले स्वयम् लुसिफरको वर्णन गर्नलाई मात्र प्रयोग गरेका छन् ।
- परमेश्वरले लुसिफरलाई सृष्टि गर्नुहुँदा ऊ भित्र दुष्टता अथवा दोष नभेट्टाउन्जेल-सम्म त ऊ निर्दोष नै थियो (पद १४-१५) ।
- यशैया १४ अध्याय अनुसार लुसिफरको अर्थ "बिहानको तारा" हो, र यस अध्यायमा शैतानले येशू ख्रीष्ट "चम्किलो र बिहानको तारा" को अनुकरण गर्ने कोसिस गरेको जस्तो संकेत गर्दछ ।

**शिक्षक साहायता**

शिक्षकको निर्देशनको लागि पाठलाई पाँचवटा मुख्य भागहरूमा विभाजन गरिएको छ । शिक्षण प्रक्रियाको प्रत्येक भागहरू महत्वपूर्ण छन् र प्रभावकारी रूपमा शिक्षा दिनका निम्ति ती पाँचैवटा भाग पालन गर्नु पर्छ । क्रमबद्ध बाइबल शिक्षा बालबालिकाहरूलाई सुसमाचार प्रचार गर्ने र चेला बनाउने एउटा उत्तम तरिका हो । बालबालिकाहरूले बाइबलका कथाहरू जानेपछि बाइबलका परमेश्वरलाई चिन्नेछन् र कसरी उहाँलाई विश्वासद्वारा स्वीकार गर्नुपर्छ भन्ने पनि जान्नेछन् ।

यी पाँचवटा चरणहरू पाठ सिकाउनका लागि महत्वपूर्ण भागहरू हुन् । पाठ पढाउनुभन्दा अघि तयारी गर्नु अति नै आवश्यक हुन्छ अनि कक्षा हुने दिनसम्म पनि यो गरिनुपर्छ । जब कक्षाको समय शुरू हुन्छ पाठको परिचय कुनै यस्तो धारणा वा तरिकाद्वारा प्रस्तुत गर्नुहोस्, जसले विद्यार्थीहरूलाई सिक्ने प्रक्रियामा सहभागी हुन उत्साह प्रदान गरोस् । कथाको शिक्षा विभिन्न प्रकारले: मुखले भनेर, गाएर, बाइबलका पदहरू कण्ठ गरेर अनि विभिन्न कार्यहरू गरेर दिन सकिन्छ । यो पाठ र यो भन्दा पहिलेको पाठहरू अवश्य दोहोऱ्याएर हेर्नुहोस् । यो पाठ पढाई सकेपछि अन्त्यमा सायद सबैभन्दा महत्वपूर्ण कुरा तपाईंको कक्षालाई अपनाउनपर्ने वा लागू गर्नुपर्ने केहि कुराहरू दिनुहोस् ताकि जसले उनीहरूलाई जीवन जीउन मद्दत गरोस् ।

©प्रतिलिपी अधिकार २०१७ जिम कुक

## २) पाठ शुरू गर्नुहोस्

रोचक घटना नं १

१. परमेश्वरको बारेमा हामीले जानेको एउटा कुरा के हो ?

२. उत्पत्ति १:१ पढ्नुहोस् ।

३. परमेश्वर धेरै शक्तिशाली हुनुहुन्छ ।

४. परमेश्वरको शक्तिका निम्ति उहाँको प्रशंसा गर्नुहोस् ।

रोचक घटना नं २

१. स्वर्गदूतहरूले प्रायः समयमा के काम गर्दछन् ?

२. अय्यूब ३८:४-७ पद पढ्नुहोस् ।

३. स्वर्गदूतहरूले परमेश्वरको सेवा र आराधना गद्छन् ।

४. हामी पनि परमेश्वरको सेवा र आराधना गर्न सकौं भनेर प्रार्थना गर्नुहोस् ।

रोचक घटना नं ३

१. संसारको सृष्टि कसरी भयो ?

२. उत्पत्ति १:१-२५ सम्म पढेर यसको सारांश बताउनुहोस् । परमेश्वरले वचनद्वारा सबैथोकलाई अस्तित्वमा ल्याउनुभयो ।

३. वचनद्वारा सबैथोकलाई अस्तित्वमा ल्याउने परमेश्वरको क्षमता शक्तिशाली छ ।

४. उहाँले गर्नुभएको सृष्टिको लागि परमेश्वरको प्रशंसा गर्नुहोस् ।

रोचक घटना नं ४

१. हामी परमेश्वरको असल मित्रहरू भएको उहाँ चाहानुहुन्छ भन्ने कुरा हामी कसरी जान्न सक्छौं ?

२. उत्पत्ति १:२६-२७ पढ्नुहोस् ।

३. मानिस परमेश्वरको स्वरूपमा सृष्टि गरिएको थियो ।

४. परमेश्वरको प्रशंसा गर्नुहोस् किनकि हामी उहाँको असल मित्रहरू हुन सक्छौं ।

रोचक घटना नं ५

१. त्यस बगैंचामा जीवन कस्तो थियो ?

२. उत्पत्ति १:८-१५ पढ्नुहोस् ।

३. त्यस बगैंचामा जीवन आनन्दित थियो ।

४. परमेश्वरले जुटाइदिनुभएका सबै असल थोकहरूका निम्ति उहाँलाई धन्यवाद दिनुहोस् ।

**पाठ समीक्षा गर्ने क्रियाकलाप : सोध्नुहोस्, पढ्नुहोस्, कुरा गर्नुहोस्, बोल्नुहोस् ।**

पहिलो पाँचवटा पाठको समीक्षा गर्ने राम्रो योजनाले चारवटा मुख्य तत्वहरूमा ध्यान आर्कषण गर्दछ ।

१) प्रश्न सोध्नुहोस्

२) बाइबल पढ्नुहोस्

३) त्यस विषयमामा कुरा गर्नुहोस्

४) परमेश्वरसँग बोल्नुहोस्

## ३) पाठ सिकाउनुहोस्

बालबालिकाहरूलाई शैतानको चित्र कसरी बनाउँछन् सो बनाउन लगाउनुहोस् । यदि कागज छैन भने उनीहरूलाई शैतानको चित्र मुखले वयान गर्न लगाउनुहोस् । बालबालिकाहरूले चित्र बनाइसकेपछि उनीहरूले शैतानलाई कस्तो देख्छन् र किन त्यस्तो देख्छन् सो व्याख्या गर्न लगाउनुहोस् ।

**"आज हामी लुसिफर र ऊ कस्तो थियो भन्ने विषयमा सिक्नेछौं"**, भन्नुहोस् ।

## कथा भन्नुहोस्

परमेश्वरले सृष्टि गर्नुभएका सबै स्वर्गदूतहरू सुन्दर थिए । उहाँले लाखौं स्वर्गदूतहरू सृष्टि गर्नुभएको थियो र उनीहरू सबैले परमेश्वरको आराधना गर्छन् । कुनै-कुनै स्वर्गदूतहरूको उच्च पद भएको पनि देखिन्छ । तर ती सबै स्वर्गदूतहरूमध्ये सबैभन्दा सुन्दर लुसिफर थियो । लुसिफर एउटा उच्च पदको स्वर्गदूत पनि थियो । वास्तवमा, परमेश्वर आफैले लुसिफरको बारेमा यस्तो भन्नुभएको थियो,

*"तँ बुद्धिमा सिद्ध थिइस् र सुन्दरतामा पनि,*
*पवित्र पर्वतहरूमा हिंड्ने गर्थिस् काम पूरा गर्नलाई,*
*विशेष स्वर्गदूत चम्कने सुनझैं अनि चाँदी*
*बहुमूल्य पत्थरहरू झैं सुन्दरतामा अतुलनिय"*

यसरी हामी थाहा पाउँछौं की, लुसिफर स्वर्गको एउटा विषेश स्वर्गदूत थियो, शायद सबै स्वर्गदूतहरूमध्ये सबैभन्दा प्रमुख थियो ।

धेरै समय अघिको कुरा हो, एक दिन लुसिफरभित्र अहंकारले प्रवेश गऱ्यो । अनि लुसिफरले भन्यो कि आफू स्वर्गमा उक्लेर, परमेश्वरका सबै ताराहरूभन्दा माथि उसको सिंहासन उच्च पार्नेछ, अनि आफू मात्र त्यस सिंहासनमा बस्नेछ !

*"म स्वर्गमा चढ्नेछु, म आफ्नो सिंहासन परमेश्वरको ताराहरू*
*भन्दा माथि उचाल्नेछु; "सबैभन्दा उच्चमा बसेर सबै देवहरूमाथि*
*शासन गर्ने हुनेछु, म बादलहरूभन्दा माथि चढ्नेछु सबैभन्दा उच्चमा,*
*म परमप्रधान जस्तै उच्च हुनेछु र फेरि कहिल्यै झुक्नेछैन ।"*

परमेश्वरले घमण्डीहरूको विरोध गर्नुहुन्छ, यसैकारण उहाँले लुसिफरलाई उसको पापका कारण दण्ड दिनु पऱ्यो । दु:खको कुरा परमेश्वरले लुसिफर, वा शैतानलाई उसको अहंकारको कारण सधैंका निम्ति स्वर्गबाट निकालीदिनुभयो । परमेश्वरले सृष्टि गर्नुभएका एक-तिहाइ स्वर्गदूतहरू शैतानको पछि लागे । परमेश्वरले तिनीहरूलाई पनि दण्ड दिनुभयो र स्वर्गबाट निकालिदिनुभयो । शैतान र उसलाई पछ्याउने स्वर्गदूतहरूले अनन्त दण्ड भोग्नेछन् । यस विषयमा पछि अझ धेरै कुराहरू हामी सुन्नेछौं ।

**अगुवालाई पछ्याउने - क्रियाकलाप**

बालबालिकाहरूलाई "अगुवालाई पछ्याउने" खेल खेल्न लगाउनुहोस् (खराब अगुवा) ।

जब खराब अगुवाले कुनै नराम्रो कुरा भन्छ, कक्षा सबैले पनि केहि नराम्रो कुरा भन्नुपर्छ ।

जब खराब अगुवाले कुनै नराम्रो व्यवहार गर्नु भन्छ, तब कक्षा सबैले पनि नराम्रो व्यवहार गर्नुपर्छ ।

जब खराब अगुवाले परमेश्वरमा शङ्का वा प्रश्न गर्नु भन्छ, तब कक्षा सबैले **"के परमेश्वरले साँच्चै त्यसो भन्नुभएको छ त ?"** भनेर भन्नुपर्छ ।

के उनीहरूले कहिल्यै त्यसो गरेका छन् ? किन ? ती एक तिहाइ संख्या स्वर्गदूतहरूले यस्तै गरेका थिए ।

अहिले शैतान परमेश्वरको शत्रु भएको छ । शैतानले मानिसहरूलाई प्रभाव पारेर परमेश्वरको विरोध गर्नलाई उक्साउने काम गर्छ। शैतान धोखेबाज, छली छ र त्यो घमण्डी पनि छ। त्यसको अनन्त घर नरक हो भनी त्यसलाई थाहा छ। अबको अरबौं वर्षपछि पनि शैतानले उसको घमण्डको कारण दुःख भोगिरहेको हुनेछ । शैतानले परमेश्वरको विरुद्धमा विद्रोह गरिरहेको छ । अरू स्वर्गदूतहरूले पनि शैतानलाई त्यसको यस विद्रोहमा साथ दिइरहेका छन्। धेरै जना मानिसहरू पनि यस विद्रोहमा शैतानको पछि लागेका छन् । परमेश्वर एक पवित्र परमेश्वर हुनुभएकोले उहाँले विरद्रोहको दण्ड नदिई त्यसै छोड्नुहुने छैन । यदि कुनै बेला सृष्टि गरिएको अति सुन्दर र शक्तिशाली स्वर्गदूतले उसको घमण्डका कारण दण्ड भोग्नुपर्छ भने शैतानको उदाहरण पछ्याउने जो कोहिले पनि दण्ड भोग्नैपर्छ ।

## स्तुति-प्रशंसा आराधना

स्तुति-प्रशंसा र आराधना गर्ने तरिकाहरू संसारभरि फरक-फरक रहेको पाईन्छन्। यो पाठ्यक्रमको उद्देश्य भनेको विषयवस्तुसँग मिल्दो जुल्दो भजनहरू छान्नु उत्तम हुन्छ भनि सुझाव दिनु हो । स्तुति-प्रशंसा र आराधना सम्बन्धी भजनहरू प्रायः यूट्यूबमा पनि राखिएका हुन्छन्। तापनि शिक्षकले आफ्नो स्वतन्त्र इच्छा अनुसार त्यस्तै पाठसँग मिल्दो जुल्दो भजनहरू छान्न सक्नुहुन्छ ।

यस पाठका निम्ति "सारा सृष्टिको मालिक तपाईंलाई (भजन नं. ४७४)" बोलको भजन गाउने सल्लाह दिईन्छ ।

## बाइबलीय क्रियाकलाप

शैतानमाथि परमेश्वरको अधिकार छ भनी देखाउने एउटा पोस्टर बनाउनुहोस् । बालबालिकाहरूले तलको प्रत्येक भनाइका निम्ति बाइबल पदहरू पढ्न सक्छन् ।

१. परमेश्वर ........... हुनुहुन्छ । उहाँले कहिल्यै पाप गर्नुहुन्न (लेवी १८:२)

२. प्रकाश २२:१६ मा परमेश्वरलाई ...............भनिएको छ ।

३. परमेश्वरले सबै ............... स्वर्गदूतहरूको सृष्टि गर्नुभयो । (उत्पत्ति १:३१)

४. परमेश्वर हरसमय ........... हुनुहुन्छ ।

५. परमेश्वर सृष्टि भन्दा अघिदेखि नै सधैँ अस्तित्वमा हुनुहुन्छ । उहाँ .............. हुनुहुन्छ ।

१. पवित्र/दुष्ट

२. चम्किलो र बिहानको तारा/बिहानको तारा

३. असल/विद्रोही

४. सबैतिर/एक

५. अनन्त/अग्नि-कुण्ड

१. शैतान ................ छ र त्यसले पाप मन पराउँछ (इजकिएल २८:१५)

२. यशैयाले शैतानको ............... दर्जाको विषयमा बताएका छन् जब त्यसले परमेश्वरको शक्तिको देखासेखि गर्छ, ऊ तरून्तै पतन हुन्छ । (यशैया १४:१२)

३. लुसिफरको साथमा अन्य धेरै स्वर्गदूतहरूले पनि उनीहरूका सृष्टिकर्ताको विरुद्ध .............. गरे अनि स्वर्गबाट निकालिएका थिए ।

४. शैतान एक समयमा केवल ............ ठाउँमा मात्र हुन सक्छ (अय्यूब १:६-७) ।

५. शैतानलाई परमेश्वरले सृष्टि गर्नुभएको थियो, अनि एक दिन परमेश्वरद्वारा त्यो ............ मा फालिनेछ । (प्रकाश २०:१०)

## कण्ठ गर्नुपर्ने पद

**यशैया १४:१२ (टि.बी.एस) -** "ए बिहानको तारा, प्रभातको पुत्र, तँ स्वर्गबाट कसरी खसिस् ! जाति-जातिहरूलाई होच्याउने, तँ कसरी काटिएर भुइँमा तल खसिस् !

**पोस्टर क्रियाकलाप: (भित्तामा चित्रहरू टाँसेर)**

यदि पोस्टरहरू उपलब्ध छन् भने ती प्रयोग गर्नुहोस् । यदि छैन भने कालो/सेतो बोर्डको प्रयोग गर्न सक्नुहुन्छ । यदि त्यस्तो केहि पनि छैन भने बालबालिकाहरूलाई यी प्रश्न मात्र पनि सोध्न सक्नुहुन्छ र उनीहरूलाई परमेश्वरको सर्वोच्च शक्तिको विषयमा यी भनाईहरूको उत्तर दिन लगाउनुहोस् ।

**पद कण्ठ गर्नुपर्ने : बेलुन फुटाउने**

यदि बेलुनहरू उपलब्ध छन् भने, कण्ठ गर्नुपर्ने पदको प्रत्येक शब्द बेलुनहरूमा लेख्नुहोस् । बालबालिकालाई यशैया १४:१२ सिकाउनुहोस् अनि तिनीहरूले कण्ठ गर्नुपर्ने पदको प्रत्येक शब्दहरू कण्ठ गर्दै एक अर्कामा पालैपालो बेलुनहरू फुटाउन लगाउनुहोस् ।

## ४) पाठको समीक्षा गर्नुहोस्

बालबालिकाहरूलाई एउटा क्लबको सदस्य हुनको लागि बोलाउनुहोस् । प्रत्येक बालबालिकाहरूको निम्ति निमन्त्रणा पत्र बनाउनुहोस् र उनीहरूलाई हातहातमा त्यो दिनुहोस् । तपाईंले त्यस क्लबलाई "आज्ञाकारी क्लब" भनेर नाम दिन सक्नुहुन्छ । आज्ञाकारी क्लबका निम्ति त्यहाँ एउटा नियम छ : जे शिक्षकले गर भन्नुहुन्छ विद्यार्थीहरूले ठीक त्यसै गर्नुपर्ने हुन्छ । बोल्नु नहुने बेलामा बोल्ने वा कुनै प्रकारले नराम्रो व्यवहार गर्नेहरूलाई यो क्लबमा सहभागी हुन दिइनेछैन । र अन्त्यमा यस क्रियाकलापमा सहभागीहरूका निम्ति तपाईंले केहि विशेष उपहारको पनि व्यवस्था गर्न सक्नुहुन्छ ।

अब यस पछि चाहिँ अलिकति गाह्रो भाग आउँछ । नियम पालन नगर्ने, प्रत्येक अनाज्ञाकारी विद्यार्थीहरूलाई निराश नगराईकन "आज्ञाकारी क्लब" भन्दा अर्कै कोठामा अथवा सोही कोठाको अर्को कुनामा बस्न लगाउनुहोस् र यसरी उनीहरूले बाँकी कक्षाले रमाइलो गरेको, उपहार पाएको खुसियालीमा सहभागी हुन पाउनेछैनन् । उनीहरूलाई गल्ती महसुस गर्ने मौका दिनुहोस् ।

बालबालिकाहरूलाई भन्नुहोस् कि लुसिफरलाई पनि ठीक यस्तै भएको थियो । त्यसले त यसरी कक्षाको अर्को कोठमा अर्को भागमा बस्ने मौका पनि पाएन, अनि त्यही नै त्यसका निम्ति दण्ड थियो र यो एकदम वास्तविक कुरा हो ।

**पाठको क्रियाकलापको समीक्षा : आज्ञाकारी क्लब**

महत्वपूर्ण कुरा यो छ कि कुनै पनि बालबालिकालाई अपमान वा अप्ठ्यारोमा पार्नु चाहिँ हुँदैन । यो केवल केहि महत्वपूर्ण कुरा बुझाउनलाई अभिनय गर्ने एउटा क्लब मात्र हो, कुनै पनि बालबालिकालाई एक्लो वा बहिस्कृत भएको महसुस गराउनु होइन ।

## ५) पाठ लागु गर्नुहोस्

बालबालिकाहरूलाई कक्षा कोठामा उपलब्ध भएका कुनै पनि थोकहरू प्रयोग गरि सबैभन्दा उच्च धरहरा बनाउन लगाउनुहोस् । जसले सबैभन्दा अग्लो धरहरा बनाउँछ उनीहरूले त्यसको टुप्पामा आफ्नो बाइबल राख्नुपर्छ ।

बाइबलको आशाको कथाबाट आठवटा महत्वपूर्ण कुराहरू स्पष्ट देख्न सकिन्छ । बाइबलको यस कथाबाट परमेश्वरले न्याय गर्नुहुन्छ, भनी हामी सिक्न सक्छौं । उहाँले घमण्डीहरूलाई दण्ड दिनुहुन्छ ।

**पाठ लागु गर्नुहोस् : अग्लो धरहरा**

बालबालिकाहरूलाई सोध्नुहोस् यदि उनीहरू सबैभन्दा अग्लो धरहराको टुप्पामा भए भने कस्तो महसुस गर्नेछन ? (घमण्डी) त्यहाँबाट खसे भने उनीहरूलाई कस्तो लाग्ला ?

शैतान पनि त्यसको घमण्डको कारणले उच्च स्थानबाट तल खसालिएको थियो भनेर पनि बालबालिकाहरूलाई व्याख्या गरिदिनुहोस् ।

**कथाको मूख्य सार : शैतान परमेश्वरको शत्रु हो । शैतान घमण्डी थियो । परमेश्वरले शैतानलाई स्वर्गबाट बाहिर फालिदिनुभयो ।**

# रोचक घटना नं ७

# उत्पत्ति ३:१-६

**कथाको मूख्य सार : शैतानले आदम र स्त्रीलाई परीक्षा गर्यो । उनीहरूले परमेश्वरको आज्ञा उल्लङ्घन गरे ।**

## १) पाठको अध्ययन गर्नुहोस् (कक्षामा जानु अघि)

- परीक्षामा पार्ने सर्पको रूपमा शैतान थियो । आदम र स्त्रीको परीक्षा गर्न शैतान रूप परिवर्तन गरेर आएको थियो, जुन उनीहरूले सोचेका पनि थिएनन् होला ।
- बाइबलको कुनै-कुनै भागमा शैतानलाई "सर्प" भनेर सम्बोधन गरिएको पाईन्छ, अनि अरू कुनै भागमा "दुष्ट" भनेर पनि भनिएको पाईन्छ (यूहन्ना ८:२२, रोमी १६:२०, २ कोरिन्थी ११:३, १ तिमोथी २:१४, प्रकाश १२:९, २०:२) ।
- ती स्त्रीलाई परमेश्वरको आज्ञाको विषयमा राम्रो जानकारी नै थिएन अथवा उनले राम्रोसँग याद राख्न नै चाहिनन् । यद्यपि शैतानले अदनको बगैँचामा छल गरेर परीक्षा गर्ने योजना बनायो । सबै कुराहरूमा प्रमुख स्वामित्व अथवा अधिकार चाहिँ आदमको हुनुपर्छ भन्ने परमेश्वरको चाहाना थियो । किनकि स्त्रीलाई दोस्रो स्थानमा सृष्टि गरिएको थियो, पहिलो होइन । उनलाई शिर अथवा प्रमुख हुनलाई बनाईएको थिएन । उनको शासन गर्ने केन्द्र अथवा क्षमता विवेकमा नभई हृदयमा थियो । अर्कोतिर आदमलाई भने शिर अथवा प्रमुख हुनलाई नै सृष्टि गरिएको थियो, उसको शसन गर्ने केन्द्र, अर्थात् क्षमता विवेकमा निर्भर थियो । शैतानले परमेश्वरले राख्नुभएको त्यस क्रमलाई नै भङ्ग पार्‍यो ।
- यहाँ स्त्रीको रोजाई (निर्णय) हेर्नुहोस् : उनले हेरिन्, उनले त्यो लिईन्, आफू खाईन् र आदमलाई पनि दिईन् ।
- परीक्षा गर्नेले परमेश्वर ईर्ष्यालु हुनुभएको कारण आदम र स्त्रीबाट केहि कुराहरू लुकाई राख्नुभएको छ भन्ने कुरा बताएर परमेश्वरको चरित्रमा नै शङ्का उत्पन्न गराईदियो । (उत्पत्ति ३: ५,६)
- परमेश्वरले दिनुभएका शुरूका आज्ञाहरूको (उत्पत्ति २:१६,१७) तुलनामा स्त्री कमजोर, अस्थिर भईन् र उनले परमेश्वरको वचनमा पनि थपथाप गरिन् । (उत्पत्ति ३:३)
- शैतान चाहिँ शुरूदेखि नै झुटा थियो (यूहन्ना ८:४४) । यो एउटा उसको ठूलो झुट हो : कुनै व्यक्तिले पाप गरेतापनि ऊ त्यसबाट उम्कन सक्छ । तर पापको दण्ड मृत्यु हो; उत्पत्ति २:१७ ।

**शिक्षक साहायता**

शिक्षकको निर्देशनको लागि पाठलाई पाँचवटा मुख्य भागहरूमा विभाजन गरिएको छ । शिक्षण प्रक्रियाको प्रत्येक भागहरू महत्वपूर्ण छन् र प्रभावकारी रूपमा शिक्षा दिनका निम्ति ती पाँचैवटा भाग पालन गर्नु पर्छ । क्रमबद्ध बाइबल शिक्षा बालबालिकाहरूलाई सुसमाचार प्रचार गर्ने र चेला बनाउने एउटा उत्तम तरिका हो । बालबालिकाहरूले बाइबलका कथाहरू जानेपछि बाइबलका परमेश्वरलाई चिन्नेछन् र कसरी उहाँलाई विश्वासद्वारा स्वीकार गर्नुपर्छ भन्ने पनि जान्नेछन् ।

यी पाँचवटा चरणहरू पाठ सिकाउनका लागि महत्वपूर्ण भागहरू हुन् । पाठ पढाउनुभन्दा अघि तयारी गर्नु अति नै आवश्यक हुन्छ अनि कक्षा हुने दिनसम्म पनि यो गरिनुपर्छ । जब कक्षाको समय शुरू हुन्छ पाठको परिचय कुनै यस्तो धारणा वा तरिकाद्वारा प्रस्तुत गर्नुहोस्, जसले विद्यार्थीहरूलाई सिक्ने प्रक्रियामा सहभागी हुन उत्साह प्रदान गरोस् । कथाको शिक्षा विभिन्न प्रकारले: मुखले भनेर, गाएर, बाइबलका पदहरू कण्ठ गरेर अनि विभिन्न कार्यहरू गरेर दिन सकिन्छ । यो पाठ र यो भन्दा पहिलेको पाठहरू अवश्य दोहोर्‍याएर हेर्नुहोस् । यो पाठ पढाई सकेपछि अन्त्यमा सायद सबैभन्दा महत्वपूर्ण कुरा तपाईंको कक्षालाई अपनाउनपर्ने वा लागू गर्नुपर्ने केहि कुराहरू दिनुहोस् ताकि जसले उनीहरूलाई जीवन जीउन मद्दत गरोस् ।

©प्रतिलिपी अधिकार २०१७ जिम कुक

## २) पाठ शुरू गर्नुहोस्

आउनुहोस् अब हामी खेलहरू खेल्दै पहिलेका छ वटा पाठहरूको समीक्षा गर्नेछौँ । बालबालिकाहरूलाई सोध्नुहोस् कि तलका भनाइहरू कुन-कुन पाठहरूमा सिकाइएका थिए ।

- शैतान परमेश्वरको शत्रु हो (पाठ ६) । सोध्नुहोस् **"शैतान किन, के कारण परमेश्वरको शत्रु भएको थियो ?"** (घमण्ड)
- बगैँचामा जीवन आनन्दमय थियो (पाठ छ) । सोध्नुहोस, **"कुन कुराले त्यस बगैँचालाई आनन्दले भरिपूर्ण पारेको थियो ?"** (प्रशस्त असल खानेकुराहरू, सुन्दर पत्थरहरू र नदीहरू, रूखहरू, सबै प्राणी र सबैथोकहरू शान्तिपूर्ण थियो) ।
- परमेश्वरले मानिसलाई उहाँको विशेष र असल मित्र हुनलाई बनाउनुभयो (पाठ ४) । बालबालिकाहरूलाई सोध्नुहोस् **"मानिसलाई कुन कुराले परमेश्वरको विशेष र असल मित्रहरू बनाएको थियो ?"** (उनीहरू परमेश्वरको आफ्नै स्वरूपमा सृष्टि गरिएका थिए ।)
- परमेश्वरले सबैथोक बनाउनुभयो (पाठ ३) । सोध्नुहोस् **"परमेश्वरले संसार सृष्टि गर्नुहुँदा उहाँले सबै कुराहरू शून्यबाट सृष्टि गर्नुभयो । यसको अर्थ के हो ?"** (यसको अर्थ वचनद्वारा अर्थात् बोलेर सबै सृष्टिलाई अस्तित्वमा ल्याउनुभएको हो ।)
- परमेश्वरले स्वर्गदूतहरूलाई पनि बनाउनुभयो (पाठ २) । सोध्नुहोस् ती **"स्वर्गदूतहरूले गर्ने मूख्य काम के थियो ?"** (परमेश्वरको सेवा र आराधना गर्नु)
- परमेश्वर सबैभन्दा शक्तिशाली हुनुहुन्छ (पाठ १) । सोध्नुहोस् **"परमेश्वर धेरै शक्तिशाली हुनुहुन्छ भनी हामी कसरी जान्न सक्छौं ?"** (उहाँको नाउँको अर्थ पनि यही नै हो र उहाँले सृष्टिमा गर्नुभएको कामको कारण हामी जान्दछौँ कि उहाँ अति नै शक्तिशाली हुनुहुन्छ)

**क्रियाकलापहरूको समीक्षा गर्नुहोस्**

बालबालिकाहरूलाई समूहमा विभाजन गरेर यी प्रश्नका उत्तरहरू दिन लगाउनुहोस् र उनीहरूले प्राप्त गरेको अंक बोर्डमा लेख्नुहोस् । हरेक समूहलाई प्रत्येक सहि उत्तरको १ अंक अथवा तपाईंलाई उचित लागेको अंक दिनुहोस् । बालबालिकाहरूले दिएका उत्तरहरू सही नभए पनि उनीहरूको प्रोत्साहनको लागि सधैं प्रशंसा गर्नुहोस् । उनीहरूलाई कहिल्यै पनि खसालेर नकरात्मक शब्दमा नबोल्नुहोस् ।

## ३) पाठ सिकाउनुहोस्

१. परीक्षाहरू भनेको परमेश्वरले चाहानुभएको जस्तो जीवनलाई त्यागेर शैतानले चाहेको जस्तो जीवन जिउनलाई उत्साह दिने उसको निमन्त्रणा हो । शैतानले हामीलाई किन परीक्षा गर्न चाहान्छ ?

२. पाप गर्नुको अर्थ चाहिँ "निशानामा चुक्नु" हो भन्ने बुझिन्छ । त्यो निशाना चाहिँ पवित्र परमेश्वरको सिद्ध मापदण्ड हो ।

३. शैतानले आदम र स्त्रीलाई पाप गर्नलाई परीक्षामा पार्‍यो र यसमा ऊ सफल पनि भयो । तर उसले यो कसरी गर्न सक्यो ?

लुसिफरलाई त्यसको विद्रोहको पापको कारण स्वर्गबाट बाहिर निकालिएको केहि समयपछि ऊ सर्पको भेष धारण गरेर पृथ्वीमा गयो । साधारणतयाः पशुहरू बोल्न सक्दैनन् तर यस सर्पमा भने विशेष क्षमता थियो । यसैले परमेश्वरले पुरुषको सहयोगी हुनलाई बनाउनुभएको त्यस स्त्रीसँग त्यसले बातचित गऱ्यो । लुसिफर जसलाई अहिले हामी शैतान भन्छौं, मानिसले पनि परमेश्वरको विरुद्धमा पाप गरोस् भन्ने त्यसले चाहान्थ्यो । उसले गरेजस्तै तिनीहरूले पनि परमेश्वरको विरुद्ध विद्रोह गरोस् भन्ने त्यो चाहान्थ्यो । शैतानको इच्छाः जति सक्छ धेरैभन्दा धेरै जनालाई आफ्नो पछि लगाउने थियो । जसरी आदम र स्त्रीले परमेश्वरको विरुद्ध विद्रोह गरोस् भन्ने शैतानले चाहान्थ्यो, त्यसरी नै हामीले पनि परमेश्वरको विरुद्धमा विद्रोह गरोस् भन्ने त्यसले चाहान्छ ।

शैतानले सिधै आएर "परमेश्वरको विरुद्ध विद्रोह गर्" भनेन । उसले स्त्रीलाई परमेश्वरले भन्नुभएको कुरामा शङ्का गर्न लगायो अर्थात् प्रश्न उत्पन्न गरिदियो । शैतानले स्त्रीलाई भन्यो, "के परमेश्वरले साँच्चै तिमीहरूलाई कुनै रूखको फलबाट नखानु भन्नुभएको छ ?" त्यस सर्प/शैतान अति नै चलाख र छली थियो । वास्तवमा स्त्रीलाई परमेश्वरले भन्नुभएको कुराबाट बहकाउनलाई त्यो अति नै तल्लीन भएको देखिन्छ ।

स्त्रीले सर्पलाई जवाफ दिँदै भनी, "हामी बगैंचाका रूखहरूको फल खान सक्छौं, तर परमेश्वरले भन्नुभएको छ, "तिमीहरूले बगैंचाको बीचमा भएको रूखको फल नखानु, र नछुनु, नत्र तिमीहरू मर्नेछौ ।" ती स्त्रीले परमेश्वरले भन्नुभएको कुरालाई बढाईचढाई गरी । परमेश्वरले तिनीहरूलाई एउटा रूखको, अर्थात् असल र खराबको ज्ञान दिने रूखको फल चाहिँ नखानु भन्नुभएको थियो । उहाँले त्यस फल छुने विषयमा केहि पनि भन्नुभएको थिएन ।

शैतानले स्त्रीको हृदयमा के परमेश्वरले साँच्चै नै पापका निम्ति दण्ड दिनुहुन्छ र भन्ने कुरामा शङ्का उत्पन्न गराईदियो । शैतानले उसलाई भन्यो, "तिमीहरू निश्चय नै मर्नेछैनौ । शैतानले स्त्रीलाई परमेश्वरले प्रतिज्ञा गर्नुभएझैं अनाज्ञाकारितालाई दण्ड दिनुहुनेछैन भनेर विश्वास दिलाउन खोजिरहेको थियो, जबकि परमेश्वरले पापलाई दण्ड दिनुहुन्छ भन्ने कुरा शैतानलाई थाहा थियो । त्यसको स्वार्थी निर्णयकै कारणले अहिले त्यो स्वर्गमा छैन ।

ठिक त्यसपछि, परमेश्वरले उहाँ स्वार्थी र ईर्ष्यालु हुनुभएको कारण मात्र उहाँले त्यो भन्नुभएको थियो भनेर शैतानले भड्कायो । उसले भन्यो, परमेश्वरलाई थाहा छ कि जुन दिन तिमीहरू यसबाट खान्छौ, त्यही दिन तिमीहरूका आँखाहरू खोलिनेछन् र तिमीहरू पनि परमेश्वरजस्तै असल र खराब जान्ने हुनेछौ । यसरी शैतानले स्वार्थी हुने निर्णय गऱ्यो, र त्यसले स्त्रीलाई पनि स्वार्थी निर्णय लिनको लागि मनाउने कोसिस गऱ्यो । शैतानले तर्क राख्दै भन्यो, परमेश्वर स्वार्थी हुनुहुन्छ, र तिमीहरू पनि उहाँजस्तै हुनेछौ भनी डाह गर्नुहुन्छ ।

अन्त्यमा, शैतानले आदम र स्त्रीले पनि परमेश्वरप्रति शङ्का गरोस्, र उहाँले गर्नुभएको प्रतिज्ञालाई इन्कार गरि परमेश्वर स्वार्थी हुनुहुन्छ भनी विश्वास गरून् भन्ने चाहान्थ्यो । शैतानले स्त्रीलाई उसका ती झुटा कुराहरूमा विश्वास दिलायो । उनले असल र खराबको ज्ञान दिने रूखको फल खाईन् । त्यसपछि उसले आफ्नो श्रीमानलाई पनि केहि खानलाई दिईन्, र उसले पनि त्यो खायो ।

## स्तुति-प्रशंसा आराधना

स्तुति-प्रशंसा र आराधना गर्ने तरिकाहरू संसारभरि फरक-फरक रहेको पाईन्छन् । यो पाठ्यक्रमको उद्देश्य भनेको विषयवस्तुसँग मिल्दो जुल्दो भजनहरू छान्नु उत्तम हुन्छ भनि सुझाव दिनु हो । स्तुति-प्रशंसा र आराधना सम्बन्धी भजनहरू प्राय: यूट्यूबमा पनि राखिएका हुन्छन् । तापनि शिक्षकले आफ्नो स्वतन्त्र इच्छा अनुसार त्यस्तै पाठसँग मिल्दो जुल्दो भजनहरू छान्न सक्नुहुन्छ ।

यस पाठका निम्ति "सारा सृष्टिको मालिक तपाईंलाई (भजन नं. ४७४)" बोलको भजन गाउने सल्लाह दिईन्छ ।

## बाइबलीय क्रियाकलाप

कथा वाचक : आदम र स्त्रीलाई बस्नका निम्ति एउटा सुन्दर बगैंचा दिइएको थियो, जहाँ सुन्दर रूखहरू र फूलहरू, हरप्रकारका जीवजन्तुहरू र प्रशस्त असल खानेकुराहरू थिए । यी सब उनीहरूको प्रेमिलो सृष्टिकर्ता परमेश्वरबाट उनीहरूलाई उपहार थियो । परमेश्वरले उनीहरूलाई बगैंचाको एउटा रूखबाहेक अरू सबै रूखका फलहरू खान सक्छन भन्नुभएको थियो । परमेश्वरले भन्नुभएको थियो, यदि उनीहरूले त्यस मनाही गरेको रूखको फल खाएमा, उनीहरू निश्चय मर्नेछन् ।

परमेश्वरले सृष्टि गर्नुभएका सबै सुन्दर कुराहरू, विशेष गरी सुन्दर फलहरूको बारेमा कुरा गर्दै आदम र स्त्री बगैंचामा हिँडिरहेको दृश्यबाट यो शुरू हुन्छ। (बालबालिकाहरूलाई उनीहरू हिँड्दा देख्ने कुराहरूप्रति रचनात्मक हुने उत्साह दिनुहोस् किनभने उनीहरू आफ्नो कल्पना शक्तिको प्रयोग गर्न मन पराउँछन् !)

कथाको वर्णन : एक दिन तिनीहरू बगैंचामा डुल्दै गर्दा एउटा सुन्दर सर्प देखा पर्‍यो र स्त्रीसँग कुरा गर्न थाल्यो । वास्तवमा त्यो दुष्ट परमेश्वरको शत्रु थियो र सर्प भित्र भएर बोलिरहेको थियो भन्ने कुरा स्त्रीले थाहै पाईनन् । त्यसले स्त्री र आदमलाई परमेश्वरको आज्ञा उल्लङ्घन गराउनका निम्ति छल गर्ने प्रयास गरिरहेको थियो ।

शैतान सर्पलाई प्रयोग गरेर दृश्यमा प्रवेश गर्छ । शैतानले सर्पको साहारा लिएर काम गर्छ । (सर्पमा भएर शैतान नै बोलेको हो भनी देखाउन) उसले भन्छ, "के साँच्चै परमेश्वरले तिमीहरूलाई यो बगैंचाको कुनै फल नखानू भन्नुभएको छ ?"

स्त्रीले (अन्जान बन्दै) : "होइन, त्यो बीचको रूखको फल बाहेक हामी बगैंचाको कुनै पनि रूखको फल खान सक्छौं । परमेश्वरले त्यस एउटा रूखको फल चाहिँ नखानू वा नछुनू, नत्र तिमीहरू मर्नेछौ भन्नुभएको छ ।"

### बाइबलीय क्रियाकलाप

यस पाठको समीक्षा गर्नलाई बालबालिकाहरूले यो कथालाई नाटकको रूपमा "अभिनय" गरेर प्रस्तुत गर्न सक्छन् । शिक्षकले उनीहरूलाई नाटक गर्नमा निर्देशन गर्नुपर्छ, र धेरै पटक अभ्यास पनि गराउनुपर्छ । यदि कथा वाचन गर्न अथवा वर्णन गर्न सक्ने उमेरको बालबालिकाहरू छन् भने उसले यो पढ्न सक्छ, छैन भने अरू नै कुनै ठूलो व्यक्तिले कथा वाचकको भूमिका खेल्न सक्छ ।

शैतान (विश्वास लाग्दो भावमा) : "तिमीहरू निश्चय नै मर्नेछैनौ ! किनकि जुन दिन तिमीहरू यसबाट खान्छौ, त्यही दिन तिमीहरूका आँखाहरू खोलिनेछन् र तिमीहरू परमेश्वरजस्तै असल र खराब जान्ने हुनेछौ भनी परमेश्वर जान्नुहुन्छ ।"

कथा वाचकः स्त्रीले फललाई हेरिन् र मुस्कुराईन् । उनले शैतानले भनेको कुराको बारेमा सोचिन् । वास्तवमै उनले सोचिन् कि त्यो सर्प उनको मित्र थियो, उनले थाहा पाइनन् कि त्यो शैतान थियो । उनले ती झुठ कुराहरूमा विश्वास गरेर परमेश्वरको वचनमा शंका गरिन् । त्यसपछि उनले आफ्नो हात लम्काएर फल टिपिन् । (यदि सम्भव हुन्छ भने सक्कली फल प्रयोग गर्नको लागि ल्याउनुहोस् । बाइबलले त्यो कुन फल थियो भनेर बताउँदैन त्यसैले तपाईंसँग जुन फल उपलब्ध छ त्यहि फल प्रयोग गर्न सक्नुहुन्छ ।) आफुले खाएपछि आदमलाई पनि दिइन् । उसले पनि मुस्कुराउँदै खायो । अचानक उनीहरू धेरै डराएको देखिन्छन् । जसरी कथावाचकले दृश्यको वर्णन गर्दछन् पात्रहरूले त्यहि अनुसार नै अभिनय गर्नुपर्दछ ।

स्त्रीः आदम, हामीले यो के गर्‍यौं ? म साह्रै लज्जित छु ।

आदमः मैले पनि त्यस्तै महसुस गरिरहेको छु, स्त्री ! परमेश्वरले भन्नुभएको कुरामा हामीले कसरी शंङ्का गर्‍यौं ? परमेश्वरले हामीलाई यो अवस्थामा देख्नु उचित हुँदैन ! (आदम र स्त्री डराउँदै भाग्छन् ।)

## कण्ठ गर्नुपर्ने पद

**उत्पत्ति ३:६ (टि.बी.एस) -** अनि त्यो रूख भोजनका निम्ति असल, आँखाका निम्ति मनोहर र बुद्धिमान् बनाउनका निम्ति त्यो रूख चाहाना गर्न लायकको रहेछ, सो त्यस स्त्रीले देखि, तब उसले त्यसको फलबाट टिपी, र खाई, अनि आफूसित भएका आफ्ना पतिलाई पनि दिई; अनि तिनले पनि खाए ।

## ४) पाठको समीक्षा गर्नुहोस्

यो पाठ तीन वटा मूख्य तथ्यहरूमा केन्द्रित छ ।

१. शैतानले सर्पको रूप लिएर, अदनको बगैंचामा स्त्रीसँग बोलेको छ ।

२. शैतानले परमेश्वरको वचनलाई गलत व्याख्या गर्दै परमेश्वरले साँच्चै दण्ड दिनुहुन्छ र ? भन्ने कुरामा स्त्रीलाई शङ्का गर्न बाध्य बनायो । शैतानले आफ्नो कुरालाई जोड दिँदै परमेश्वर स्वार्थी र ईर्ष्यालु हुनुहुन्छ भनेर भन्यो ।

३. स्त्रीले परमेश्वरद्वारा निषेध गरिएको फल खाई र आफ्नो पतिलाई पनि खानलाई प्रभावित गरी । यही नै मानिसको पापको शुरूवात थियो र हामी यसलाई "पतन" भन्छौं ।

**शिक्षक साहयता**

**पद कण्ठ गर्ने क्रियाकलाप :**

कण्ठ गर्नुपर्ने पद केहि पटकसम्म सँगसगैं दोहोर्‍याएर भन्नुहोस् । यदि तपाईंको समूह ठूलो छ भने थप माछा मार्ने नक्कली डन्डा, बाल्टिन र बाइबल पद लेखिएको सानो-सानो टुक्रा बनाउनुहोस् । माछा मार्ने डन्डाको रूपमा सानो लठ्ठि वा २४ इन्च जतिको लामो लौरो प्रयोग गर्नुहोस् । टुप्पोमा डोरीले चुम्बक बाँध्नुहोस् । बाल्टिनमा पानी भरेर ल्याउनुहोस् । पानी पोखिएला त्यसैले भुइँ पुछ्नलाई तौलिया पनि ल्याउनुहोस् । बाइबल पदलाई वाक्यांशहरूमा छुट्याउनुहोस् । (उदाहरणका लागि उसले फलबाट टिपी, अनि खाइ, र उसले दिई...) । यस पदबाट ८ वटा टुक्राहरू बनाउन सकिन्छ । ८ वटा चुम्बकको टुक्रा ल्याउनुहोस् र तिनमा नमेटिने मसीको कलमले नम्बर लेख्नुहोस् । नम्बर लेखेका चुम्बकहरू पानीको बाल्टिन भित्र राख्नुपर्छ । विद्यार्थीहरूले बल्छी हालेर माछा मार्दा जुन नम्बर निकाल्छन्, त्यो पदको त्यही नम्बरको भाग उसलाई दिनुपर्छ । सबै पदहरू दिइसकेपछि तिनीहरूलाई त्यो पद एकसाथ मिलाउन लगाउनुहोस् ।

## ५) पाठ लागु गर्नुहोस्

मूख्य धारणा :

सोध्नुहोस् **“के तपाईंहरूको विचारमा यो कक्षामा कहिल्यै पाप नगरेको वा कहिल्यै परमेश्वरको आज्ञा उल्लङ्घन नगरेको कुनै व्यक्ति छ होला ?”**

बाइबलको यस आशाको कथाबाट आठवटा मुख्य सत्यताहरू स्पष्ट देख्न सकिन्छ बाइबलको यस सत्य कथाबाट परमेश्वरले पापलाई दण्ड दिनुहुन्छ भन्ने महत्वपूर्ण शिक्षा सिक्न सक्छौं ।

१. **परमेश्वर** - शुरूमा त्यहाँ एक मात्र शक्तिशाली र अनन्त परमेश्वर हुनुहुन्थ्यो ।

२. **मानिस** - परमेश्वरले सबैथोकलाई सृष्टि गर्नुभयो । उहाँले पुरूष र स्त्री दुवैलाई उहाँको असल मित्रहरू हुनको लागि आफ्नै स्वरूपमा सृष्टि गर्नुभयो ।

३. **पाप** - पुरूष र स्त्रीले परमेश्वरको आज्ञा उल्लंघन गरे । उहाँले जे भन्नु भएको थियो त्यो उनीहरूले नगरेर पाप गरे र त्यसदिन देखि मानव जातीमा पापले प्रवेश गऱ्यो ।

४. **मृत्यु** - परमेश्वरले पुरुष र स्त्रीलाई तिनीहरूको अनाज्ञाकारिताको निम्ति दण्ड दिनुभयो । बाइबलमा उल्लेख गरिएको यस मृत्युले अलग हुने कुरालाई बुझाउँदछ ।

५. **ख्रीष्ट** - परमेश्वरले आफ्नो एक मात्र विशेष पुत्रलाई संसारमा पठाउनुभयो जसले सिद्ध जीवन जीउनु भयो ।

६. **क्रुस** - येशू संसारको पापको लागि क्रुसमा मर्नुभयो ।

७. **विश्वास** - यदि कसैले ख्रीष्टमा विश्वास गर्छ भने, परमेश्वरले तिनीहरूलाई स्वागत गर्नुहुन्छ ।

८. **जीवन** - ख्रीष्टमाथि विश्वास गर्नेहरूलाई परमेश्वरले अनन्त जीवन दिनुहुन्छ ।

**कथाको मूख्य सार : शैतानले आदम र स्त्रील( ई परीक्षा गर्यो । उनीहरूले परमेश्वरको आज्ञा उल्लङ्घन गरे ।**

### समीक्षा क्रियाकलाप

बालबालिकाहरूलाई यस पाठबाट उनीहरूले सिकेको एउटा मूख्य कुरा लेख्न लगाउनुहोस् । त्यसपछि, उनीहरूले सिकेको त्यस कुरा कक्षामा पालै पालो एकअर्कालाई सुनाउन लगाउनुहोस् । उनीहरूले हरेक नयाँ कुरा जुन अरूबाट सुन्छन् त्यो कुरा पनि लेख्नुपर्दछ । यो प्रक्रियालाई धेरैपटक सम्म दोहोऱ्याउन सक्नुहुन्छ । त्यसपछि, बालबालिकाहरूले पाठबाट सिकेका मूख्य कुराहरूको एउटा सूची बनाउनुहोस् ।

### मूख्य धारणा

शिक्षकले निश्चित पापको विषयमा सोधिरहनुपर्दैन । शिक्षकले बालबालिकाहरूलाई यति बुझ्न सहायता गर्नुपर्छ, कि उनीहरूले गरेका वा बोलेका केहि कुराको परमेश्वरले न्याय गर्नुहुन्छ ।

# रोचक घटना नं ८

## उत्पत्ति ३:७-१३, उत्पत्ति ५:५

**कथाको मूख्य सार : पापले आदम र स्त्रीलाई परमेश्वरदेखि अलग बनायो ।**

### १) पाठको अध्ययन गर्नुहोस् (कक्षामा जानु अघि)

- जब परमेश्वरले मृत्युको कुरा गर्नुहुन्छ, उहाँले अलग हुने विषयमा भनिरहनुभएको हुन्छ । पापको कारण तीन किसिमको मृत्यु हुन्छः आत्मिक मृत्यु, शारीरिक मृत्यु र अनन्तको मृत्यु ।
- उत्पत्ति ३:७ को शुरूको वचनले पाठकलाई मृत्युको अर्थ खोज्न बाध्य बनाउँछ । शैतानले तिनीहरूका आँखा खोलिनेछन् भनेको कुरा साँच्चै सत्य भयो ।
- तिनीहरूले जुन शर्मको अनुभव गरे त्यो पापको नतिजा थियो ।
- आदम र स्त्रीले अञ्जीरका पातहरू गाँसेर आफ्ना निम्ति वस्त्र बनाए, तर परमेश्वरसँग तिनीहरूका निम्ति त्योभन्दा अझ उत्तम योजना थियो ।
- साँझमा परमेश्वर आदम र स्त्रीसँग बोल्नुभयो । सायद तिनीहरूले आफैलाई ठूलो दोषी महसुस गरेको हुनाले तिनीहरू परमेश्वरबाट लुकेको हुनुपर्छ ।
- आदम र स्त्रीले परमेश्वरदेखि भाग्न सकिन्छ भनी सोच्नु मूर्खता थियो । परमेश्वर र आदमको कुराकानी भयो अनि परमेश्वरले उसको वस्त्र छैन भनी कसले भन्यो भनी सोध्नुभयो । उहाँले त्यो रूखको फल तिनीहरूले खाए कि भनेर पनि सोध्नुभयो । परमेश्वरलाई वास्तविकता थाहा नभएको होइन, तिनीहरूले त्यो खाए र तिनीहरू नाङ्गै छन् भनी उहाँले जान्नुहुन्थ्यो ।
- आदमले परमेश्वरलाई दोष लगायो । किनकि ती स्त्री उसको साथी र सहयोगीको रूपमा उसलाई दिइएको थियो, उसले त्यस स्त्रीलाई प्रेम गरेको हुनाले अनि स्त्री नाश भएकी बुझेर उ बाँच्दिन भन्ने निश्चियतामा त्यो फल खाएको थियो ।
- आदम र स्त्रीले पाप गर्दा तिनीहरूले त्यो फल खाएको कुरा मात्र थिएन । तर त्यसमा उनीहरूले आफैलाई प्रेम गरेको र परमेश्वरलाई अनादर गरेको कुरालेतिनीहरूमा शर्म उत्पन्न गरायो ।
- सृष्टिर्ताको सट्टामा सृष्टि गरिएको कुरालाई छान्ने काम पापमा परिणत भयो ।

**शिक्षक साहायता**

शिक्षकको निर्देशनको लागि पाठलाई पाँचवटा मुख्य भागहरूमा विभाजन गरिएको छ । शिक्षण प्रक्रियाको प्रत्येक भागहरू महत्वपूर्ण छन् र प्रभावकारी रूपमा शिक्षा दिनका निम्ति ती पाँचैवटा भाग पालन गर्नु पर्छ । क्रमबद्ध बाइबल शिक्षा बालबालिकाहरूलाई सुसमाचार प्रचार गर्ने र चेला बनाउने एउटा उत्तम तरिका हो । बालबालिकाहरूले बाइबलका कथाहरू जानेपछि बाइबलका परमेश्वरलाई चिन्नेछन् र कसरी उहाँलाई विश्वासद्वारा स्वीकार गर्नुपर्छ भन्ने पनि जान्नेछन् ।

यी पाँचवटा चरणहरू पाठ सिकाउनका लागि महत्वपूर्ण भागहरू हुन् । पाठ पढाउनुभन्दा अघि तयारी गर्नु अति नै आवश्यक हुन्छ अनि कक्षा हुने दिनसम्म पनि यो गरिनुपर्छ । जब कक्षाको समय शुरू हुन्छ पाठको परिचय कुनै यस्तो धारणा वा तरिकाद्वारा प्रस्तुत गर्नुहोस्, जसले विद्यार्थीहरूलाई सिक्ने प्रक्रियामा सहभागी हुन उत्साह प्रदान गरोस् । कथाको शिक्षा विभिन्न प्रकारले: मुखले भनेर, गाएर, बाइबलका पदहरू कण्ठ गरेर अनि विभिन्न कार्यहरू गरेर दिन सकिन्छ । यो पाठ र यो भन्दा पहिलेको पाठहरू अवश्य दोहोऱ्याएर हेर्नुहोस् । यो पाठ पढाई सकेपछि अन्त्यमा सायद सबैभन्दा महत्वपूर्ण कुरा तपाईंको कक्षालाई अपनाउनपर्ने वा लागू गर्नुपर्ने केहि कुराहरू दिनुहोस् ताकि जसले उनीहरूलाई जीवन जीउन मद्दत गरोस् ।

©प्रतिलिपी अधिकार २०१७ जिम कुक

## २) पाठ शुरू गर्नुहोस्

- हामीले बाइबलमा के भयो भनि छलफल गर्ने क्रममा अब त्यो समय-अवधि अर्थात्युगको बारेमा कुरा गर्नेछौं । यसले हामीलाई त्यो बेला के भएको थियो र कुन समयकालमा भएको थियो भनी जान्नलाई सहायता गर्नेछ । बाइबलका घटनाहरूको मिति तोक्नु गाह्रो छ, त्यसैले यहाँ हामीले त्यसो गरेका छैनौं । तापनि हामी त्यो समय-अवधिको बारेमा सिक्नेछौं ।
- हामीले अध्ययन गरेको पहिलो शुरूवात के थियो ?(सृष्टि)
- सृष्टिको समय-अवधिबाट हामीले सिकेका केहि विषयवस्तुहरू के-के थिए ?(परमेश्वर शक्तिशाली हुनुहुन्छ । परमेश्वरले सबै कुराहरूको सृष्टि गर्नुभयो । परमेश्वरले मानिसलाई उहाँको विशेष मित्र हुनका लागि सृष्टि गर्नुभयो)
- हामीले अरू कुन समय-अवधिको बारेमा चर्चा गऱ्यौं ? (पतन)
- हामीले पतनको समय-अवधिबाट सिकेका केहि शिक्षाहरू के-के हुन् (शैतानलाई स्वर्गबाट बाहिर फालियो, शैतानले आदम र स्त्रीलाई परीक्षा गऱ्यो, अनि आदम र स्त्रीले पाप गरे ।)

## ३) पाठ सिकाउनुहोस्

बालबालिकाहरूलाई सोध्नुहोस्, **"यदि शैतानले तपाईंहरूलाई परीक्षा गऱ्यो भने के तपाईंहरू त्यसको परीक्षाको विरोध गर्न सक्नुहुन्छ ? परीक्षाबाट वचने सबैभन्दा उत्तम उपाय के हो ?"** तपाईंका बालबालिकाहरूलाई तिनीहरूले दिएका उत्तरहरू स्पष्ट पार्न लगाउनुहोस् ।

**"शैतानले कुन-कुन प्रकारले तपाईंलाई परीक्षा गर्छ अथवा गरेको छ ?"** तिनीहरूलाई यो बुझ्न सहायता गर्नुहोस् कि शैतानले सबैलाई परमेश्वरको आज्ञा उल्लङ्घन गराउनलाई परीक्षा गर्छ ।

**बाइबलको घटनाक्रम**

पाठ्यक्रमको शुरूमा रहेको विषय-सूचीमा सम्पूर्ण बाइबलमा भएका अवधिहरू वा युगहरू दिइएको छ । सूचीको लागि विषय-सूचीको पाना पल्टाउनुहोस् । पढाई रहेको रोचक घटनाको समयरेखा कुन हो भनेर थाहा पाउनको लागि पृष्ठको तल्लो भागमा देख्न सक्नुहुनेछ । यस पाठको समयरेखा "शुरुवातहरू" हो । कथा भन्दै गर्दा समयरेखा वा घटनाक्रम महत्वपूर्ण हुन्छ । शिक्षक र विद्यार्थी दुवैले बाइबलको महान् कथा अझ स्पष्ट रूपमा बुझ्नेछन् ।

## कथा भन्नुहोस्

शैतानले त्यसो गऱ्यो। त्यसले आदम र स्त्रीलाई परमेश्वरको आज्ञा उल्लङ्घन गर्न लगायो। जब शैतानले उनीहरूलाई "तिमीहरू मर्दैनौ" भन्यो, त्यस बेला त्यसले झुटो बोल्दैछ भनी त्यसलाई थाहा थियो । आदम र स्त्री निश्चय नै मर्नेछन् भनी त्यसलाई थाहा थियो तापनि तिनीहरू मर्नेछैनन् भनी त्यसले तिनीहरूलाई विश्वास दिलायो । त्यसले आदम र त्यस स्त्रीलाई परमेश्वरले त्यो असल र खराबको ज्ञान दिने रूखको फलबाट साँच्चै नखानू भन्नुभएको होइन भनी भन्यो ।

त्यस फलबाट खाए लगत्तै आदम र त्यस स्त्रीले आफूले भुल गरेको थाहा पाए। तिनीहरूले दोषी महसुस गरे र परमेश्वरदेखि लुक्ने कोसिस गरे । तिनीहरूले अञ्जीरको पातबाट आफ्नो निम्ति वस्त्र बनाउने कोसिस पनि गरे। कस्तो मूर्खता! अदनको बगैँचामा तिनीहरू मात्र थिए, तापनि तिनीहरूले अञ्जीरका पातहरूबाट वस्त्र बनाउने कोसिस गरे । त्यसले काम गरेन । साँझमा तिनीहरूले परमेश्वरको नजरबाट लुक्न सकिन्छ भनी सोचे । तिनीहरूले आज्ञापालन नगरेकाले तिनीहरूमा दोषको भावना थियो त्यसकारणले उनीहरूले त्यस्तो गरेका थिए । परमेश्वरले बोलाउनुभयो र तिनीहरू कहाँ छन् भनी सोध्नुभयो । तिनीहरू कहाँ छन् भनी उहाँ जान्नुहुन्थ्यो, उहाँले केवल जवाफ पाउन चाहानुहुन्थ्यो । उहाँ सिधै तिनीहरूकहाँ गएर बातचित गर्न सक्नुहुन्थ्यो, तर तिनीहरू अगाडी आऊन, उहाँसँग प्रत्यक्ष कुराकानी गरून् र तिनीहरूका पाप स्वीकार गरून् भन्ने उहाँ चाहानुहुन्थ्यो ।

परमेश्वरले आदमलाई अर्को प्रश्न गर्नुभयो, "तिमीहरू नाङ्गै छौ भनी कसले भन्यो" फेरि पनि परमेश्वरले यो प्रश्नको उत्तर जान्नुहुन्थ्यो तर उहाँ आदम र उसकी पत्नी अगाडी आएर उहाँसँग प्रत्यक्ष रूपमा कुरा गरून् भन्ने चाहानुहुन्थ्यो । परमेश्वरले जान्नुहुन्थ्यो कि त्यस शैतान अर्थात् सर्पले नै तिनीहरूलाई गल्ती गर्न परीक्षा गरेको थियो। परमेश्वरले कहिल्यै कसैलाई पनि गलत कार्य गर्नलाई परीक्षा गर्नुहुन्न। शैतानले मात्र त्यसो गर्छ ।

त्यसपछि, परमेश्वरले स्त्रीलाई सोध्नुभयो, "तिमीले यो के गऱ्यौ ?" परमेश्वरलाई यो प्रश्नको जवाफ पनि थाहा थियो, तर त्यस स्त्री उहाँको अघि आएर उहाँको सामुन्ने बोलोस् भन्ने चाहानुहुन्थ्यो। यस पटक स्त्रीले सही कुरा भनी। शैतानले परीक्षा गरेकोले त्यस फलबाट खाएको कुरा बताई । तर कुरा त्यति मात्र थिएन । शैतानले उसलाई परीक्षा गरेको साँचो हो तर स्त्रीले आफ्नो पापका निम्ति शैतानलाई दोष लगाइरहेकी थिई । त्यो गलत थियो । परमेश्वर उसले आफ्नो गल्ती उहाँको सामु स्वीकारोस् भन्ने चाहानुहुन्थ्यो। त्यसो नगरेर उसले शैतानलाई दोष लगाई। परमेश्वरले उसको कुरा अथवा स्पष्टीकरण स्वीकार्नु हुनेछ भनी उसले सोची । तर जसरी परमेश्वरले अञ्जीरका पातहरूलाई स्वीकार गर्नुभएन, त्यसरी नै उसको स्पष्टीकरणलाई पनि स्वीकार गर्नुभएन ।

यसरी आदम र स्त्री केहि वर्षसम्म पृथ्वीमा बाँचे त्यसपछि तिनीहरू मरे । उनीहरू आफ्ना पापको कारणले मरे । तिनीहरूमध्ये कोहि पनि मरून् भन्ने परमेश्वरको इच्छा थिएन । तिनीहरू त सदासर्वदा जिउनु पर्थ्यो । तर अदनको बगैँचामा तिनीहरूले गरेको अनाज्ञाकारिताले दण्ड ल्यायो र त्यो दण्ड मृत्यु थियो । बाइबलमा

आजको बाइबल खण्ड ठूलो सोरमा पढ्नुहोस् अथवा पढ्न लगाउनुहोस् उत्पत्ति ३:७-१३ र ५:५ त्यो पढदा बालबालिकाहरूलाई परमेश्वर, मानिस, स्त्री र सर्पको उल्लेख गरिएका शब्दहरू सुन्न लगाउनुहोस् ।
जब उनीहरूले यस्तो केहि शब्दहरू सुन्छन् तब हात उठाउन लगाउनुहोस् अनि आफैलाई भन्न लगाउनुहोस् यहाँ अहिले के हुँदैछ ।

मृत्युले शरीरमा अलग भएको र आत्मामा परमेश्वरबाट अलग भएको अवस्थालाई बुझ्काउँछ। जो पापमा मर्छन् तिनीहरूले फेरि कहिल्यै पनि स्वर्गमा परमेश्वरको साथ पूर्ण शान्तिमा जिउन सक्नेछैनन्। मृत्यु तिनीहरूका अनाज्ञाकारिताका निम्ति दिइएको दण्ड थियो। परमेश्वरदेखि अलग हुनु नै त्यो दण्ड थियो।

## स्तुति-प्रशंसा आराधना

स्तुति-प्रशंसा र आराधना गर्ने तरिकाहरू संसारभरि फरक-फरक रहेको पाईन्छन्। यो पाठ्यक्रमको उद्देश्य भनेको विषयवस्तुसँग मिल्दो जुल्दो भजनहरू छान्नु उत्तम हुन्छ भनि सुझाव दिनु हो। स्तुति-प्रशंसा र आराधना सम्बन्धी भजनहरू प्रायः यूट्यूबमा पनि राखिएका हुन्छन्। तापनि शिक्षकले आफ्नो स्वतन्त्र इच्छा अनुसार त्यस्तै पाठसँग मिल्दो जुल्दो भजनहरू छान्न सक्नुहुन्छ।

यस पाठका निम्ति "सारा सृष्टिको मालिक तपाईंलाई (भजन नं. ४७४)" बोलको भजन गाउने सल्लाह दिईन्छ।

## बाइबलीय क्रियाकलाप

बालबालिकाहरूसँग मिलेर तलका सही र गलत भनाइहरूमाथि छलफल गर्नुहोस्। तिनीहरूलाई प्रत्येक प्रश्नको उत्तर दिन लगाउनुहोस् र त्यो सही हो कि गलत हो सो भन्न लगाउनुहोस्। यदि तिनीहरूले गलत हो भनी उत्तर दिन्छन् भने किन गलत हो भन्न लगाउनुहोस्।

परीक्षा गर्ने शैतानले परमेश्वरका छोराछोरीहरूको मनमा परमेश्वरको चरित्रप्रति नै शङ्का उत्पन्न गराईदिन्छ। त्यसले हामीबाट परमेश्वरले केहि असल कुराहरू लुकाएर राख्नुभएको छ भन्ने कुराहरूको गलत सुझाव दिन्छ।

परीक्षा गर्ने शैतानले हाम्रो अनाज्ञाकारिताको नतिजा हामीलाई बताउँदैन।

परीक्षा गर्ने शैतानले परमेश्वर को हुनुहुन्छ र उहाँले हामीबाट के आशा राख्नुहुन्छ भन्ने कुरालाई कम महत्वको अर्थात् हल्का बनाउने प्रयास गर्छ।

परीक्षा गर्ने शैतानले हामीलाई धोखा दिएर हामी पनि परमेश्वरजस्तै हुन सक्छौं भनी सोँच्नलाई बहकाउने काम गर्छ।

शैतानले गर्ने प्रतिज्ञाहरू सधैँ सत्य नै भईरहेका हुन्छन्।

परमेश्वरले पाप वा अनाज्ञाकारिताका निम्ति सधैँ दण्ड दिनुहुन्छ।

हामीले परमेश्वरको वचनमा र उहाँको भलाईमा शङ्का गरेको शैतान चाहान्छ।

**शिक्षक साहयता**

**बाइबलीय क्रियाकलाप**

बालबालिकाहरूलाई सही र गलत प्रश्नहरूको उत्तर दिन लगाउनुहोस्। यदि समय छ भने, तिनीहरूलाई आफ्नो उत्तरको स्पष्टीकरण दिन लगाउनुहोस्। सही उत्तरलाई गाढा बनाईएको छ।

सही वा गलत

सही वा गलत

सही वा गलत

सही वा गलत

सही वा गलत

सही वा गलत

सही वा गलत

## कण्ठ गर्नुपर्ने पद

**रोमी ५:१२ (टि.बी.एस) -** यसकारण जसरी एकजना मानिसद्वारा संसारमा पाप पस्यो, र पापद्वारा मृत्यु आयो । अनि त्यसरी नै मृत्यु सबै मानिसहरूमा फैलियो; किनकि सबैले पाप गरेका छन् ।

## ४) पाठको समीक्षा गर्नुहोस्

आजको पाठ दोहोऱ्याउन हामी एउटा छोटो नाटक गरौं । कुनै एकजना विद्यार्थीलाई परमेश्वरको जस्तै आवाजको कल्पना गरी त्यसको नक्कल गर्दै यी तीनवटा प्रश्नहरू सोध्न लगाउनुहोस् (१) तिमीहरू कहाँ छौ ? (२) तिमीहरू नाङ्गो छौ भनी कसले भन्यो ? र (३) तिमीले यो के गऱ्यौ ?

- एक जना बालकलाई शैतान बनेर आदम र स्त्रीलाई परीक्षा गरेको अभिनय गर्न लगाउनुहोस् ।
- एउटा केटालाई आदम बन्न लगाउनुहोस् र आदमले परमेश्वरलाई दिएको जवाफ दिन लगाउनुहोस् ।
- एउटा केटीलाई स्त्री बन्न लगाउनुहोस् र स्त्रीले दिएको जवाफ दिन लगाउनुहोस् ।
- तपाईंले बाइबलबाट त्यस कथा पढ्न सक्नुहुन्छ, र बालबालिकाहरूले त्यस कथाको आधारमा अभिनय गर्न सक्छन् ।

**कण्ठ गर्नुपर्ने पद सम्बन्धित क्रियाकलाप**

कण्ठ गर्नुपर्ने पदको शब्दहरू ठूलो अक्षरमा कागजको टुक्राहरूमा लेख्नुहोस् । पदलाई अलग-अलग वाक्यांश वा शब्दहरूमा छुट्टायाउनुहोस् । ती कागजका टुक्राहरू कोठामा कसैले नदेख्ने ठाउँमा यताउति लुकाउनुहोस् । सबैलाई पद केहि पटक सम्म दोहोऱ्याउन लगाउनुहोस् । त्यसपछि बालबालिकाहरूलाई ती टुक्राहरू खोज्न लगाउनुहोस् । उनीहरूले ती भेट्टाई सकेपछि ती शब्दहरू एक ठाउँमा भेला गरेर त्यसलाई सहि क्रममा मिलाउन् लगाउनुहोस् । अब अन्त्यमा त्यस पद ठूलो स्वरमा पढ्नुहोस् अथवा पढ्न लगाउनुहोस् ।

**नाटकको समीक्षा गर्नुहोस् :**

बालबालिकाहरूलाई आफ्नै स्वइच्छामा विभिन्न भूमिकाहरूको अभिनय गर्न उत्साहित गर्नुहोस् : परमेश्वरको आवाज, सर्प, आदम र स्त्री । शिक्षकले बालबालिकाहरूलाई उनीहरूको भूमिकालाई सकेसम्म वास्तविक, साँच्चिकै जस्तो बनाउन र अन्य बालबालिकाहरूले हेर्दा पनि विश्वासिलो बनाउन मद्दत गर्नुहोस् ।

## ५) पाठ लागु गर्नुहोस्

बालबालिकाहरूलाई सोध्नुहोस् **"गएको हप्तामा हामीले बाइबलको आशाको कथाबाट आठवटा महत्वपूर्ण कुराहरू हेरेका थियौं के तपाईंहरूलाई ती आठवटा कुराहरू थाहा छ ?"**

१. **परमेश्वर** - शुरूमा त्यहाँ एक मात्र शक्तिशाली र अनन्त परमेश्वर हुनुहुन्थ्यो ।

२. **मानिस** - परमेश्वरले सबैथोकलाई सृष्टि गर्नुभयो । उहाँले पुरूष र स्त्री दुवैलाई उहाँको असल मित्रहरू हुनको लागि आफ्नै स्वरूपमा सृष्टि गर्नुभयो ।

३. **पाप** - पुरूष र स्त्रीले परमेश्वरको आज्ञा उल्लंघन गरे । उहाँले जे भन्नु भएको थियो त्यो उनीहरूले नगरेर पाप गरे र त्यसदिन देखि मानव जातीमा पापले प्रवेश गऱ्यो ।

४. **मृत्यु** - परमेश्वरले पुरुष र स्त्रीलाई तिनीहरूको अनाज्ञाकारिताको निम्ति दण्ड दिनुभयो। बाइबलमा उल्लेख गरिएको यस मृत्युले अलग हुने कुरालाई बुझाउँदछ।

५. **ख्रीष्ट** - परमेश्वरले आफ्नो एक मात्र विशेष पुत्रलाई संसारमा पठाउनुभयो जसले सिद्ध जीवन जीउनु भयो ।

६. **क्रुस** - येशू संसारको पापको लागि क्रुसमा मर्नुभयो ।

७. **विश्वास** - यदि कसैले ख्रीष्टमा विश्वास गर्छ भने, परमेश्वरले तिनीहरूलाई स्वागत गर्नुहुन्छ ।

८. **जीवन** - ख्रीष्टमाथि विश्वास गर्नेहरूलाई परमेश्वरले अनन्त जीवन दिनुहुन्छ ।

**कथाको मूख्य सार : पापले आदम र स्त्रीलाई परमेश्वरदेखि अलग बनायो ।**

**पाठ लागु गर्ने क्रियाकलाप :**

बालबालिकाहरूलाई दुईवटा समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहलाई दिईएको सत्य भनाईहरूको अर्थ मिल्ने भनाईसँग मिलाउन लगाउनुहोस् । जस्तै "परमेश्वर" शब्दसँग "शुरूमा शक्तिशाली परमेश्वर हुनुहुन्थ्यो" भन्ने भनाई मिल्छ । त्यसरी नै "मानिस" शब्द चाहिँ "परमेश्वरले उहाँको असल मित्रहरू हुन मानिसलाई सृष्टि गर्नुभयो" भन्ने भनाइसँग मिल्छ ।

उनीहरूलाई यो गर्नको लागि निश्चित समय दिनुहोस् । विजेता समूहको लागि इनामको व्यवस्था पनि गर्न सक्नुहुन्छ । तपाईं दुई वा तीन चोटिसम्म यो गर्न सक्नुहुन्छ । सबैलाई सहभागी हुने समय र मौका दिनुहोस् ।

# रोचक घटना नं ९

## उत्पत्ति ३:१४-१५

**कथाको मूख्य सारः परमेश्वरले शैतानको शिर कुल्चने एक विशेष व्यक्ति पठाउने प्रतिज्ञा गर्नुभयो ।**

### १) पाठको अध्ययन गर्नुहोस् (कक्षामा जानु अघि)

- यहाँ तीन प्रकारका दण्डहरू दिइएको थियो । पहिलो दण्ड सर्पको निम्ति थियो । दोस्रो दण्ड स्त्रीका निम्ति र तेस्रो दण्ड आदमका निम्ति थियो ।
- स्त्रीलाई परीक्षा गरेको हुनाले सर्पमाथि श्राप आई पर्‍यो ।
- सर्पले उसलाई कुल्चने कुर्कुच्चामा डस्नेछ, यसैले सर्पलाई खीष्टको मानवतालाई दु:ख दिने अनि उहाँका मानिसहरूमाथि कष्ट र सतावट ल्याउने अनुमति दिइयो । सर्पको विष त्यसको टाउकोमा हुन्छ, र त्यो भागमा चोट पार्नु घातक हुन्छ । खीष्टले शैतानलाई गर्नुहुने प्रहार घातक हुनेछ ।
- "तैँले त्यसको कुर्कुच्चो डस्नेछस्" भन्ने वाक्यांशले शैतानले खीष्टको पृथ्वीको शारीरिक जीवनमा बारम्बार उहाँलाई हराउने प्रयास गर्नेछ भन्ने बुझाउँछ । "त्यसले तेरो शिर कुच्याउनेछ" भन्ने वाक्यले खीष्ट मरेकाबाट फेरि जीवित हुनुभएपछि शैतानको हार हुनेछ भन्ने कुराको पूर्व संकेत गर्दछ । कुर्कुच्चोमा डसाई त्यति घातक हुँदैन, तर शिरमा हुने प्रहार घातक हुन्छ ।
- परमेश्वरले शैतानको शक्ति र मानिसहरू बीच निरन्तर लडाइँ हुने कुरा बताउनुभयो । शैतानका "सन्तान" हरूमा भूतात्माहरू र अन्धकारको राज्यमा सेवा गर्ने जो कोहि पनि पर्छन् । स्त्रीको सन्तान उसैको सन्तानहरूबाट जन्मने कुनै एक व्यक्ति हुन्छ ।
- आदम र स्त्रीले पाएका दण्डहरूले यो देखाउँछ, कि कुनै पनि प्रकारको पापलाई परमेश्वरले गम्भीर रूपले हेर्नुहुन्छ ।
- उत्पत्तिको पुस्तकमा यस्ता धेरै जना मानिसहरूको कथा पाईन्छ, जसको जीवन सर्पको कारण नष्ट भएको थियो ।

**शिक्षक साहायता**

शिक्षकको निर्देशनको लागि पाठलाई पाँचवटा मुख्य भागहरूमा विभाजन गरिएको छ । शिक्षण प्रक्रियाको प्रत्येक भागहरू महत्वपूर्ण छन् र प्रभावकारी रूपमा शिक्षा दिनका निम्ति ती पाँचैवटा भाग पालन गर्नु पर्छ । क्रमबद्ध बाइबल शिक्षा बालबालिकाहरूलाई सुसमाचार प्रचार गर्ने र चेला बनाउने एउटा उत्तम तरिका हो । बालबालिकाहरूले बाइबलका कथाहरू जानेपछि बाइबलका परमेश्वरलाई चिन्नेछन् र कसरी उहाँलाई विश्वासद्वारा स्वीकार गर्नुपर्छ भन्ने पनि जान्नेछन् ।

यी पाँचवटा चरणहरू पाठ सिकाउनका लागि महत्वपूर्ण भागहरू हुन् । पाठ पढाउनुभन्दा अघि तयारी गर्नु अति नै आवश्यक हुन्छ अनि कक्षा हुने दिनसम्म पनि यो गरिनुपर्छ । जब कक्षाको समय शुरू हुन्छ पाठको परिचय कुनै यस्तो धारणा वा तरिकाद्वारा प्रस्तुत गर्नुहोस्, जसले विद्यार्थीहरूलाई सिक्ने प्रक्रियामा सहभागी हुन उत्साह प्रदान गरोस् । कथाको शिक्षा विभिन्न प्रकारले: मुखले भनेर, गाएर, बाइबलका पदहरू कण्ठ गरेर अनि विभिन्न कार्यहरू गरेर दिन सकिन्छ । यो पाठ र यो भन्दा पहिलेको पाठहरू अवश्य दोहोर्‍याएर हेर्नुहोस् । यो पाठ पढाई सकेपछि अन्त्यमा सायद सबैभन्दा महत्वपूर्ण कुरा तपाईंको कक्षालाई अपनाउनपर्ने वा लागू गर्नुपर्ने केहि कुराहरू दिनुहोस् ताकि जसले उनीहरूलाई जीवन जीउन मद्दत गरोस् ।

## २) पाठ शुरू गर्नुहोस्

शिक्षक साहयता

हामीले अध्ययन गरिसकेका आठवटा रोचक घटनाहरूको बारेमा विचार गरेर ती रोचक घटनाहरूलाई क्रमबद्ध रूपमा मिलाएर राख्ने प्रायास गर्नेछौं। यहाँ तल हामीले अध्ययन गरिसकेका आठवटा रोचक घटनाहरूको विषयवस्तुहरू दिइएका छन्:

१) परमेश्वर शक्तिशाली हुनुहुन्छ।

२) परमेश्वरले स्वर्गदूतहरू सृष्टि गर्नुभयो।

३) परमेश्वरले सबै कुरा बनाउनुभयो।

४) परमेश्वरले उहाँको असल मित्रहरू हुनका लागि मनिसलाई सृष्टि गर्नुभयो।

५) त्यस बगैंचामा जीवन पूर्ण आनन्दले भरिएको थियो।

६) शैतान परमेश्वरको शत्रु हो। शैतान घमण्डी थियो। परमेश्वरले शैतानलाई स्वर्गबाट बाहिर फालिदिनुभयो।

७) शैतानले आदम र स्त्रीलाई परीक्षामा पाऱ्यो। आदम र स्त्रीले परमेश्वरको आज्ञा उल्लङ्घन गरे।

८) पापले आदम र स्त्रीलाई परमेश्वरबाट अलग बनायो।

शिक्षकले यी आठवटा भनाइहरू एउटा कार्डमा लेखेर एकै ठाउँमा मिसाएर राख्नुहोस्। कक्षाको संख्या अनुसार तपाइँको विद्यार्थीहरूलाई २ वा ३ व्यक्तिहरूको समूहमा विभाजन गर्नुहोस्। प्रत्येक भनाइहरूलाई क्रमबद्ध रूपमा मिलाउनलाई निश्चित समय दिनुहोस्। कागजका टुक्राहरूमा कुनै संख्या नलेख्नुहोस्।

## ३) पाठ सिकाउनुहोस्

विजय र जितका समयहरू सबैका लागि विशेष हुन्छन्। सबैजना नै जित्न चाहान्छन् र हार्न प्राय: कोहि पनि चाहँदैनन्। तपाईंका बालबालिकाहरूलाई सोध्नुहोस् **"के तपाईंहरूलाई त्यो विशेष क्षणको सम्झना छ, जुन बेला कुनै पनि कुरामा तपाईंले अथवा तपाईंको समूहले जित हासिल गर्नुभएको थियो ? त्यस बेला कस्तो महसुस भएको थियो ? जब कुनै बेला तपाईंहरूको समूहले हारेको थियो तपाईंले कस्तो महसुस गर्नुभयो ?"**

यो पाठ एउटा अचम्मको विजयको विषयमा आधारित छ। यो एक विशेष व्यक्तिको विजय हो, जसले परीक्षा गर्ने शैतानलाई नै ठूलो धक्का दिनेछ।

धेरै जना बाल-बालिकाहरूलाई त्यो विशेष व्यक्ति को हुनुहुन्छ, भनी पहिलेबाटै नै थाहा हुनसक्छ। निश्चय नै उहाँ येशू खीष्ट हुनुहुन्छ। बालबालिकाहरूले बाइबलको एउटा कथा बुझ्नलाई यस पाठ अति नै महत्वपूर्ण छ। अब, हामी परमेश्वरको असल मित्रहरू अर्थात् मानिसलाई मृत्युबाट बचाउने उहाँको योजनाको विषयमा हेर्न शुरू गर्नेछौं।

## कथा भन्नुहोस्

एउटा सुन्दर सबै कुराहरूले पूर्ण भएको घरमा बस्नु कस्तो हुन्छ होला, एकछिन कल्पना गर्नुहोस् त । जहाँ कहिल्यै पनि कुनै गलत कुरा भएको छैन् र सबैजना खुशी छन् । यस्तो ठाउँ जहाँ आनन्दका क्षणहरूले भरिपूर्ण एउटा अति नै रमणीय स्थान, जहाँ खराब कुराहरू कहिल्यै पनि भएनन् र हुँदैनन् । आदम र उसको पत्नी स्त्रीको जीवन ठीक यस्तै थियो । परमेश्वरले उनीहरूलाई केहि निर्देशनहरू दिनुभएको थियो । परमेश्वरले दिनुभएका ती सबै निर्देशनहरू अति नै सहज थिए ।

तर जब परीक्षा गर्नेले आदम र स्त्रीलाई परीक्षा गऱ्यो तब उनीहरू दुवै परमेश्वरको आज्ञापालन गर्नबाट चुके र पाप गरे त्यसैकारण परमेश्वरले त्यस पापका निम्ति उनीहरूलाई दण्ड दिनु परेको थियो । उनीहरूले गरेको त्यस भयानक कामको कारणले गर्दा उनीहरूले धेरैवटा कुराहरू त्याग्न परेको थियो । जब परमेश्वरले उनीहरूका पापको न्याय गर्नुभयो, तब उनीहरूको मात्र न्याय गर्नु भएन तर त्यो सम्पूर्ण कुराको शुरूवात गर्ने शैतानको पनि न्याय गर्नुभयो ।

पहिलो दण्ड शैतानलाई दिइयो । परमेश्वरले त्यसलाई कुनै प्रश्न गर्नुभएन र परमेश्वरले यस परीक्षा गर्ने शैतान प्रति कुनै पनि कुरामा सहनशीलता देखाउनु भएन । वास्तवमा, त्यस बेला परमेश्वरले शैतानको विरूद्ध लडाइँको घोषणा गर्नुभयो । परमेश्वरले त्यसलाई दण्ड दिँदै भन्नुभयो, कि एक दिन त्यसको शिर कुच्याईनेछ र परमेश्वरको आज्ञापालन नगर्ने र अरूलाई पनि त्यसै गर्न लगाउने लडाइँमा सधैँका निम्ति त्यसको हार हुनेछ । परमेश्वरले शैतानको विरुद्ध लडाइँ मात्र घोषणा गर्नुभएन, परमेश्वरले शैतानलाई श्राप पनि दिनुभयो । जब परमेश्वरले कसैलाई श्राप दिनुहुन्छ, तब कहिले पनि उहाँले आफ्नो विचार बदल्नुहुन्न । जब परमेश्वरले शैतानमाथि दण्डको आज्ञा सुनाउनुभयो, आदम र स्त्रीले त्यो सुने र त्यसले उनीहरूलाई आशा दियो । त्यहाँ साँच्चै एउटा असल खबर थियो । परमेश्वरले शैतानलाई नाश पार्ने कोहि व्यक्ति पठाउन लाग्नुभएको थियो । त्यस व्यक्ति उनीहरूका आफ्नै सन्तान हुनुहुने थियो । उनीहरूले पाप गरेकोमा अति नराम्रो महसुस गरे । तर अब परमेश्वरले उनीहरूलाई ठूलो आशा दिनुभएको थियो । यसरी आशा सम्बन्धी बाइबलको महान् कथा शुरू भयो । यही नै बाइबलमा परमेश्वरले पहिलो पटक अगमवाणीको वचन दिनुभएको थियो, अनि त्यो अति नै उदेकको थियो ।

परमेश्वरले शैतानलाई दण्ड सुनाइ सक्नु भएपछि, उहाँ स्त्रीतर्फ फर्कनुभयो र उसले पाउने दण्डहरू बताउनुभयो, त्यति कठोर होइन..., तापनि उसले दण्ड पाउनु नै पर्ने थियो । गर्भधारणमा उसलाई पिडा हुनेछ । सन्तान जन्माउनु उसको लागि खुशीको कुरा हुनुपर्ने थियो तर त्यसमा नै उसले ठूलो पिडा भोग्नुपर्ने भयो । साथै, अब पुरुषले उसमाथि अधिकार पनि चलाउने भयो र त्यो अधिकार कहिलेकाहीँ उसलाई मन नपर्ने पनि हुन सक्छ ।

अन्त्यमा, परमेश्वरले आदमको लागि पनि दण्ड आज्ञा घोषणा गर्नुभयो । उसले धेरै परिश्रम गर्नुपर्नेछ र पनि चित्तबुझ्दो प्रतिफल पाउने छैन । बिगतमा काम कठिन भए पनि त्यसले सधैँ राम्रो प्रतिफल ल्याउँथ्यो, त्यसलाई रमाइलो थियो पनि भन्न सक्नुहुन्छ । तर अब भने त्यस्तो हुनेवाला थिएन । त्यति मात्र होइन, परमेश्वरले आदमलाई ऊ मर्नेछ र माटोमा मिल्नेछ भन्नुभयो । उसलाई माटैबाट

### कथा भन्ने क्रियाकलाप : सिंहासन र तीन ओटा न्यायहरू

शिक्षकले सिंहासनको रूपमा एउटा “कुर्सी” राख्न सक्नुहुन्छ । एउटा राम्रो कपडाले त्यो कुर्सीलाई ढाक्न सकिन्छ । कुनै एक जनालाई विशेष वक्ताको रूपमा भित्र बोलाउनुहोस् र परमेश्वरको आवाजको नक्कल गर्न लगाउनुहोस् । तर त्यस व्यक्ति देखिनुहुँदैन । र त्यस व्यक्तिले तीन ओटा न्यायहरूको विषयमा घोषणा गर्नुपर्छ ।

१) सर्पलाई

२) हव्वालाई

३) आदमलाई

शिक्षकले सर्प, हव्वा र आदमको अभिनय गर्ने ईच्छुक व्यक्तिहरू खोज्नुपर्छ । उनीहरू माथि यी न्यायहरूको घोषणा गर्दा उनीहरूले डराएको अभिनय गर्नुपर्छ ।

जीवन दिइएको थियो अब त्यो जीवन ऊबाट खोसिनेछ । मृत्युको घोषणा भयो, त्यस्तो हुनु नपर्ने थियो । आदम र स्त्री खुशी साथ सधैँभरि जिउन सक्थे । अब उनीहरूले कठोर परिश्रम गर्नुपर्ने भयो र एक दिन उनीहरू मर्नुपर्ने पनि भयो ।

## कण्ठ गर्नुपर्ने पद

**उत्पत्ति ३:१५ (टि.बी.एस) -** अनि तेरो र त्यस स्त्रीको बीचमा, अनि तेरो सन्तान र त्यस स्त्रीको सन्तानको बीचमा म दुश्मनी हाल्नेछु; उसले तेरो शिर कुच्च्याउनेछ, र तैंले उसको कुर्कुच्चो डस्नेछस् ।"

## स्तुति र प्रशंसा

स्तुति-प्रशंसा र आराधना गर्ने तरिकाहरू संसारभरि फरक-फरक रहेको पाईन्छन् । यो पाठ्यक्रमको उद्देश्य भनेको विषयवस्तुसँग मिल्दो जुल्दो भजनहरू छान्नु उत्तम हुन्छ भनि सुझाव दिनु हो । स्तुति-प्रशंसा र आराधना सम्बन्धी भजनहरू प्रायः यूट्यूबमा पनि राखिएका हुन्छन् । तापनि शिक्षकले आफ्नो स्वतन्त्र इच्छा अनुसार त्यस्तै पाठसँग मिल्दो जुल्दो भजनहरू छान्न सक्नुहुन्छ ।

यस पाठका निम्ति "सारा सृष्टिको मालिक तपाईंलाई (भजन नं. ४७४)" बोलको भजन गाउने सल्लाह दिईन्छ ।

## बाइबलीय क्रियाकलाप

### सर्पहरूको लागि माछा मार्ने खेल

झोलाभरि विभिन्न थोकहरू हालेर ल्याउनुहोस् । प्रत्येक थोकमा कागज टाँसिएको वा चुम्बकमा जोडिएको केहि हुनुपर्छ । त्यस झोलामा हुनुपर्ने थोकहरू मध्येमा एउटा सर्प पनि हुनुपर्छ । त्यो खेलौना सर्प हुनुपर्छ, साँच्ची कै सर्प चाहिँ होइन । माछा मार्ने डन्डा बनाउनुहोस् र त्यसमा डोरी बाँध्नुहोस् । त्यो डोरीको अन्त्यमा चुम्बक वा सर्पलाई समात्ने केहि कुरा राख्नुहोस् । माछा मार्न जानुहोस् अनि तपाईंले झोलामा राख्नुभएका विभिन्न थोकहरू खोज्ने र झिक्ने कोसिस गर्नुहोस् । जब झोलाबाट तपाईं सर्प निकाल्नुहुन्छ, कसैलाई भन्नुहोस् कि उसले आदम र हव्वालाई पाप गर्न परीक्षा गर्ने सर्पको अभिनय गरोस् । अब बालबालिकाहरूलाई भन्नुहोस्, कि शैतानले सबैलाई त्यसका निम्ति माछा मार्न र त्यसले भनेका कुराहरू मान्न र पछ्याउन लगाउने कोसिस गर्छ । परमेश्वर हामीले परीक्षाको विरोध गरेको र हामी शैतानको सामु नझुकेको चाहानुहुन्छ । तर आदम र हव्वाले त्यसो गरेनन् ।

**शिक्षक साहयता**

**पद कण्ठ पार्ने क्रियाकलाप :**

त्यस कण्ठ गर्ने पद केहि पटक सम्म दोहोऱ्याउनुहोस् त्यसपछि बालबालिका-हरूलाई दुई वा दुईभन्दा बढि समूहमा विभाजन गर्नुहोस् । ती हरेक समूहलाई सेतो पाटी वा कागजको टुक्रा कुर्सीमा टाँसेर बालबालिकाहरूलाई लाईनमा उभिन लगाउनुहोस् । उनीहरू प्रत्येकको अगाडी बोर्डमा लेख्नलाई केहि मार्कर वा चक राख्नुहोस् । प्रत्येक समूहको पहिलो बालबालिकालाई बोंडमा दगुरेर त्यस पदको पहिलो शब्द लेखेर आफ्नो लाईनमा मा फर्कन लगाउनुहोस् । त्यसरी नै समूहको अर्को बालबालिकालाई त्यो पदको अर्को शब्द लेख्न लगाउनुहोस् त्यो पद पूरा नहुन्जेल त्यसो गर्न लगाउनुहोस् । फेरि त्यो खेल खेल्नुभन्दा अघि उनीहरूलाई त्यस पद समाप्त गर्न दिनुहोस् ।

**बाइबलीय क्रियाकलाप: सर्पहरूको लागि माछा मार्ने खेल**

शिक्षकले चाहेको खण्डमा त्यस झोलामा धेरैवटा सर्पहरू राख्न सक्नुहुन्छ अनि प्रत्येक सर्पले बालबालिकाहरूलाई गलत कार्य गर्ने नयाँ परीक्षाहरू गरून् । झुटो बोल्ने, चोरी गर्ने, वा ठग्ने परीक्षाहरू प्रयोग गर्न सकिन्छ ।

## ४) पाठको समीक्षा गर्नुहोस्

सहमत/असहमत भनाईहरू (यदि तपाईं असहमत हुनुहुन्छ भने, किन असहमत हुनुहुन्छ ?)

१. परमेश्वरले सर्पलाई दण्ड दिनुभयो । (सहमत)

२. परमेश्वरले भन्नुभयो स्त्रीको सन्तान र शैतानको सन्तान बीच लडाई हुनेछ । (सहमत)

३. शैतानको सन्तानले स्त्रीको सन्तानको शिर कुच्च्याउनेछ र स्त्रीको सन्तानले शैतानको सन्तान कुर्कुच्चो डस्नेछ । (असहमत)

(शैतानले स्त्रीको सन्तानको कुर्कुच्चो डस्नेछ अनि स्त्रीको सन्तानले शैतानको सन्तानको शिर कुच्च्याउनेछ)

४. यस स्त्रीको सन्तान पुरुष हुनेछ । (सहमत)

५. त्यस पुरुष र स्त्रीले तिनीहरूका पापको परिणाम कति डरलाग्दो रहेछ भनी तुरुन्तै बुझे । (असहमत) (यो बुझ्नलाई धेरै वर्ष लागेको हुनसक्छ र बुझेको भए पनि पूर्ण रूपले बुझ्न सकेको थिएनन्)

६. परमेश्वरले भन्नुभयो, स्त्रीले बालबालिका जन्माउने समयमा पीडा र कष्टको अनुभव गर्नेछ । (सहमत)

७. मानिसले भोजनका निम्ति कठोर परिश्रम गर्नुपर्दैन । (असहमत) (उसले कठोर परिश्रम गर्नुपर्नेछ)

**पाठको समीक्षा गर्ने क्रियाकलापः सहमत र असहमत भनाईहरू**

यी भनाईहरूमा सहमती वा असहमती जनाउनको लागि बालबालिकाहरूले एकदमै रमाइलो मान्नेछन् । उनीहरूलाई सहमती वा असहमती जनाउनको लागि तपाईंको आफ्नै केहि थप भनाईहरू पनि राख्न सक्नुहुन्छ ।

## ५) पाठ लागु गर्नुहोस्

पापले हामीलाई परमेश्वरबाट अलग बनाउँछ । दुष्टले सधैं हामीलाई त्यसको बाटोहरू राम्रो र परमेश्वरको बाटो भन्दा फरक छ भनी विश्वास दिलाउने प्रयास गर्छ । तर परमेश्वरले “शैतानको शिर कुच्च्याउने व्यक्ति” प्रदान गर्नुभएको छ । त्यो व्यक्ति येशू खीष्ट हुनुहुन्छ, जसले मृत्युलाई जित्नुभयो । यदि कसैले “शैतानको शिर कुच्च्याउने व्यक्ति” येशू खीष्टमा विश्वास गर्छ भने, उहाँले तिनीहरूलाई स्वागत र प्रेम गर्नुहुनेछ । तपाईंले पनि आफ्नो विश्वास र भरोसा “शैतानको शिर कुच्च्याउने” महान् व्यक्तिमा राख्न सक्नुहुन्छ ।

**कथाको मूख्य सारः परमेश्वरले शैतानको शिर कुल्चने एक विशेष व्यक्ति पठाउने प्रतिज्ञा गर्नुभयो ।**

**पाठको क्रियाकलाप लागू गर्नुहोस् :**

“शैतानको शिर कुच्च्याउने व्यक्ति” येशू नै हुनुहुन्छ भन्ने विषयमा शिक्षकले बाइबलको नयाँ करारबाट अझ अरू थप जानकारी दिन सक्नुहुन्छ ।

हेर्नुपर्ने सान्दर्भिक बाइबल पदहरू :

१कोरिन्थी १५:५७

रोमी ५:१२-२१

यूहन्ना ११:२५

# रोचक घटना नं १०

# उत्पत्ति ३:१६-१८

**कथाको मूख्य सार : पापले परमेश्वरको सृष्टिलाई धेरै प्रकारमा नकारात्मक प्रभाव पारेको देख्न सकिन्छ ।**

## १) पाठको अध्ययन गर्नुहोस् (कक्षामा जानु अघि)

- आदम र स्त्रीले व्यक्तिगत अनुभवबाट परमेश्वर पवित्र हुनुहुन्छ र उहाँले पापलाई घृणा गर्नुहुन्छ भन्ने कुरा बुझेका छन् ।
- बाइबलको बाँकी भागमा पापले प्रभावित मानिसहरूका अनुभवहरूको वर्णन गरिएको छ ।
- पापै नगरेको भए पनि बालबालिका जन्माउँदा स्त्रीलाई कष्ट हुने थियो । तर अब पापको कारण त्यो पीडा अझै धेरै बढने भयो ।
- स्त्रीको दण्डको परिणाम उसको पतिसँगको सम्बन्धमा निराशा आउनु पनि हुनेछ । जब उसले पति माथि अधिकार जमाउन खोज्नेछ तब यसले गर्दा उनीहरूमा झगडा अथवा सम्बन्धमा समस्या उत्पन्न हुनेछ । आदम र स्त्रीले पाप गर्नुभन्दा अघि यस्ता समस्याहरू थिएनन् ।
- परमेश्वरले आदमलाई उसको पत्नी स्त्रीमाथि सबै कुरामा पूर्ण अधिकार जमाउनु भन्नुभएको चाहिँ होइन । तर उनीहरूका पापको परिणाम स्वरूप उनीहरूको दाम्पत्य जीवनमा समस्याहरू भने अवश्य उत्पन्न हुने भयो ।
- आदमले उसकी पत्नीको कुरा सुनेको कारण ऊमाथि परमेश्वरले दण्डको घोषणा गर्नुभएको होइन । पवित्र बाइबलमा पतिलाई उसकी पत्नीको सल्लाह मान्नु भन्ने भनाईहरू प्रशस्त उल्लेख गरिएको पाईन्छन् । (उत्पत्ति २१:१२; न्यायकर्ता १३:२३; २ राजाहरू ४:९,१०)
- आदमले भूमि खनजोत गरेर जीविका चलाउनु पर्ने भयो, पतन हुनुभन्दा अघि त्यस काम उसले सहजतामा आनन्दसाथ गरिरहेको थियो । तर पतनपछि भने त्यो काम गाह्रो र कष्टपूर्ण भयो ।
- "अनि तिम्रो चाहाना तिम्रो पतितर्फ नै हुनेछ" यस पदलाई यसरी अनुवाद गर्दा राम्रो हुन्छ । उनले आफ्नो सीमा नाघेको हुनाले अब उनी आफ्नो पतिको अधीनमा बस्नु पर्ने भयो ।

**शिक्षक साहायता**

शिक्षकको निर्देशनको लागि पाठलाई पाँचवटा मुख्य भागहरूमा विभाजन गरिएको छ । शिक्षण प्रक्रियाको प्रत्येक भागहरू महत्वपूर्ण छन् र प्रभावकारी रूपमा शिक्षा दिनका निम्ति ती पाँचैवटा भाग पालन गर्नु पर्छ । क्रमबद्ध बाइबल शिक्षा बालबालिकाहरूलाई सुसमाचार प्रचार गर्ने र चेला बनाउने एउटा उत्तम तरिका हो । बालबालिकाहरूले बाइबलका कथाहरू जानेपछि बाइबलका परमेश्वरलाई चिन्नेछन् र कसरी उहाँलाई विश्वासद्वारा स्वीकार गर्नुपर्छ भन्ने पनि जान्नेछन् ।

यी पाँचवटा चरणहरू पाठ सिकाउनका लागि महत्वपूर्ण भागहरू हुन् । पाठ पढाउनुभन्दा अघि तयारी गर्नु अति नै आवश्यक हुन्छ अनि कक्षा हुने दिनसम्म पनि यो गरिनुपर्छ । जब कक्षाको समय शुरू हुन्छ पाठको परिचय कुनै यस्तो धारणा वा तरिकाद्वारा प्रस्तुत गर्नुहोस्, जसले विद्यार्थीहरूलाई सिक्ने प्रक्रियामा सहभागी हुन उत्साह प्रदान गरोस् । कथाको शिक्षा विभिन्न प्रकारले: मुखले भनेर, गाएर, बाइबलका पदहरू कण्ठ गरेर अनि विभिन्न कार्यहरू गरेर दिन सकिन्छ । यो पाठ र यो भन्दा पहिलेको पाठहरू अवश्य दोहोऱ्याएर हेर्नुहोस् । यो पाठ पढाई सकेपछि अन्त्यमा सायद सबैभन्दा महत्वपूर्ण कुरा तपाईंको कक्षालाई अपनाउनपर्ने वा लागू गर्नुपर्ने केहि कुराहरू दिनुहोस् ताकि जसले उनीहरूलाई जीवन जीउन मद्दत गरोस् ।

©प्रतिलिपी अधिकार २०१७ जिम कुक

## २) पाठ शुरू गर्नुहोस्

यस पाठमा हामी अदनको बगैँचामा भएको पापको परिणाम स्वरूप के-के कुराहरू गुमाउनु परेको थियो भन्ने कुरा सिक्नेछौं। आदम र हव्वाले पाप गर्नु अघि अदनको बगैँचामा जीवन कस्तो थियो भनेर पनि हामी हेर्नेछौं।

१) स्वर्ग (अदनको बगैँचा)

२) परमेश्वरसँगको व्यक्तिगत, घनिष्ठ सम्बन्ध

३) सुरक्षित स्थान

४) खुशी, आनन्द र प्रशस्तता

५) कुनै पाप नभएको अवस्था

६) शान्ति र मेलमिलाप

७) पूर्ण स्वतन्त्रता

८) त्यस्तो काम जुन गर्नलाई कत्ति पनि गाह्रो थिएन।

## ३) पाठ सिकाउनुहोस्


निशाना लगाउनका लागि एउटा केहि निश्चित केन्द्रविन्दु बनाउनुहोस्। तपाईंको कक्षाबाट ५ देखि ७ जना व्यक्तिको समूह बनाउनुहोस्। प्रत्येक समूहलाई त्यस केन्द्रविन्दुको ठीक अगाडि उभिन लगाउनुहोस्, त्यहाँबाट उनीहरूलाई कुनै एउटा कोमल वस्तुले त्यस विन्दुमा निशाना लगाएर हान्न लगाउनुहोस्। अब यो प्रक्रिया केन्द्रविन्दुको कमसेकम १० फिट टाढाबाट दोहोर्‍याउनुहोस्। ठिक निशानामा नलगाउनेहरू बस्नुपर्छ। फेरि २० फिट टाढाबाट फाल्न लगाउनुहोस्। यस बेला सम्म प्राय सबैजना बालबालिकाहरू नै बसिसकेको हुनुपर्छ।

अब पाप गर्नु भनेको यसरी नै निशाना चुकाउनु जस्तै हो भनी बालबालिकाहरूलाई बताउनुहोस्। हामीहरूमध्ये कोहि पनि हरेकपटक ठीक निशाना लगाउन सक्षम नहुन सक्छौं। सामान्यतया हामी कहि न कतै निशाना चुकाउन सक्छौं। बाइबलले पापलाई यसरी नै परिभाषित गर्दछ। पाप गर्नु भनेको परमेश्वरको सिद्धता वा पवित्रतामा पुग्न नसक्नु हो। साधारणतया पाप गर्नु भनेको उहाँको आज्ञापालन गर्नबाट चुक्नु हो।

**बगैँचामा जीवनसम्बन्धी क्रियाकलाप**

यस क्रियाकलापमा बालबालिकाहरूले आफ्नो शिक्षकसँग मिलेर उनीहरूलाई अदनको बगैँचाको बारेमा सिकेका कुराहरू के-के याद छ त्यसको समीक्षा गर्न सक्छन्। यो अदनको बगैँचामा भएका केहि कुराहरूको सूची पनि हुनसक्छ। शिक्षकले विद्यार्थीहरूलाई "आदम र हव्वाले पाप गर्नु भन्दा अघि अदनको बगैँचामा जीवन कस्तो थियो भनेर त्यसको विषयमा केहि शब्दहरूमा भन्न वा त्यसको वर्णन गर्न पनि लगाउन सक्नुहुन्छ। पाठ ५ लाई दोहोर्‍याउनुहोस्।

शिक्षकले "निशाना चुकाउनु" भनेको के हो त्यसको वर्णन गर्न वा बुझाउनलाई यस प्रकारको एउटा निशाना चिन्हको प्रयोग गरेर गर्न सक्नुहुन्छ।



## कथा भन्नुहोस्

कल्पना गर्नुहोस्...यो वास्तव मै भएको थियो ! परमेश्वरले शैतानसँग त्यसको भविष्यको विषयमा भर्खरै मात्र कुराकानी गरिसक्नुभएको छ । एक दिन एकजना व्यक्ति आउनुहुनेछ जसले परिक्षा गर्ने, शैतान स्वयमलाई अनन्त मृत्युको प्रहार गर्नुहुनेछ । परमेश्वरले शैतानलाई एक दिन निश्चय नै कुल्चनुहुनेछ र नाश पार्नुहुनेछ भनी उसले जान्नुपर्ने थियो ।

तर, त्यसको लगत्तै परमेश्वर आदम र हव्वासँग बोल्नुभयो । शैतानले उनीहरूलाई परीक्षा गरेको हुनाले अब अन्त्यमा शैतानलाई मृत्युदण्डको सजाय दिइनेछ । आदम र हव्वाले पनि उनीहरूले गरेको पापको बोझ उठाउनुपर्ने थियो । परमेश्वरसँग उनीहरूको लागि पनि केहि दण्ड आज्ञा अवश्य नै थियो । उहाँ पहिले स्त्रीसँग बोल्नुभयो र उसले पाउने दण्डको घोषणा गर्नुभयो । त्यसपछि उहाँ सिधै पुरुषसँग बोल्नुभयो र उसले पाउने दण्डको बारेमा पनि बताउनुभयो । यसरी परमेश्वरले शैतानलाई, स्त्रीलाई र पुरुषलाई तिनीहरूले पाउने दण्डको बारेमा बताउनलाई हिच्कीचाउनु भएन । प्रत्येक दण्डहरू फरक-फरक थिए, तर प्रत्येक दण्ड निश्चय नै हुन आउने वाला थियो । परमेश्वरले सधैं पापलाई दण्ड दिनुहुन्छ ।

हामी पहिले स्त्रीले पाएको दण्डको विषयलाई हेर्नेछौं । परमेश्वरले हव्वालाई दुई अलग-अलग प्रकारको सजाय दिनुभयो । पहिलो, परमेश्वरले भन्नुभयो, उसले बालबालिका जन्माउँदा उसलाई पीडा हुनेछ । शुरूमा परमेश्वरले स्त्रीले बालबालिका जन्माउँदा कुनै पीडा, कष्ट नहोस् भन्ने चाहानुभएको थियो । छोराछोरीहरू सधैं परमेश्वरले दिनुभएका वरदानहरू नै हुन् । उनीहरू पाप अर्थात् परमेश्वरबाटको न्यायको प्रतिफल भने कदापी होइनन् । दोस्रो सजाय बिल्कुलै फरक थियो । यो सजाय उसको पति आदमसँग सम्बन्धित थियो । उसको पापको पीडादायी प्रतिफल स्वरूप अब उसले घर-परिवारमा पुरुषको नेतृत्वलाई स्वीकार गर्नुपर्ने भयो । उसले पाप गर्नुभन्दा अघि परिवारमा पुरुष र स्त्रीको बीचमा आपसी नेतृत्व स्वीकार थियो तर अब त्यस्तो नहुने भयो ।

पुरुषको निम्ति सजाय उसको काम गाह्रो अर्थात् कठिन हुने भयो । आदमले पाप गर्नुभन्दा अघि त्यो काम सहज र रमाइलो, आफूलाई मन परेको खेल खेल्नुजस्तो थियो तर अब त्यस्तो नहुने भयो । परमेश्वरले ऊ अब माटोमा नै फर्कनेछ वा आदम मर्नेछ भन्नुभयो । आदमले पाप गर्नुभन्दा अघि ऊ मर्नु पर्दैनथ्यो, ऊ सधैंभरि जिउन सक्थ्यो तर अब त्यस्तो नहुने भयो । उसको पापको कष्टपूर्ण नतिजा यो भयो, कि ऊ र उपछि जिउने सबैजना माटोमा फर्कने भए वा पापको दण्डस्वरूप मर्ने भए । जब परमेश्वर हामी माटोमा फर्कनेछौं वा मर्नेछौं भन्नुहुन्छ त्यसको अर्थ हामी मरेपछि जमिनमुनि जानेछौं, वा चिहानमा गाडिनेछौं भन्ने कुरा मात्र होइन । यसको अर्थ पाप गर्नेहरू सबैजना दण्डस्वरूप सधैंभरिका निम्ति परमेश्वरबाट अलग हुनेछन् भन्ने हो ।

हामी पाप र पापको निम्ति परमेश्वरले दिनुहुने दण्डको विषयमा अझ चर्चा गर्नेछौं । तर अहिले हामीले यो याद राख्नुपर्छ, कि परमेश्वरले सधैं पापको निम्ति दण्ड दिनुहुन्छ । जब हामी पाप गर्ने निश्चय गर्छौं, वा पाप गर्नेछौं भने परमेश्वरले चाहिँ हाम्रो पापको नतिजाहरूको तय गर्नुहुन्छ, जुन उहाँबाट सधैंका निम्ति अलग भएर खराब स्थानतर्फ जानु हो ।

**वैवाहिक जीवनमा विवादसम्बन्धी क्रियाकलाप :**

पाठको यस खण्डमा एउटा दाम्पत्तय जोडीलाई ल्याउनुहोस् उनीहरूलाई बालबालिकाहरूको अगाडी केहि मिनेटसम्म एकअर्कासँग कुनै एउटा विषयमा वादविवाद गरेको अभिनय गर्न लगाउनुहोस् । अनि तपाईंको कक्षालाई यो पनि पापको एउटा नराम्रो प्रभाव हो भनेर बुझाउनुहोस् । यस्तो वादविवाद गर्नु असल हुँदैन । विवाह सम्बन्धमा परमेश्वरको योजना अनुसार पति र पत्नी दुवै एकअर्काप्रति प्रेमिलो र दयालु हुनुपर्छ ।

## कण्ठ गर्नुपर्ने पद

**रोमी ८:२० (टि.बी.एस) -** किनकि सृष्टि व्यर्थताको अधिनतामा राखिएको छ; आफ्नै इच्छाले होइन, तर उहाँको इच्छाले, जसले यसलाई अधिनतामा राख्नुभएको छ, यसै आशामा;

## स्तुति-प्रशंसा आराधना

स्तुति-प्रशंसा र आराधना गर्ने तरिकाहरू संसारभरि फरक-फरक रहेको पाईन्छन् । यो पाठ्यक्रमको उद्देश्य भनेको विषयवस्तुसँग मिल्दो जुल्दो भजनहरू छान्नु उत्तम हुन्छ भनि सुझाव दिनु हो । स्तुति-प्रशंसा र आराधना सम्बन्धी भजनहरू प्रायः यूट्यूबमा पनि राखिएका हुन्छन् । तापनि शिक्षकले आफ्नो स्वतन्त्र इच्छा अनुसार त्यस्तै पाठसँग मिल्दो जुल्दो भजनहरू छान्न सक्नुहुन्छ ।

यस पाठका निम्ति "तपाईंको दया जीवन भन्दा श्रेष्ठ (कोरस नं. ३०)" बोलको भजन गाउने सल्लाह दिईन्छ ।

## बाइबलीय क्रियाकलाप

एउटा कुहिएको स्याउ

यस खेल खेल्नका लागि तपाईंलाई यी कुराहरू चाहिन्छ, टेबल टेनिसको एउटा बल वा अरू कुनै सानो बल, कागजका टुक्राहरू, एउटा पेन्सिल, धागो वा टाँस्ने टेप । प्रत्येक बालबालिकाहरूलाई दिइने कागजको टुक्रामा "क" र "ख" लेख्नुहोस् । ती कागजहरू पट्याएर एउटा कचौरा वा कुनै भाँडामा राख्न सक्नुहुन्छ । धागो वा टाँस्ने टेपले भुइँमा दुईवटा बराबर आकारको गोलाकार रेखा बनाउनुहोस् । त्यस गोलको आकार हामीले खाना खाने थालको जत्रो हुनुपर्दछ । यो खेलमा तपाईंले बालबालिकाहरूलाई कागजको टुक्रामा लेखिएको अक्षर टिप्न लगाउनुहोस् र सोही अनुसार बललाई 'क' वा 'ख' रेखासम्म सासले फुकेर पुऱ्याउन लगाउनुहोस् । एक-एक जना अर्थात् साथीसँग मिलेर पनि यो खेललाई खेल्न सकिन्छ । दुई-दुई जना व्यक्तिको समूह बनेर पनि यो खेल खेल्न सक्नुहुन्छ र तपाईंले हरेकपटक सहज भएको अथवा निशाना चुकेको छ कि छैन सो कुरा पनि हेर्नुहोस् । दुई-दुई व्यक्तिको समूहलाई सासले फुकेर त्यस बल रेखाभित्र पुऱ्याउनका निम्ति एक मिनेट समय दिनुहोस् । हामीले टेबल टेनिसको बललाई रेखासम्म पुऱ्याउनलाई निशाना चुकाए जस्तै पाप गर्नु भनेको निशाना चुकाउनु हो ।

### कण्ठ गर्नूपर्ने पद क्रियाकलापः बीन ब्याग टस

टेपले भुईंमा करिब ३६ ईन्चको ठूलो वर्गाकार बनाउनुहोस् । त्यो वर्गाकारको भित्री कुनाहरूलाई जोड्नुहोस् र अंग्रेजी शब्दको "X" आकार बनाउनुहोस् । यदि तपाईंका विद्यार्थीहरू धेरै छन् र ठाउँ छ भने, अर्को वर्गाकार पनि बनाउनुहोस् । प्रत्येक भागलाई नम्बर दिनुहोस् जस्तैः १, २, ३, ४ । त्यहाँबाट केहि दूरी पर, टेपले सिधा रेखा बनाउनुहोस्, जहाँबाट विद्यार्थीहरूले त्यस ब्यागलाई वर्गाकार भित्रको भागमा फ्याँक्नुपर्नेछ । विद्यार्थीहरूको दुईवटा समूह बनाउनुहोस् । प्रत्येक विद्यार्थीले पालै पालो कुनै एउटा भाग भित्र त्यो ब्याग फ्याँक्नुपर्ने हुन्छ । तपाईंले बीन ब्याग बनाउनको लागि मोजामा सिमी भरेर रबरले कसिलो गरी बाँध्नुहोस् । मोजाको लामो भाग लिनुहोस् र त्यस ब्यागको सिमी भएको भाग पट्टी फर्काउनुहोस् । यदि उनीहरूले पद सही तरिकाले भन्न सकेको खण्डमा, उसको समूहले त्यो बीन ब्याग जुन भागमा फ्याँक्छन् त्यति नै अंक पाउनेछन् ।

नोटः तपाईंले यो खेल सिक्काको प्रयोग गरेर पनि खेल्न सक्नुहुन्छ ।

## ४) पाठको समीक्षा गर्नुहोस्

एक मिनेटमा यो संसार र यस संसारमा जीवनको विषयमा भएका सबै नराम्रा कुराहरू बुँदागत रूपमा लेख्नुहोस् । अथवा सूची बनाउनुहोस् ।

बालबालिकाहरूलाई ती नराम्रा कुराहरू काट्न लगाउनुहोस् जुन आदम र हव्वाले पाप गर्नुभन्दा अघि परमेश्वरले बनाउनुभएको ठाउँ अदनको बगैँचामा थिएनन् ।

**पाठको समीक्षा क्रियाकलाप : एक मिनेटको सूची**

सबै बालबालिकाहरूले देख्ने गरी शिक्षकले बोर्डमा यस पाठबाट सिकेका कुराहरू सूचीगत रूपमा लेख्नुपर्छ ।
सम्भव भएसम्म, सबै बालबालिकाहरूलाई केहि न केहि सिकेको कुरा भन्ने मौका दिनुहोस् ।

## ५) पाठ लागु गर्नुहोस्

यो पाठबाट प्रयोगमा ल्याउनुपर्ने कुरा भनेको परिणाम अथवा नतिजाहरूलाई बुझ्नु नै हो । पापको परिणाम तपाईंले चाहे जस्तो हुँदैन, परमेश्वरले त्यसको तय गर्नुहुन्छ । तपाईंले उहाँको आज्ञापालन गर्ने वा नगर्ने निर्णय मात्र गर्न सक्नुहुन्छ । एक धर्मी न्यायाधीशको रूपमा उहाँले तपाईंका कामहरूको निम्ति उहाँको न्याय बाहेक... अरू सबैमा उचित प्रतिफल पनि दिनुहुन्छ ।

घरमा-परिवारमा जब तपाईंले सही कुराहरू गर्नुहुन्छ तब तपाईंको आमाबुबाले दिने केहि परिणामहरू के-के हुन् ?

घर-परिवारमा जब तपाईंले गलत कुराहरू गर्नुहुन्छ तब तपाईंको आमाबुबाले तपाईंलाई दिने केहि परिणामहरू के-के हुन् ?

जब कसैले पाप गर्छ, तब त्यस (निर्णय) का निम्ति केहि नराम्रा परिणामहरूको तय गरिएका हुन्छन् ।

**कथाको मूख्य सार : पापले परमेश्वरको सृष्टिलाई धेरै प्रकारमा नकारात्मक प्रभाव पारेको देख्न सकिन्छ ।**

# रोचक घटना नं ११

# उत्पत्ति ३:७,२१

**कथाको मूख्य सार : परमेश्वरले आदम र हव्वाको लागि वस्त्र बनाउनलाई एउटा निर्दोष पशु मार्नुभयो ।**

## १) पाठको अध्ययन गर्नुहोस् (कक्षामा जानु अघि)

- आदम र हव्वाले परमेश्वरको विरुद्ध विद्रोह गरेपछि उनीहरूले दोषी र शर्म महसुस गरेका छन् ।
- आफ्नो दोषी भावनाहरूले गर्दा उनीहरूले परमेश्वरबाट लुक्ने कोसिस पनि गरे ।
- आदम र हव्वाले नेभाराको पातले आफ्नो शरीर ढाक्ने कोसिस गरे । परमेश्वरले सबै कुरा जान्नुहुन्छ भनी उनीहरूलाई थाहा थियो, तापनि उनीहरूले लुक्ने कोसिस गरे ।
- आदम र हव्वाले नेभाराको पातको वस्त्र बनाएर लगाउने प्रयास गरे तर यसले उनीहरूको पाप र दोषको भावना कम हुनेछ भनि सोच्नु गलत थियो ।
- सर्पले उनीहरूका आँखाहरू खुल्नेछन् भनेको थियो, तर उनीहरूले के देखे शैतानले भनेको जस्तो भएन ।
- ईश्वरीय ज्ञान पाउनेछौ भनि शैतानले गरेको प्रतिज्ञा पुरा भएन ।
- परमेश्वरको आज्ञा उल्लङ्घन गरेर कहिल्यै पनि ज्ञान पाइँदैन ।
- परमेश्वरले आदम र हव्वाका निम्ति वस्त्र बनाएर उनीहरू उहाँप्रति अनाज्ञाकारी अर्थात् विद्रोही भए तापनि उहाँले अझै पनि उनीहरूलाई प्रेम र वास्ता गर्नुहुन्छ भन्ने देखाईरहनु भएको थियो ।
- बाइबलमा दिइएको यो घटनाबाट हामीले कस्तो निर्ष्कष निकाल्नुपर्छ भनेर केहि पनि भनिएको छैन, यहाँ प्रस्तुत गरिएका विचारहरूबाट नै हामीले शिक्षा लिनुपर्छ । आदमको विश्वासप्रति परमेश्वरको प्रतिक्रिया, उनीहरूको शर्मलाई आदमले ढाक्न प्रयास गरेको जस्तो नभई उहाँले चाहानुभएको प्रकारले ढाकिदिनु थियो भनि निर्ष्कष निकाल्नु उचित देखिन्छ ।
- यो खण्ड परीक्षाको विषयमा भएको घटना अध्ययन गर्नका निम्ति एउटा उत्तम खण्ड हो । पापलाई वातावरण वा वंशाणुगतमा हुन्छ भनेर दोष लगाउन मिल्दैन ।

**शिक्षक साहायता**

शिक्षकको निर्देशनको लागि पाठलाई पाँचवटा मुख्य भागहरूमा विभाजन गरिएको छ । शिक्षण प्रक्रियाको प्रत्येक भागहरू महत्वपूर्ण छन् र प्रभावकारी रूपमा शिक्षा दिनका निम्ति ती पाँचैवटा भाग पालन गर्नु पर्छ । क्रमबद्ध बाइबल शिक्षा बालबालिकाहरूलाई सुसमाचार प्रचार गर्ने र चेला बनाउने एउटा उत्तम तरिका हो । बालबालिकाहरूले बाइबलका कथाहरू जानेपछि बाइबलका परमेश्वरलाई चिन्नेछन् र कसरी उहाँलाई विश्वासद्वारा स्वीकार गर्नुपर्छ भन्ने पनि जान्नेछन् ।

यी पाँचवटा चरणहरू पाठ सिकाउनका लागि महत्वपूर्ण भागहरू हुन् । पाठ पढाउनुभन्दा अघि तयारी गर्नु अति नै आवश्यक हुन्छ अनि कक्षा हुने दिनसम्म पनि यो गरिनुपर्छ । जब कक्षाको समय शुरू हुन्छ पाठको परिचय कुनै यस्तो धारणा वा तरिकाद्वारा प्रस्तुत गर्नुहोस्, जसले विद्यार्थीहरूलाई सिक्ने प्रक्रियामा सहभागी हुन उत्साह प्रदान गरोस् । कथाको शिक्षा विभिन्न प्रकारले: मुखले भनेर, गाएर, बाइबलका पदहरू कण्ठ गरेर अनि विभिन्न कार्यहरू गरेर दिन सकिन्छ । यो पाठ र यो भन्दा पहिलेको पाठहरू अवश्य दोहोर्‍याएर हेर्नुहोस् । यो पाठ पढाई सकेपछि अन्त्यमा सायद सबैभन्दा महत्वपूर्ण कुरा तपाईंको कक्षालाई अपनाउनपर्ने वा लागू गर्नुपर्ने केहि कुराहरू दिनुहोस् ताकि जसले उनीहरूलाई जीवन जीउन मद्दत गरोस् ।

©प्रतिलिपी अधिकार २०१७ जिम कुक

## २) पाठ शुरू गर्नुहोस्

बालबालिकाहरूलाई आदम र हव्वाले भर्खरै अनुभव गरेका सबै खराब कुराहरू लेख्न लगाउनुहोस् ।

- हव्वालाई बालबालिका जन्माउँदा धेरै पीडा हुनेछ ।
- वैवाहिक सम्बन्धमा मतभेद हुनेछ ।
- आदमले भूमि खनजोत गर्ने गाह्रो काम गर्नुपर्नेछ ।
- आदम र हव्वा दुवैको शारीरिक मृत्यु हुनेछ ।
- पृथ्वीको सिद्ध सन्तुलन अब बिग्रिएको छ ।

यस्तो खराब कुराहरू सुन्दा प्राय मानिसहरूले कस्तो प्रतिक्रिया दिन्छन् होला

- चकित हुन्छन्
- रिसाउँछन्
- निराश हुन्छन्
- विद्रोही हुन्छन्

शिक्षकले कक्षालाई यसो भन्नुपर्छ, **"अब हामी आजको पाठमा, आदम र हव्वाले त्यस खराब कुराहरूप्रति कस्तो प्रतिक्रिया दिए भन्ने कुरा हेर्नेछौं ।"**

## ३) पाठ सिकाउनुहोस्

तपाईंको विचारमा, आदम र हव्वाले आफ्नो लागि नेभाराको पातबाट बनाएको वस्त्रलाई परमेश्वरले किन स्वीकार गर्नुभएन होला तपाईंको विचारमा, केहि दिनपछि ती पातहरू के हुन्छन् होला ?

परमेश्वरले तपाईंको जीवनको हिसाब किताब माग्नुभयो भने तपाईं के भन्नुहुन्छ, व्याख्या गर्नुहोस् ।

शैतानको लागि कति ठूलो सफलता थियो । त्यसले आदम र हव्वालाई पाप गर्ने परीक्षा गऱ्यो, र उनीहरूले त्यस्तै गरे । शायद शैतानका सबै चेलाहरूले ताली बजाइरहेका थिए होला, र कोहि परीक्षामा परेको देखेर त्यसमा उनीहरूले खुशी मनाइरहेका थिए होला । अनि शैतानले अझै थप सफलता प्राप्त गऱ्यो । आदम र हव्वाले आफ्नो निम्ति नेभाराको पातको लुगा बनाए । के तपाईंले कहिले पातको लुगा बनाएर लगाउने कोसिस गर्नुभएको छ यो अवश्य राम्रो हुँदैन र सजिलो पनि हुँदैन । ती पातहरूले घोच्न सक्छ र दुःखाउन सक्छ, तर आफ्नो शर्मलाई छोप्नका लागि आदम र हव्वाले गर्न र सोच्न सक्ने काम त्यति नै थियो । अब शैतानका चेलाहरू शायद हाँसिरहेका थिए । शायद उनीहरूले आदम र हव्वाले सारै हाँसोलाग्दो काम गरिरहेका छन् भनेर पनि सोचेको हुनुपर्छ ।

त्यस पश्चात्, परमेश्वरले शैतान, हव्वा र आदममाथि उहाँको आफ्नो दण्ड अर्थात् न्यायको घोषणा गर्नुभयो । शायद त्यस पछि भने कसैले पनि हाँस्ने प्रयत्न गरेनन् होला । किनकि त्यहाँ हाँस्नुपर्ने जस्तो कुनै पनि कुरा थिएन । वास्तवमा, शैतानले आफ्नो सर्वनाश भएको महसुस गरेको हुनुपर्छ । त्यसका चेलाहरूले पनि आफ्नो हार भएको महसुस गरेको हुनुपर्छ । आदम र हव्वाले पनि डरको अनुभव गर्नु पऱ्यो । परमेश्वरले शैतानमाथि दण्डको घोषणा गर्नुभएपछि उसले यो कुरा पक्का जान्यो कि मानिसहरूलाई परीक्षा गर्ने र त्यसबाट उम्कने खेल एक दिन अवश्य समाप्त हुनेछ ।

त्यसपछि परमेश्वरले आदम र उसकी पत्नीलाई सहायता गर्नुभयो । उनीहरूका निम्ति लगाउन सहज हुने लुगा बनाइदिनुभयो । अब नेभाराको पातले घोच्ने र चिलाउने भएन । परमेश्वरले बनाईदिनु भएको लुगाहरू अति नै उत्तम थिए । यो सब हुनका लागि एउटा पशु मर्नु परेको थियो । त्यो नै कुनै पशु मरेको पहिलो घटना थियो, तर त्यस कुराले आदम र हव्वालाई धेरै खुशी बनायो, किनकि उनीहरूको लागि त्यस लुगा असल र सजिलो थियो ।

तर, त्यस सजिलो र राम्रो लुगा भन्दा पनि अझ महत्वपूर्ण कुरा चाहिँ के थियो भने उनीहरूले परमेश्वरको बारेमा अति नै महत्वपूर्ण कुरा सिक्ने मौका पाए । परमेश्वर दयालु र क्षमा गर्ने हुनुहुन्छ भनी उनीहरूले जान्ने ठूलो मौका पाएका छन् । उनीहरूले यो कुरा पनि सिके अर्थात् बुझे, कि उनीहरूले आफ्ना पापका निम्ति दण्ड पाएको भएतापनि परमेश्वरले अझै उनीहरूलाई प्रेम गर्नुहुन्छ, र उनीहरूका निम्ति सब कुराको प्रबन्ध गर्नुहुनेछ । यस कुराले उनीहरूलाई ठूलो आशा दिलायो । परमेश्वरले उनीहरूलाई शैतानको विनाश तय गरिएको छ र एक दिन त्यो नाश पारिनेछ भनी देखाउने कोसिस गरिरहनुभएको थियो । तर, उनीहरूको अन्तिम गन्तव्य अर्थात् परिणाम भने त्यस्तो थिएन । उनीहरूलाई परमेश्वरले प्रेम गर्नुभयो र उनीहरूका निम्ति सबै कुराको व्यवस्था गर्नुभयो ।

त्यही समयको अन्तरालमा आदमले आफ्नी पत्नीको नाम राखे । उसलाई हव्वा भनिनेछ । जुन नामको अर्थ हुन्छ "जीवन दिने" । उनी सबै जीवित प्राणीहरूकी आमा हुनेछिन् भनी आदमले जान्दथ्यो । आदमले सबै पशु-प्राणीहरूको नाम राखिसकेको थियो, तर आफ्नी पत्नीको नाम भने राखेको थिएन । अब, उसको आशा परमेश्वरमा थियो, यति ठूलो आशा कि उसले आफ्नी पत्नीलाई एउटा विशेष नाउँ दियो । शायद पाप गरिसकेपछि उनीहरू बीचमा धेरै वादविवाद पनि भएको हुनसक्छ । उनीहरूले

**आदमको विश्वासको यात्रा**

आदमले आफ्नी पत्नीको नाम हव्वा राख्यो । त्यस बेलासम्म उसलाई "स्त्री" भनेर सम्बोधन गरिएको छ । "हव्वा" नामको अर्थ "जीवन दिने" हुन्छ । यो आदमले गरेको विश्वासको काम थियो । यदि उसको निराश वा शङ्काको प्रतिक्रिया भएको भए उसले स्त्रीलाई तलका मध्ये कुनै एउटा नाम दिन सक्थ्यो :

- निराशा
- तीतोपन
- असफलता
- कष्ट
- समस्या

तर उसले त्यस्तो कुनै नाम दिएन् । उसले स्त्रीलाई "जीवन दिने" भनेर नाम दिएको छ ।

शायद त्यस पापको निम्ति को जिम्मेवार छ भनी एकअर्कालाई दोष पनि लगाएको हुनुपर्छ ; वास्तवमा, आदमले त परमेश्वरले उसलाई दिनुभएको स्त्रीले नै उसलाई पाप गर्न लगाएको हो भनेर पनि भनि सकेको छ । अब भने उसले हव्वालाई दोष लगाइरहेको थिएन । उसले हव्वालाई आशिष् दिइरहेको थियो र उनीहरू खुशी थिए ।

## कण्ठ गर्नुपर्ने पद

**उत्पत्ति ३:२१ (टि.बी.एस) -** अनि परमप्रभु परमेश्वरले आदम र तिनकी पत्नीका निम्ति छालाका वस्त्र बनाउनुभयो र तिनीहरूलाई पहिर्‍याइदिनुभयो ।

## स्तुति-प्रशंसा आराधना

स्तुति-प्रशंसा र आराधना गर्ने तरिकाहरू संसारभरि फरक-फरक रहेको पाईन्छन् । यो पाठ्यक्रमको उद्देश्य भनेको विषयवस्तुसँग मिल्दो जुल्दो भजनहरू छान्नु उत्तम हुन्छ भनि सुझाव दिनु हो । स्तुति-प्रशंसा र आराधना सम्बन्धी भजनहरू प्राय: यूट्यूबमा पनि राखिएका हुन्छन् । तापनि शिक्षकले आफ्नो स्वतन्त्र इच्छा अनुसार त्यस्तै पाठसँग मिल्दो जुल्दो भजनहरू छान्न सक्नुहुन्छ ।

यस पाठका निम्ति "तपाईंको दया जीवन भन्दा श्रेष्ठ (कोरस नं. ३०)" बोलको भजन गाउने सल्लाह दिईन्छ ।

## बाइबलीय क्रियाकलाप

१. दुई किसिमका पातहरू ल्याउनुहोस् : राम्रो र ताजा, हरियो, अनि पुरानो, सुकेको र सजिलै भाँचिने खालको हुनसक्छ ।

२. त्यसपछि, छाला वा पशुको छालाको भुत्ला ल्याउनुहोस् । अनि सोध्नुहोस्, **"के यसबाट पातको भन्दा राम्रो लुगा बन्न सक्छ"** (पोशाक, कमिज, जामा, वा उनीहरूले लगाउने कुनै पनि वस्त्र हुनसक्छ ) । किन ? यो कहाँबाट प्राप्त भएको हो ? आदम र हव्वालाई उचित वस्त्र प्रदान गर्न कसरी एउटा पशु मर्न परेको थियो भन्ने कुरा पनि बताउनुहोस् । यसलाई बलिदान भनिन्छ । पुरानो करारको पुस्तकभरि नै परमेश्वरले मानिसको पाप ढाक्नका निम्ति पशुको बलिदान चढाउने माग गर्नुभएको थियो । यदि आदम र हव्वाले पाप नगरेका भए त्यो पशु मर्नुपर्ने थिएन । पापको नतिजा सधैं नराम्रो नै हुन्छ ।

**हराएका शब्दहरू :**

बोर्डमा सिक्नु पर्ने बाइबल पद लेख्नुहोस् ठाउँ-ठाउँमा खाली ठाउँहरू छोड्नुहोस् । बोर्डको एक छेउमा ती खाली ठाउँमा राख्न पर्ने शब्दहरू लेख्नुहोस् ताकि उनीहरूले त्यसबाट मिल्ने शब्द छानेर खाली ठाउँमा लेखून् अथवा उनीहरूले भनेको शब्द तपाईंले लेख्न सक्नुहुन्छ । एक पल्टमा एक जना विद्यार्थीलाई एउटा खाली ठाउँमा ठीक शब्द लेख्न लगाउनुहोस् । त्यो पद पूरा नहुन्जेलसम्म त्यो दोहोर्‍याई रहनुहोस् । सबै बालबालिकाहरूले पद कण्ठ नगरून्जेल सम्म दोहोर्‍याई राख्नुहोस् ।

**शिक्षक साहयता**

**पद कण्ठ गराउने क्रियाकलाप : शब्दको मिश्रण**

प्रत्येक शब्दलाई एउटा एउटा कागजको टुक्राहरूमा लेखेर ती सबै कागजको टुक्राहरूलाई एकै ठाउँमा मिसाउनुहोस् । त्यसपछि, बालबालिकाहरूलाई ती शब्दहरू खोजेर सही क्रममा मिलाउन लगाउनुहोस् ।

## ४) पाठको समीक्षा गर्नुहोस्

बाइबलमा यो पहिलोपटक हो जहाँ मानिसको आवश्यकता पूर्ति गर्नका लागि जनावर मर्नु परेको थियो । भविष्यमा, हामी अरू जनावरहरूको बारेमा पनि कुरा गर्नेछौँ, जुन मानिसहरूको लागि मर्नु परेको थियो ।

आदम र हव्वाले आफ्नो लाज र दोषी भावनालाई नेभाराका पातले आफ्नो निम्ति वस्त्र बनाएर ढाक्ने प्रयास गरे तर परमेश्वरले अझ राम्रो वस्त्र जुटाइदिनुभयो, जुन वस्त्र पशुको छालाबाट बनेको थियो ।

## ५) पाठ लागु गर्नुहोस्

परमेश्वर यस्तो महान् प्रबन्धकर्ता हुनुभएको हुनाले तपाईं वा तपाईंले चिन्ने अरू कसैका लागि प्रबन्ध गरिदिनुभएको हुनसक्छ कुनै २,३ ओटा तरिकाहरूको विषयमा लेख्नुहोस् ।

अब, ती तरिकाहरूमध्ये एउटा छान्नुहोस् अनि तपाईंको परिवारका सदस्यहरू वा मित्रहरूलाई बताउनुहोस् कि परमेश्वरले तपाईंको लागि कसरी जुटाउनुभएको थियो । परमेश्वरले तपाईंको निम्ति कसरी जुटाउनुभएको थियो सो कुरा कक्षाको कुनै पनि मित्रसँग वा तपाईंको शिक्षकलाई बताएर पनि अभ्यास गर्न सक्नुहुन्छ ।

अर्कोचोटि विद्यार्थीहरू कक्षामा आउँदा परमेश्वरले उनीहरूका निम्ति कसरी जुटाउनुभएको थियो भन्ने कुरा मित्रहरू वा परिवारका सदस्यहरूलाई बताउँदा उनीहरूको प्रतिक्रिया कस्तो थियो सो अरूलाई सुनाउन लगाउनुहोस् ।

**कथाको मूख्य सार : परमेश्वरले आदम र हव्वाको लागि वस्त्र बनाउनलाई एउटा निर्दोष पशु मार्नुभयो ।**

### तुलनात्मक क्रियाकलाप

बालबालिकाहरूलाई उनीहरूले गर्ने राम्रो कुरा र परमेश्वरले गर्नुहुने राम्रो कुराहरूको तुलना गर्दै दुईवटा अलग-अलग सूची बनाउन लगाउनुहोस् ।

अन्त्यमा शिक्षकले यो भन्न सक्छन्, कि मानिसहरूले मानिसहरूका निम्ति जुन प्रबन्ध गर्छन् त्योभन्दा धेरै राम्रो प्रबन्ध परमेश्वरले मानिसहरूका निम्ति गर्न सक्नुहुन्छ । आदमले जस्तै हामीले परमेश्वरमाथि भरोसा राख्नुपर्छ ।

# रोचक घटना नं १२

## उत्पत्ति ३:२२-२४

**कथाको मूख्य सार : परमेश्वरले पापलाई घृणा गर्नुहुन्छ । पापको कारण परमेश्वरले आदम र हव्वालाई बगैंचाबाट निकालिदिनुभयो ।**

### १) पाठको अध्ययन गर्नुहोस् (कक्षामा जानु अघि)

- अदनको बगैंचामा बस्नु स्वर्गमा बस्नु जस्तै थियो । त्यो एउटा सिद्धताले पूर्ण स्थान थियो । यदि आदम र हव्वाले परमेश्वरको आज्ञा उल्लङ्घन नगरेको भए, उनीहरू त्यस अदनको बगैंचामा नै बसिरहेका हुन्थे । पापको दण्ड स्वरूप आदम र हव्वालाई त्यो बगैंचाबाट निकालिइएको थियो ।
- उनीहरू बगैंचाबाट बाहिर नै रहून् भनी निश्चित गर्नलाई परमेश्वरले त्यस बगैंचाको प्रवेशद्वारमा हतियार सहितका रखवाली गर्ने रक्षकहरू राख्नुभयो ।
- आदम र हव्वा बगैंचाबाट निकालिनुको मूख्य कारण तिनीहरूको पाप थियो ।
- आदम र हव्वालाई यातना भोग्ने ठाउँमा होइन, परिश्रम गर्नुपर्ने ठाउँमा पठाइयो ।
- हव्वाले या त परमेश्वरले उनलाई भन्नुभएको कुरामा लापरवाही गरिन् या गलत प्रकारले बताईन् । येशूले पवित्रशास्त्रको वचनहरू विश्वाससाथ उद्धृत गर्नुभयो (मत्ती ४:४, ७, १०) ।
- त्यस दण्ड वास्तवमा मानिसको भलाईका निम्ति थियो । उसले क्षणिक मृत्युको सामना गर्न परेता पनि ऊ सधैंभरि पापमा नै जिइरहनु पर्ने चाहिँ थिएन ।
- परमेश्वर आदमसँग अप्रसन्न हुनुभयो, तर उहाँले आदमलाई दया देखाउनुभयो ।
- परमेश्वरले आदम र हव्वालाई दिनुभएको छालाको लुगाले सधैं उनीहरूको निम्ति परमेश्वरले गर्नुभएको प्रावधानको सम्झना गराउँदछ ।
- कुनै बेला सबै कुराहरू अति नै असल थिए ती सब अब उल्टो भएका छन् । जसै हामी उत्पत्तिको पुस्तक पढ्दै जान्छौं, हामीले यसमा आदम र हव्वाको पापको फलस्वरूप हत्या, बलात्कार, रोगबिमार, मतवालीपन र मृत्युहरू शुरू भएको कुरा पाउँदछौं ।

**शिक्षक साहायता**

शिक्षकको निर्देशनको लागि पाठलाई पाँचवटा मुख्य भागहरूमा विभाजन गरिएको छ । शिक्षण प्रक्रियाको प्रत्येक भागहरू महत्वपूर्ण छन् र प्रभावकारी रूपमा शिक्षा दिनका निम्ति ती पाँचैवटा भाग पालन गर्नु पर्छ । क्रमबद्ध बाइबल शिक्षा बालबालिकाहरूलाई सुसमाचार प्रचार गर्ने र चेला बनाउने एउटा उत्तम तरिका हो । बालबालिकाहरूले बाइबलका कथाहरू जानेपछि बाइबलका परमेश्वरलाई चिन्नेछन् र कसरी उहाँलाई विश्वासद्वारा स्वीकार गर्नुपर्छ भन्ने पनि जान्नेछन् ।

यी पाँचवटा चरणहरू पाठ सिकाउनका लागि महत्वपूर्ण भागहरू हुन् । पाठ पढाउनुभन्दा अघि तयारी गर्नु अति नै आवश्यक हुन्छ अनि कक्षा हुने दिनसम्म पनि यो गरिनुपर्छ । जब कक्षाको समय शुरू हुन्छ पाठको परिचय कुनै यस्तो धारणा वा तरिकाद्वारा प्रस्तुत गर्नुहोस्, जसले विद्यार्थीहरूलाई सिक्ने प्रक्रियामा सहभागी हुन उत्साह प्रदान गरोस् । कथाको शिक्षा विभिन्न प्रकारले: मुखले भनेर, गाएर, बाइबलका पदहरू कण्ठ गरेर अनि विभिन्न कार्यहरू गरेर दिन सकिन्छ । यो पाठ र यो भन्दा पहिलेको पाठहरू अवश्य दोहोऱ्याएर हेर्नुहोस् । यो पाठ पढाई सकेपछि अन्त्यमा सायद सबैभन्दा महत्वपूर्ण कुरा तपाईंको कक्षालाई अपनाउनपर्ने वा लागू गर्नुपर्ने केहि कुराहरू दिनुहोस् ताकि जसले उनीहरूलाई जीवन जीउन मद्दत गरोस् ।

©प्रतिलिपी अधिकार २०१७ जिम कुक

## २) पाठ शुरू गर्नुहोस्

पाठको समीक्षा गर्नको लागि खेल खेल्नलाई बोर्डमा एउटा तालिका बनाउनुहोस् जुन यस्तो प्रकारको देखियोस्:

| समय रेखा | कथाको मुख्य सार | भजनहरू | कण्ठ गर्नुपर्ने पदहरू |
|---|---|---|---|
| १०० अंक | २०० अंक | ३०० अंक | ४०० अंक |
| १०० अंक | २०० अंक | ३०० अंक | ४०० अंक |
| १०० अंक | २०० अंक | ३०० अंक | ४०० अंक |
| १०० अंक | २०० अंक | ३०० अंक | ४०० अंक |
| १०० अंक | २०० अंक | ३०० अंक | ४०० अंक |

अहिले सम्म अध्ययन गरिसकेका १० वटा पाठहरूको समीक्षा गर्नुहोस् र बालबालिकाहरूलाई प्रत्येक समय रेखाको लागि १०० अंक, कथाको मुख्य सारको लागि २०० अंक, भजनको लागि ३०० अंक, र कण्ठ गर्नुपर्ने पदहरूको लागि ४०० अंक दिनुहोस्।

जित्ने समूहको लागि पुरस्कारको व्यवस्था पनि गर्न सक्नुहुन्छ। प्राय: प्रतियोगिताहरू बालबालिकाहरूको लागि रमाइलो खेल समान हुन्छन्। यसैले, उनीहरू सबैलाई सहभागी गराउनुहोस्। तपाईंको कक्षाको संख्याको आधारमा तपाईंले प्रत्येक विद्यार्थीलाई १ वा २ प्रश्नको मात्र उत्तर दिन लगाउन सक्नुहुन्छ। यसो गर्नुको कारण के हो भने यदि तपाईंले मौका दिनुभएको खण्डमा कोहि विद्यार्थीले सबै प्रश्नका उत्तरहरू आफुले मात्र दिन सक्छन्।

यसमा जम्मा अंक १०००० हुनेछ, प्रत्येक पाठको लागि १००० अंक।

**पाठ शुरू गर्ने क्रियाकलाप: बाइबलीय जोखिम**

कक्षालाई बराबर गरि दुई समूहमा विभाजन गर्नुहोस्। समूहहरू यस प्रकारले छान्न सक्नुहुन्छ:

- केहि ठूला हात हुनेहरू
- केहि साना हात हुनेहरू

यो खेल पाठको अन्तसम्मको समीक्षामा निरन्तर जारी रहनेछ।

## ३) पाठ सिकाउनुहोस्

तपाईंहरूले त्यस्तो कुन काम गर्नुभएको छ जुन कामलाई वास्तवमा दण्ड दिनु आवश्यक छ कुनै पनि प्रेमिलो बुवा वा आमाले छोराछोरीलाई कुनै गल्ती गरेको खण्डमा केहि न केहि दण्ड त अवश्य नै दिनुहुन्छ तर परिवारबाट नै निकाल्ने काम चाहिँ अवश्य पनि गर्नुहुन्न। परमेश्वरले पनि त्यसै गर्नुभयो। उहाँले आफ्ना छोरीछोरीलाई दण्ड स्वरूप बगैंचाबाट बाहिर निकाल्नुभयो, तर उनीहरूप्रतिको आफ्नो प्रेम उहाँले कहिले पनि हटाउनुभएन।

## कथा भन्नुहोस्

आदमले भर्खरै उसको पत्नीको नाम राखेका थिए । उसको नाम हव्वा राखियो, किनकि उनी सबै मानव जातिकी आमा हुने थिईन् । यो आदमद्वारा गरिएको एउटा विश्वासको काम थियो । यस बेलासम्म हव्वाको खास नाम थिएन, उसलाई स्त्री मात्र भनिएको पाईन्छ । अब, परमेश्वरले उनीहरूको लागि वस्त्रको व्यवस्था गर्नुभएपछि आदमले विश्वासद्वारा आफ्नी पत्नीको नाम राखेका छन् । याद गर्नुहोस् त्यस बेला उनीहरूका छोराछोरीहरू थिएनन् ।

हाम्रो आजको कथामा तीनवटा विभिन्न स्थानका दृश्यहरू छन् । पहिलो दृश्य स्वर्गको छ, जहाँ परमेश्वरले दण्ड कसरी दिने भन्ने विषयमा कुरा गर्नुहुन्छ । दोस्रो दृश्यले परमेश्वरले पापलाई कसरी दण्ड दिनुहुन्छ भनी वर्णन गर्दछ । अनि तेस्रो दृश्यले हामीलाई अचम्मको तरवारको विषयमा बताउँछ, जसलाई परमेश्वरका विशेष स्वर्गदूत करूबहरूले प्रयोग गरे ।

हामी स्वर्गको पहिलो दृश्यलाई हेरौं । परमेश्वरले पापलाई दण्ड दिनु परेको थियो । अब स्वर्गमा, परमेश्वर (त्रिएक परमेश्वर) ले अब आदम र हव्वालाई के हुन्छ भनी छलफल गर्नुभयो । निष्कर्ष यस्तो निकालियो: उनीहरू पाप बोकेर अदनको बगैंचामा रहन सक्दैनन् । उनीहरूलाई त्यहाँबाट निकाल्नै पर्छ । यो छलफल अचम्मको छ, किनकि परमेश्वरले आदम र हव्वा सधैंभरि जीवित रहून् भन्ने चाहानुहुन्थ्यो, तर पनि उहाँले उनीहरूका अनाज्ञाकारिताको परिणाम स्वरूप उनीहरूलाई दण्ड दिनुपरेको थियो ।

त्यसपछि, हामी पृथ्वीमा, त्यस बगैंचा भन्दा बाहिरको दृश्यलाई हेरौं । परमप्रभु परमेश्वरले आदम र हव्वालाई बगैंचादेखि बाहिर निकाल्नुभयो । जहाँ उनीहरूले भूमिको खनजोत र उब्जनीको तयार गर्नुपर्ने थियो । उनीहरूलाई बगैंचामा पस्नबाट रोक लगाइयो । त्यो बगैंचा सुन्दर थियो अनि त्यहाँ अपार शान्ति, आनन्द र सम्पूर्ण सुविधाले सम्पन्न थियो । तर अब उनीहरूलाई त्यहाँ बस्नलाई अनुमति थिएन । कल्पना गर्नुहोस् प्रेम, आनन्द र शान्तिले भरिएको एउटा सुन्दर घर छ । तर तपाईंले त्यस घर सधैंका निम्ति छोड्नुपर्ने अवस्था आएको छ । अवश्य पनि राम्रो लाग्दैन, लाग्छ र ? आदम र हव्वाले अवश्य पनि त्यस्तै महसुस गरेको हुनुपर्छ । त्यस बगैंचा उनीहरूका निम्ति एउटा वेदी जस्तो थियो । जहाँ उनीहरूले परमेश्वरको आराधना र सेवा गर्ने गर्दथे । उनीहरूले त्यो काम अझै पनि गर्न सक्थे, तर विगतमा गरेजस्तो भने गर्न सक्ने अवस्था थिएन ।

अन्त्यमा, हामी त्यो बगैंचाको प्रवेशद्वारको दृश्यलाई पनि हेरौं । कथाको अन्त्यमा, परमेश्वरको तर्फबाट आएको विशेष दूत करूबहरू र चारैतिर घुमिहिँड्ने ज्वालामय तरवारहरू त्यसको प्रवेशद्वारमा राखिएका थिए । आदम र हव्वाका निम्ति त्यस बगैंचामा फेरि पस्नु सम्भव नै थिएन । हातमा ज्वालामय तरवारहरू लिएका करूबहरूले पस्न दिँदैनथे । करूबहरूले त्यही गरे जे परमेश्वरले उनीहरूलाई भन्नुभएको थियो ।

परमेश्वरले आदम र हव्वालाई क्षमा दिनुभयो र उहाँले उनीहरूलाई बगैंचाबाट निकालेर उनीहरूका अनाज्ञाकारिताका निम्ति दण्ड पनि दिनुभयो ।

**कथा भन्ने क्रियाकलाप : तीनवटा दृश्य**

यो कथाको तीन भिन्दा भिन्दै स्थानहरू छन् । सम्भव हुन्छ भने यो कुरा तपाईंको कक्षालाई स्पष्ट बताउनको लागि तपाईंको कक्षा कोठमा तीनवटा भिन्दा भिन्दै स्थानहरू बनाउनुहोस् अनि कक्षालाई प्रत्येक दृश्यमा सार्नुहोस् ।

यदि तपाईंको कक्षा ठूलो छ भने कक्षालाई विभिन्न ठाउँमा सार्नुको साट्टामा शिक्षक आफै नै सरेर तीनवटा विभिन्न स्थानहरू बनाउन सक्नुहुन्छ ।

## कण्ठ गर्नुपर्ने पद

**लेवी १९:२ ख (टि.बी.एस) -** "तिमीहरू पवित्र होओ, किनकि म, परमप्रभु तिमीहरूका परमेश्वर, पवित्र छु।"

## स्तुति-प्रशंसा आराधना

स्तुति-प्रशंसा र आराधना गर्ने तरिकाहरू संसारभरि फरक-फरक रहेको पाईन्छन्। यो पाठ्यक्रमको उद्देश्य भनेको विषयवस्तुसँग मिल्दो जुल्दो भजनहरू छान्नु उत्तम हुन्छ भनि सुझाव दिनु हो। स्तुति-प्रशंसा र आराधना सम्बन्धी भजनहरू प्रायः यूट्यूबमा पनि राखिएका हुन्छन्। तापनि शिक्षकले आफ्नो स्वतन्त्र इच्छा अनुसार त्यस्तै पाठसँग मिल्दो जुल्दो भजनहरू छान्न सक्नुहुन्छ।

यस पाठका निम्ति "तपाईंको दया जीवन भन्दा श्रेष्ठ (कोरस नं. ३०)" बोलको भजन गाउने सल्लाह दिईन्छ।

## बाइबलीय क्रियाकलाप

सोध्नुहोस् : **"के तपाईंहरूले कहिले यस्तो भ्यागुता देख्नुभएको छ ? (सम्भव हुन्छ भने भ्यागुता ल्याउन सक्नुहुन्छ) मानिसको शरीरबाट पसीना निस्केको जस्तै गरि यो भ्यागुताको विष यसको छालाबाट निस्किन्छ। यदि त्यस भ्यागुतालाई छुनु भयो भने तपाईं मर्नसक्नुहुन्छ। एउटा मानिसलाई मार्न नूनको २-३ दाना जति विष मात्र चाहिन्छ।** त्यति धेरै होइन। नून र एक गिलास पानी देखाउनुहोस्। भन्नुहोस् **यो नून विष होइन, तर एउटा जवान मानिसलाई मार्न त्यति वजनको विष मात्र भयो भने पनि ऊ मर्न सक्छ, बालबालिकाको निम्ति त झन् अझै थोरै भए पनि पुग्छ। यदि मैले यो नून गिलासमा हालेर घोलें भने के तपाईं नून देख्नुहुन्छ ?"** (देखिँदैन) सबैलाई यो देखाउनुहोस्। **"तपाईंले यसको स्वाद पनि पाउनुहुन्न, किनकि यसको मात्रा थोरै छ। यो पानी एकदमै शुद्ध छ भनेर के कसैले तपाईं झुटो बोल्न सक्छ ?"** (सक्छ)। यदि कसैले त्यस पानी पिउन चाहान्छ भने पिउन दिनुहोस् (पानी चाहिँ सफा हुनुपर्छ) कोहि नभएमा शिक्षक आफैले पिउनुहोस्।

पाठको मुख्य कुरा : पाप पनि यस्तै हुन्छ, त्यो हानि नगर्नेजस्तो देखिन्छ, त्यो उफ्रिहिँडने सुन्दर भ्यागुता जस्तै हुन्छ। तर जे देखिन्छ त्यसको पछाडी डरलाग्दो विष लुकेको हुन्छ। त्यो विषले हरेकचोटि तपाईंलाई शारीरिक रूपमा मार्दैन तर त्यसले तपाईंको प्रिय सृष्टिकर्ता परमेश्वरबाट तपाईंलाई अलग गर्दछ। शैतान तपाईंसँग झुटो बोल्ने व्यक्तिजस्तो हो जसले गलत कार्यहरू गर्दा केहि पनि हुँदैन, आखिर सबैले त गरिरहेका छन् भनी भन्छ। त्यो एउटा झुट हो। तपाईंको आत्माको शत्रुको कुरा नसुन्नुहोस्। परमेश्वरको वचनले पापको बारेमा दिएको शिक्षामा विश्वास गर्नुहोस्। पापको परिणाम सधैं नराम्रो हुन्छ।

## शिक्षक साहयता

**पद कण्ठ गर्ने क्रियाकलाप : समूहमा उभिनु**

पदको समीक्षा गरिसकेपछि समूहमा खडा भएर एकसाथ यस पद भन्न लगाउनुहोस्।

- हरियो कपडा लगाउनेहरू सबै उठेर यो पद भन्नुहोस्।
- फूटबल खेल्नेहरू सबै उठेर यो पद भन्नुहोस्।
- जो दुई वर्षभन्दा माथिको हुनुहुन्छ, सबैजना उठेर यो पद भन्नुहोस्।

यसलाई यसको उल्टो प्रकारले पनि भन्न सक्नुहुन्छ, जस्तै हरियो नलगाउनेहरू सबै उठेर यो पद भन्नुहोस्।

**बाइबलीय क्रियाकलाप**

सम्भव हुन्छ भने, "फिलोबेटस टेरिबिलिस" भनिने उफ्रिने भ्यागुताको विषको चित्र देखाउनुहोस्। यी अति नै विषालु भ्यागुताहरू कोलम्बिया, दक्षिण अमेरिकामा पाइन्छन्।

## ४) पाठको समीक्षा गर्नुहोस्

यो पाठको शुरूवातमा खेलिएको समीक्षा खेल पुनः खेलाउनुहोस् सोहि अंक

- १०० अङ्कको लागि, पहिलो दृश्य कुन ठाउँको हो ? (स्वर्ग)
- २०० अङ्कको लागि, दोस्रो दृश्य कुन ठाउँको हो ? (अदनको बगैंचा बाहिरको दृश्य)
- ३०० अङ्कको लागि, तेस्रो दृश्य कुन ठाउँको हो ? (बगैंचाको द्वारको बाहिर)
- ४०० अङ्कको लागि, कुन प्रकारका स्वर्गदूतहरूले अदनको बगैंचाको रक्षा गरेका थिए (करूबहरू)
- ५०० अङ्को थप प्रश्न, यो पाठको मूख्य सार के हो (परमेश्वरले पापलाई घृणा गर्नुहुन्छ । परमेश्वरले आदम र हव्वालाई पापको कारण बगैंचाबाट बाहिर निकालिदिनुभयो ।)

**पाठको समीक्षा क्रियाकलाप : बाइबलीय जोखिम**

यस समीक्षा क्रियाकलाप पाठको शुरूमा भएको समीक्षा खेलको निरन्तरता हो ।

## ५) पाठ लागु गर्नुहोस्

बाइबलको आशाको कथाबाट हामीले आठवटा महत्वपूर्ण कुराहरू प्रष्टै देख्न सक्छौं । बाइबलको यस कथाबाट हामीले यो कुरा थाहा पाँउछौं, कि आदम र हव्वाले परमेश्वरसित आफ्नो सम्बन्ध तोडेका थिए त्यसैकारणले गर्दा उनीहरूलाई परमेश्वरले बगैंचाबाट बाहिर निकालिदिनुभयो ।
आदम र हव्वाले परमेश्वरसित आफ्नो सम्बन्ध तोडेका कारण परमेश्वरले उनीहरूलाई बगैंचाबाट बाहिर निकालिदिनुभयो । यदि तपाईंले कुनै प्रकारले परमेश्वरसित आफ्नो सम्बन्ध तोड्नुभएको छ भने तपाईंले उहाँको आज्ञापालन नगरेको कुरा स्वीकार गर्दै परमेश्वरसितको सम्बन्ध पुनर्स्थापना गर्न थाल्नुपर्छ ।

**कथाको मूख्य सार : परमेश्वरले पापलाई घृणा गर्नुहुन्छ । पापको कारण परमेश्वरले आदम र हव्वालाई बगैंचाबाट निकालिदिनुभयो ।**

# रोचक घटना नं १३

# उत्पत्ति ४:१-१२

**कथाको मूख्य सार : कयिन र हाबिलले परमेश्वरप्रति दुई भिन्दा भिन्दै प्रकारको प्रतिक्रिया दिए ।**

## १) पाठको अध्ययन गर्नुहोस् (कक्षामा जानु अघि)

- अब, हव्वा सारा सृष्टि कै पहिलो मानव आमा बनेकी छिन् ।
- उत्पत्ति अध्याय ४, परमेश्वरविहीन समाजको कथा हो ।
- आदम र हव्वालाई उत्पत्ति ३:१५ मा त्यो व्यक्तिको प्रतिज्ञा गरिएको थियो, जसले शैतानलाई नाश पार्नेछ । उत्पत्ति ४:१ मा हव्वाले परमप्रभुको सहायताले एउटा पुरुष जन्माएकी घोषणा गरेकी छिन्, त्यो उसको पहिलो छोरा कयिन थियो । शायद हव्वाले शैतानलाई नाश पार्ने कयिन नै हुनुपर्छ भनेर पनि सोचेकी हुनसक्छ । उसले आशा गर्नु सही थियो तर उसले शैतानलाई नाश पार्ने व्यक्ति चिन्नमा भने गल्ती गरेकी थिईन् ।
- यो अध्यायको यस खण्डले परमेश्वरलाई कयिन र हाबिलले चढाएको भेटी बीचको भिन्नता उल्लेख गरेको पाईन्छ ।
- कयिन कठोर परिश्रम गर्ने किसान थिए, जसले आफ्नो उब्जनीबाट भेटी ल्याए । हाबिल गोठालो थिए र उसले पनि आफ्नो बगालबाट परमप्रभुका निम्ति भेटी ल्याए । ती दुवै भेटीहरू ग्रहणयोग्य जस्ता देखिन्छन् ।
- गोठालो हाबिलले परमेश्वरलाई आफूले चढाउन सक्ने सर्वोत्तम भेटी ल्याए । त्यो पहिलो जन्मेको पशु थियो ।
- बाइबलले कयिनको भेटीको गुणस्तरको बारेमा केहि पनि बताएको छैन । स्पष्ट छ कि उसले आफ्नो तर्फबाट उत्तम भेटी ल्याएको थिएन । उसले भेटी ल्यायो । तर उसको भाइले जस्तो आफ्नो क्षमताले सक्ने सर्वोत्तम भेटी भने ल्याएको देखिदैंन ।

### शिक्षक साहायता

शिक्षकको निर्देशनको लागि पाठलाई पाँचवटा मुख्य भागहरूमा विभाजन गरिएको छ । शिक्षण प्रक्रियाको प्रत्येक भागहरू महत्वपूर्ण छन् र प्रभावकारी रूपमा शिक्षा दिनका निम्ति ती पाँचैवटा भाग पालन गर्नु पर्छ । क्रमबद्ध बाइबल शिक्षा बालबालिकाहरूलाई सुसमाचार प्रचार गर्ने र चेला बनाउने एउटा उत्तम तरिका हो । बालबालिकाहरूले बाइबलका कथाहरू जानेपछि बाइबलका परमेश्वरलाई चिन्नेछन् र कसरी उहाँलाई विश्वासद्वारा स्वीकार गर्नुपर्छ भन्ने पनि जान्नेछन् ।

यी पाँचवटा चरणहरू पाठ सिकाउनका लागि महत्वपूर्ण भागहरू हुन् । पाठ पढाउनुभन्दा अघि तयारी गर्नु अति नै आवश्यक हुन्छ अनि कक्षा हुने दिनसम्म पनि यो गरिनुपर्छ । जब कक्षाको समय शुरू हुन्छ पाठको परिचय कुनै यस्तो धारणा वा तरिकाद्वारा प्रस्तुत गर्नुहोस्, जसले विद्यार्थीहरूलाई सिक्ने प्रक्रियामा सहभागी हुन उत्साह प्रदान गरोस् । कथाको शिक्षा विभिन्न प्रकारले: मुखले भनेर, गाएर, बाइबलका पदहरू कण्ठ गरेर अनि विभिन्न कार्यहरू गरेर दिन सकिन्छ । यो पाठ र यो भन्दा पहिलेको पाठहरू अवश्य दोहोऱ्याएर हेर्नुहोस् । यो पाठ पढाई सकेपछि अन्त्यमा सायद सबैभन्दा महत्वपूर्ण कुरा तपाईंको कक्षालाई अपनाउनपर्ने वा लागू गर्नुपर्ने केहि कुराहरू दिनुहोस् ताकि जसले उनीहरूलाई जीवन जीउन मद्दत गरोस् ।

## २) पाठ शुरू गर्नुहोस्

बाइबलका प्रमुख दशवटा कुराहरू

तपाईंले भन्नुभएको बाइबलको महान् कथा भन्दा अगाडि बालबालिकाहरूलाई जान नदिनुहोस् ।

सम्भावित सुझावहरू समावेश गर्न सकिन्छ:

१०. हव्वा सबै जीवित मानिसहरूको आमा थिईन् ।

९. परमेश्वरले शैतानलाई नाश पार्ने व्यक्ति पठाउने प्रतिज्ञा गर्नुभयो ।

८. परमेश्वरको नाम (एलोहिम) को अर्थ उहाँ धेरै शक्तिशाली हुनुहुन्छ भन्ने हुन्छ ।

७. आदम र हव्वाले पाप गरेपछि नेभाराको पातले आफ्नो लाज ढाक्ने कोसिस गरेका छन् । तर परमेश्वरले उनीहरूलाई जनावरको छालाको वस्त्र बनाई दिनुभएको थियो । एउटा जनावर मर्नु परेको थियो ।

६. परमेश्वरले आदम र हव्वालाई बगैंचाबाट बाहिर निकाल्नुभयो । उहाँले बगैंचाको पूर्विद्वारको रक्षा गर्न करूबहरू र बगैंचाको बीचमा एउटा तरवार समेत राख्नुभयो ।

५. स्वर्गदूतहरू परमेश्वरको आराधना र सेवा गर्न सृष्टि गरिएका थिए ।

४. शैतानले स्वर्गमा विद्रोह शुरू गऱ्यो र अहिले पृथ्वीमा पनि विद्रोह जारी राखेको छ ।

३. एक-तिहाई स्वर्गदूतहरूले शैतानलाई त्यसको विद्रोहमा साथ दिएका थिए ।

२. अदनको बगैंचामा जीवन शान्ति र आनन्दले भरिएको थियो ।

१. परमेश्वरले सम्पूर्ण सृष्टिको काम गर्नुभयो ।

**पाठ शुरू गर्ने क्रियाकलाप : बाइबलका प्रमुख दशवटा कुराहरू**

यो क्रियाकलापमा शिक्षकले बालबालिकाहरूलाई यस भन्दा अगाडीका पाठहरूमा सिकेका महत्वपूर्ण धारणाहरूको समीक्षा गर्न लगाउनुपर्छ । यसमा सही वा गलत उत्तरहरू भन्ने हुँदैन । शिक्षकले यो प्रश्न गर्नुपर्छ, **"यहाँसम्म अध्ययन गरिसक्दा तपाईंलाई बाइबलका कुन-कुन दशवटा प्रमुख कुराहरूको सम्झना छ ?"**

## ३) पाठ सिकाउनुहोस्

पाठ १३ को परिचय: कयिन र हाबिल

बालबालिकाहरूलाई उनीहरूको साथीहरूद्वारा अस्वीकार गरिएको कुनै त्यस्तो घटना भएको छ भनेर सोध्नुहोस् । केहि बालबालिकाहरूलाई साथीहरूले उनीहरूलाई अस्वीकार गर्दाको अनुभव कस्तो थियो त्यो बाँडन लगाउनुहोस् ।

कक्षामा सबैलाई सोध्नुहोस् कि के कुनै समय उनीहरूले परमेश्वरद्वारा इन्कार गरिएको जस्तो महसुस गरेका छन ? शिक्षकले यसरी पनि सोध्न सक्नुहुन्छ **"परमेश्वरद्वारा स्वीकारयोग्य हुनका लागि के गर्नुपर्छ होला ?"**

## कथा भन्नुहोस्

यो एउटा अति सुन्दर दिन थियो । जहाँ हव्वा इतिहासमा नै प्रथम आमा बन्न लागेकी थिईन् । परमेश्वरले आदमलाई छोराछोरी जन्माउन भन्नुभएको थियो, अब आदम र हव्वाका निम्ति पहिलो सन्तान प्राप्त गर्ने समय नजिकै आईरहेको थियो । शायद उनीहरू धेरै उत्साहित थिए ।

जब हव्वाले पहिलो बालबालिका, छोरा जन्माउने समय आयो, उसले त्यसलाई कयिन नाउँ दिईन्, जसको अर्थ "परमप्रभुको सहायताले एउटा पुरुषलाई जन्माएको छु" भन्ने हुन्छ। केहि समय अघि मात्रै आदम र हव्वालाई शैतानलाई नष्ट गर्ने एक जना व्यक्ति दिइनेछ भनेर प्रतिज्ञा गरिएको थियो। उनीहरूले आफ्नो जेठो छोरालाई दिएको नामको कारण त्यसले नै (कयिनले) शैतानको शिर कुच्च्याउने छ भनेर आशा गरेको जस्तो देखिन्छ। पछिबाट त्यो कुरा होइन रहेछ भनी उनीहरूले थाहा पाउँछन्। केहि समय पछि आदम र हव्वाको अर्को छोरा जन्मियो । उनीहरूले त्यसको नाम हाबिल राखे । उनीहरूले किन त्यसको हाबिल नाम राखे सो हामी जान्दैनौं, तर उनीहरूले त्यसलाई पनि धेरै नै प्रेम गरे ।

ती दुवै केटाहरू सँगसँगै हुर्किए । अवश्य नै उनीहरू सँगै हाँस्ने, खेल्ने पनि गरे होलान् । उनीहरूमा आ-आफ्नै रुचि र खूबीहरू थिए । कयिनको खूबी यो थियो कि उनी एक असल किसान थिए । उसले जमिनको खनजोत गरेर र सम्पूर्ण परिवारले खाने राम्रा सागसब्जीहरू र अन्नहरू उमार्न जानेको थियो। हाबिल गोठालोको रूपमा हुर्कियो, र भेडाबाखाको हेरचाह गर्नमा राम्रो थियो । परमेश्वरले उनीहरू दुवैलाई केहि खूबीहरू दिनुभएको थियो, त्यसरी नै तपाईंहरूलाई पनि उहाँले अवश्य केहि न केहि खूबीहरू दिनुभएको छ ।

अब कयिन र हाबिलले परमेश्वरलाई भेटी चढाउनु पर्ने दिन आयो। कयिनले ल्याएको भेटी र हाबिलले ल्याएको भेटीमा ठूलो भिन्नता थियो । कयिनले केहि सागसब्जी ल्याए । जुन साधारण भेटी थियो, त्यो कयिनले ल्याउन सक्ने उत्तम भेटी चाहिँ थिएन । यद्यपि हाबिलले आफ्नो बगालको उत्तम पशु परमप्रभुको निम्ति चढाउन ल्याए । त्यो पहिलो जन्मेको सबैभन्दा उत्तम पाठो थियो, अनि त्यस्तो पाठो सधैं सर्वोत्तम र महत्वपूर्ण मानिन्थ्यो ।

परमेश्वर हाबिलसँग प्रसन्न हुनुभयो किनकि उसले ल्याउन सक्ने सबैभन्दा उत्तम भेटी परमप्रभुको लागि ल्याएको थियो। परमेश्वर कयिनसँग प्रसन्न हुनुभएन, किनकि उसको भेटी उसले ल्याउन सक्ने जतिको उत्तम थिएन। परमेश्वरले कायिनको भेटी स्वीकार नगर्नुभएको कारण कयिन रिसाए र आफ्नो भाई हाबिलको हत्या गरे । यस कुरामा परमेश्वर धेरै नै दुःखी हुनुभयो । हामीले अरूलाई चोट पुऱ्याएको परमेश्वर कहिल्यै पनि मन पराउनुहुन्न । यसकारण परमेश्वरले कयिनलाई त्यस हत्याका निम्ति दण्ड दिनुभयो। उहाँले त्यसलाई घुमन्ते हुने दण्ड दिनुभयो। अब ऊ किसान हुन सक्दैनथ्यो जुन काम गर्नमा ऊ निपुण थियो । परमेश्वरले कयिनबाट त्यो काम खोस्नुभयो । आफूले पाएको दण्ड कयिनलाई मन परेन र परमेश्वरले मसँग साह्रै कठोर व्यवहार गर्नुभयो भनेर सोच्यो। कयिनले आफ्नो बाँकी जीवन घुमन्ते भएर बिताए। आफ्नो भाईको हत्या गरेकोमा शायद उसलाई धेरै दुःख पनि लागेको हुनसक्छ ।

**कथा भन्ने क्रियाकलाप : ती दुईवटा भेटीको तुलना गर्नुहोस्**

आज कक्षामा आउँदा आफ्नो साथमा दुईवटा थोकहरू ल्याउनुहोस् ।

१) एउटा तपाईंको निम्ति अति महत्वको र बहुमूल्य थोक ल्याउनुहोस् ।

२) एउटा तपाईंको निम्ति कम महत्वको थोक ल्याउनुहोस् ।

ती प्रत्येक थोकको वर्णन गरिसकेपछि कक्षालाई सोध्नुहोस् कि परमेश्वरलाई चढाउनका निम्ति कुनचाहिँ भेटी उत्तम हुन्छ

## कण्ठ गर्नुपर्ने पद

**उत्पत्ति ४:७ (टि.बी.एस) -** (तिमीले गर्दा हौ ता के तिमी ग्रहण गरिँदैनौ र तर तिमीले असल गर्दैनौ भनेता पापले ढोकैमा ढुकिरहेको छ ; अनि त्यसको चाहाना तिमीतर्फ हुन्छ ; तर तिमीले त्यसमाथि राज्य गर ।

**पद कण्ठ गर्ने क्रियाकलाप :**

बाइबल पद कण्ठ गर्नका लागि बालबालिकाहरूलाई ३-४ जनाको समूहमा विभाजन गर्नुहोस् । तपाईं रङ्ग अनुसार समूह बनाउन सक्नुहुन्छ । (हरियो कपडा लगाउनेहरू, रातो र अरू रङ्गका कपडा लगाउनेहरूको समूह बनाउन सक्नुहुन्छ) । समूहहरू पाँचवटा भन्दा धेरै हुनुहुँदैन ।

## स्तुति-प्रशंसा आराधना

स्तुति-प्रशंसा र आराधना गर्ने तरिकाहरू संसारभरि फरक-फरक रहेको पाईन्छन् । यो पाठ्यक्रमको उद्देश्य भनेको विषयवस्तुसँग मिल्दो जुल्दो भजनहरू छान्नु उत्तम हुन्छ भनि सुझाव दिनु हो । स्तुति-प्रशंसा र आराधना सम्बन्धी भजनहरू प्राय: यूट्यूबमा पनि राखिएका हुन्छन् । तापनि शिक्षकले आफ्नो स्वतन्त्र इच्छा अनुसार त्यस्तै पाठसँग मिल्दो जुल्दो भजनहरू छान्न सक्नुहुन्छ ।

यस पाठका निम्ति "तपाईंको दया जीवन भन्दा श्रेष्ठ (कोरस नं. ३०)" बोलको भजन गाउने सल्लाह दिईन्छ ।

## बाइबलीय क्रियाकलाप

दुईवटा हृदय सम्बन्धी क्रियाकलाप

हाबिलको हृदय असल थियो र उसले परमेश्वरलाई सबैभन्दा उत्तम भेटी चढाउन चाहान्थ्यो । कयिनको हृदय असल थिएन, र परमेश्वरलाई उसले जस्तोसुकै भेटी चढाउन चाहान्थ्यो । यो क्रियाकलापले बालबालिकाहरूलाई कयिन र हाबिलमा कसरी दुई भिन्दा भिन्दै प्रकारको हृदय थियो भन्ने कुरालाई प्रष्ट देखाउँनेछ ।

१) दुइवटा गिलास लिनुहोस् । एउटा गिलासमा आधा पानी भर्नुहोस् अनि अर्को गिलासमा आधा सेतो भेनिगर भर्नुहोस् । बालबालिकाहरूलाई भन्नुहोस् यी दुईवटा गिलासले कयिन र हाबिलको हृदयको प्रतिनिधित्व गर्दछ ।

२) आधा गिलास भेनिगरमा खानेकुरामा प्रयोग गर्ने कुनै पनि रङ्ग दुई-तीन थोपा हालेर घोल्नुहोस् । यो गिलासले कयिनको हृदयको प्रतिनिधित्व गर्छ, जसले आफ्नो भाइसँग डाह गरेको थियो र जसले परमेश्वरलाई उसको सर्वोत्तम भेटी चढाएन ।

३) आधा पानीले भरिएको गिलासमा एक चम्ची रोटीमा हाल्ने सोडा हाल्नुहोस् । केहि पनि हुँदैन ।

४) अब रङ्ग घोलेको गिलासमा एक चम्ची सोडा हाल्नुहोस् । पानीमा फोकाहरू उठेर गिलासको मुखसम्म आएको हेर्नुहोस् । कयिनको हृदय पनि डाहको कारण फुल्लेर यस्तै नै भयो किनकि उसले परमेश्वरमा उसको उत्तम भेटी ल्याएन ।

**बाइबलीय क्रियाकलाप : दुईवटा हृदय**

शिक्षकले सफा गर्ने सामानहरू पनि ल्याउनु आवश्यक हुन्छ किनकि त्यहाँ फोहर हुनसक्छ ।

## ४) पाठको समीक्षा गर्नुहोस्

शिक्षकले दुईवटा सूची बनाउनुपर्छ ।

- पहिलो सूचीको शीर्षक यो हुनुपर्छ: गर्नुपर्ने असल कुराहरू
- दोस्रो सूचीको शीर्षक यो हुनुपर्छ: गर्नुपर्ने अति उत्तम कुराहरू

हामीले गर्न सक्ने असल कुराहरू के-के हुन् त्यसबारे बालबालिकाहरूलाई छलफल गर्न लगाउनुहोस् । कयिनले परमप्रभुको लागि भेटी ल्यायो, तर परमेश्वरप्रति उसको हृदय (विचार) ठीक थिएन ।

त्यसपछि, बालबालिकाहरूलाई फेरि हामीले गर्न सक्ने उत्तम कुराहरू के-के हुनसक्छन् त्यस बारेमा छलफल गर्न लगाउनुहोस् । हाबिलले परमप्रभुको लागि भेटी ल्यायो; त्यो भेटी उसले ल्याउन सक्ने सबैभन्दा उत्तम भेटी थियो ।

**पाठको समीक्षा**
**क्रियाकलाप : गर्नुपर्ने असल कुराहरू (सम्भावित)**

- मण्डलीको सेवामा जानु
- स्कुलमा नठग्नु
- आमाबुबासँग झुटो नबोल्नु
- परमेश्वरको विषयमा कुराकानी गर्नु

## ५) पाठ लागु गर्नुहोस्

- “गर्नुपर्ने उत्तम कुराहरू” को सूचीबाट दुई वा तीनवटा कुराहरू छान्नुहोस् र बालबालिकाहरूलाई ती कुराहरू गरे कि गरेनन् भनेर अर्को हप्ता तपाईंले सोध्नुहुनेछ भनी भन्नुहोस् ।
- “गर्नुपर्ने उत्तम कुराहरू” विशेष र गर्न सकिने हुनुपर्छ ।
- हामी जे सिक्छौं, त्यस कुरा प्रति जवाफदेही हुनु नै कुनै पनि पाठको मुख्य कुरा हुन्छ । यदि बालबालिकाहरूलाई तपाईंले पढाउनुभएको पाठको विषयमा उनीहरूलाई सोध्नुहुनेछ भनी भन्नुभयो भने, उनीहरूले त्यसमा काम गर्ने धेरै सम्भावना हुनेछ ।

**कथाको मूख्य सार: कयिन र हाबिलले दुई भिन्दा भिन्दै प्रकारले प्रतिक्रिया दिए । :**

**गर्नुपर्ने उत्तम कुराहरू (सम्भावित)**

- शनिबार (अनि प्रत्येक दिन) परमेश्वरको आराधना गर्ने
- स्कुलमा सबैजनासँग एउटा ज्ञानी असल मित्र बन्ने
- हरसमय आफ्ना आमाबुबालाई आदर गर्ने
- परमेश्वरको विषयमा साक्षी दिने

# रोचक घटना नं १४

# उत्पत्ति ४:२५-५:८



**कथाको मूख्य सार : शेत अति नै धार्मिक अर्थात् ईश्वरीय परिवारको अगुवा बनेका छन् ।**

## १) पाठको अध्ययन गर्नुहोस् (कक्षामा जानु अघि)

- हव्वाले भनेको कुरा अनुसार शेत साँच्चै नै परमेश्वरले उहाँको योजना मुताविक दिनुभएको थियो भन्ने कुरा देखिन्छ । अर्को शब्दमा भन्नुपर्दा, परमेश्वरले आदम र हव्वालाई त्यो एउटा छोरा दिनुभयो जसलाई उहाँले प्रयोग गर्नुहुनेछ ।
- पछिबाट, शेतको पनि एउटा छोरा जन्म्यो । त्यो छोराको नाम एनोश थियो । यही समयदेखि मानिसहरूले परमेश्वरको नाम घोषणा गर्न थाले ।
- बाइबलका आलोचकहरूले बाइबल एउटा दन्त्य कथाहरूको सँग्रह मात्र हो भन्दछन् । तापनि, उत्पत्ति ५ अध्यायको वंशावलीले र बाइबलमा पाइने अन्य वंशावलीले ती मानिसहरू वास्तविक समयमा जिउने वास्तविक मानिसहरू हुन् जुन व्यक्तिहरू वास्तविक स्थानहरूमा जिएका थिए भनी देखाउँछ । उनीहरू कल्पित मानिसहरू होइनन् ।
- कसै-कसैले यो प्रश्न गर्न सक्छन्, कि त्यस युगमा मानिसहरू त्यति लामो समयसम्म कसरी बाँच्न सक्थे । शायद पापको प्रभावले मानव जातिको औसत आयु अर्थात् जीवन अवधि (उमेर) घटाएको हुन सक्छ । तुलनात्मक रूपमा पाप र त्यसको प्रभावको समय अवधि कम थियो यसैले मानिसहरू लामो समयसम्म जिएका हुन सक्छन् ।
- "शेत" नाउँको वास्तविक अर्थ "सट्टामा पाएको" हुन्छ । उसको दाजु हाबिलको धार्मिकताको सट्टामा शेतको धर्मी वंश दिइएको थियो ।
- उत्पत्तिको पुस्तकमा दुई किसिमको वंशावलीहरू पाईन्छन् ठाडो (क्रमबद्ध वंश) र तेर्सो (शाखाहरू छुट्टिएको) । यो वंशावली ठाडो छ, यसले अन्तिम पुस्ता त्यसको पहिलो पुस्तासँग जोडिएको देखाउँछ ।
- उत्पत्ति ३ अध्यायमा, परमेश्वरले आदमको निम्ति मृत्युदण्डको घोषणा गर्नुभयो । उत्पत्ति ५ अध्यायमा हामी आदम र उसका सन्तान मरेका देख्छौं । परमेश्वर भरोसा गर्न योग्यको हुनुहुन्छ, तर पापले दण्ड ल्यायो ।
- त्यो दण्डको बीचमा त्यहाँ अनुग्रह पनि थियो । त्यो वंशको सातौं व्यक्ति हनोकको मृत्यु भएन ।

शिक्षकको निर्देशनको लागि पाठलाई पाँचवटा मुख्य भागहरूमा विभाजन गरिएको छ । शिक्षण प्रक्रियाको प्रत्येक भागहरू महत्वपूर्ण छन् र प्रभावकारी रूपमा शिक्षा दिनका निम्ति ती पाँचैवटा भाग पालन गर्नु पर्छ । क्रमबद्ध बाइबल शिक्षा बालबालिकाहरूलाई सुसमाचार प्रचार गर्ने र चेला बनाउने एउटा उत्तम तरिका हो । बालबालिकाहरूले बाइबलका कथाहरू जानेपछि बाइबलका परमेश्वरलाई चिन्नेछन् र कसरी उहाँलाई विश्वासद्वारा स्वीकार गर्नुपर्छ भन्ने पनि जान्नेछन् ।

यी पाँचवटा चरणहरू पाठ सिकाउनका लागि महत्वपूर्ण भागहरू हुन् । पाठ पढाउनुभन्दा अघि तयारी गर्नु अति नै आवश्यक हुन्छ अनि कक्षा हुने दिनसम्म पनि यो गरिनुपर्छ । जब कक्षाको समय शुरू हुन्छ पाठको परिचय कुनै यस्तो धारणा वा तरिकाद्वारा प्रस्तुत गर्नुहोस्, जसले विद्यार्थीहरूलाई सिक्ने प्रक्रियामा सहभागी हुन उत्साह प्रदान गरोस् । कथाको शिक्षा विभिन्न प्रकारले: मुखले भनेर, गाएर, बाइबलका पदहरू कण्ठ गरेर अनि विभिन्न कार्यहरू गरेर दिन सकिन्छ । यो पाठ र यो भन्दा पहिलेको पाठहरू अवश्य दोहोऱ्याएर हेर्नुहोस् । यो पाठ पढाई सकेपछि अन्त्यमा सायद सबैभन्दा महत्वपूर्ण कुरा तपाईंको कक्षालाई अपनाउनपर्ने वा लागू गर्नुपर्ने केहि कुराहरू दिनुहोस् ताकि जसले उनीहरूलाई जीवन जीउन मद्दत गरोस् ।

©प्रतिलिपी अधिकार २०१७ जिम कुक

## २) पाठ शुरू गर्नुहोस्

हामी अघिल्लो रोचक घटनाहरूको मूख्य सारहरूको समीक्षा गर्नेछौं ।

कथाको मूख्य सार :

१. परमेश्वर धेरै शक्तिशाली हुनुहुन्छ ।

२. परमेश्वरले स्वर्गदूतहरू सृष्टि गर्नुभयो ।

३. परमेश्वरले सबैथोक बनाउनुभयो ।

४. परमेश्वरले पुरुष र स्त्रीलाई उहाँको विशेष अर्थात् असल मित्रहरू हुनको लागि बनाउनुभयो ।

५. बगैँचामा जीवन आनन्दले भरि पूर्ण थियो ।

६. शैतान परमेश्वरको शत्रु हो । शैतान घमण्डी थियो । परमेश्वरले शैतानलाई स्वर्गबाट बाहिर फालिदिनुभयो ।

७. शैतानले आदम र हव्वालाई परीक्षा गऱ्यो । आदम र उसको पत्नीले परमेश्वरको आज्ञा उल्लङ्घन गरेका थिए ।

८. पापले आदम र स्त्रीलाई परमेश्वरदेखि अलग गरायो ।

९. परमेश्वरले शैतानलाई नाश पार्ने विशेष व्यक्ति पठाउने प्रतिज्ञा गर्नुभयो ।

१०. पापले परमेश्वरको सृष्टिमा नकारात्मक रूपले प्रभाव पाऱ्यो ।

११. आदम र उसकी पत्नीलाई वस्त्र पहिराउनको लागि परमेश्वरले एउटा निर्दोष पशु मार्नुभयो ।

१२. परमेश्वरले पापलाई घृणा गर्नुहुन्छ । पापको कारण परमेश्वरले आदम र हव्वालाई बगैँचाबाट बाहिर निकाल्उनुभयो ।

१३. कयिन र हाबिलले परमेश्वरप्रति दुई भिन्दा भिन्दै प्रकारले प्रतिक्रिया दिएका छन् ।

## ३) पाठ सिकाउनुहोस्

पाठ १४ को परिचय: शेत र उनको परिवार

शेतले धर्मी अथवा ईश्वरीय परिवारको शुरूवात गरे र उनले परमप्रभुकै निम्ति जिवन बिताए । के तपाईंहरूले पनि आफ्नो परिवारको कुनै त्यस्तो व्यक्तिको नाउँ भन्न सक्नुहुन्छ र किन ?

**पाठ शुरू गर्ने क्रियाकलाप : विषयवस्तु अनुसारको समीक्षा**

यस क्रियाकलापमा बाल-बालिकाहरूले पहिले-पहिलेका पाठको संख्या र पाठको शीर्षकहरू उनी-हरूलाई भन्न लगाएर कति सम्म याद गरेका छन् भनेर शिक्षकले हेर्नुहुनेछ । बालबालिकाहरूलाई प्रत्येक पाठको विषयवस्तु के थियो सो अनुमान गर्न लगाउनु-होस् । शिक्षक उनीहरूप्रति यस कुरामा अलिक लचिलो हुनुपर्छ । उनीहरूले ती विषयवस्तुहरू दुरुस्तै भन्नु पर्दैन ।

यो क्रियाकलापको उद्देश्य भनेको सबै बालबालिकाहरूले बाइबलको एउटा ठूलो कथा राम्रोसँग बुझ्न् सकुन भन्ने हो । जब उनीहरूले विषयवस्तु याद राख्छन् तब सम्पूर्ण बाइबलको कथाहरू कसरी एकसाथ मिलेका छन् अर्थात् जोडिएका छन् भनी बुझ्न सक्छन् ।

वैकल्पिक क्रियाकलाप : विषयवस्तुहरू बोर्डमा लेख्नुहोस् र बालबालिकाहरूलाई त्यसबाट छानेर भन्न लगाउनुहोस् की कुन पाठ कुन शिर्षकमा पर्छ ।

## कथा भन्नुहोस्

आदम र हव्वा निश्चय नै डराएको हुनुपर्छ । आफ्नो भेटीले परमप्रभुलाई प्रसन्न पार्ने हाबिल अब मरिसकेको थियो । हाबिलको हत्या गर्ने कयिन घुमिहिँड्ने मानिस बनेको थियो । शायद उनलाई कसैले त्यति देखेनन् होला । आदम र हव्वाले दुईवटा छोरा गुमाए; हाबिल मात्र होइन, तर कयिनलाई पनि गुमाए । प्राय आमाबुबाहरूले आफ्ना छोराछोरीहरूलाई चोट लागेको, दुःख परेको हेर्न मन पराउँदैनन् साथै धेरैजना आमाबुबाहरू आफ्ना छोराछोरीहरूलाई आफ्नै आँखा अगाडि देखिरहने ईच्छा गर्छन् ।

तर, परमेश्वर आदम र हव्वाप्रति दयालु हुनुहुन्थ्यो । हव्वाले अर्को एउटा सन्तान जन्माईन् । उसको नाम शेत थियो । शेतले धार्मिक जीवनलाई अगाडि बढाउनेछन् भनी हव्वाको विश्वास थियो । संसारमा धेरै दुष्टता थियो । लेमेखले कसैको हत्या गर्‍यो र त्यस कुरामा शायद उसले घमण्ड गर्‍यो । यसरी संसारमा थोरै मानिसहरू भएता पनि संसारको अवस्था दिन प्रतिदिन झनझन् नराम्रो हुँदै गईरहेको थियो ।

हाबिलको स्थानमा शेत आयो । हाबिल धर्मी मानिस थियो र शेत पनि त्यस्तै थियो । वास्तवमा, यस परिवारमा धेरै जना धार्मिक मानिसहरू जन्मेका थिए । शेतका छोराहरू थिए, अनि ति मध्य एउटा छोराको नाम एनोश थियो । एनोशको जीवनकालदेखि नै मानिसहरूले परमप्रभुको नाम पुकार्न थाले । शायद तिनकै धार्मिक प्रभावले गर्दा मानिसहरूले आराधना, प्रार्थना र घोषणा गर्न थाले अनि अरूलाई परमेश्वरको विषयमा बताउन थाले । पछिल्लो समयमा दुई जना विशेष व्यक्ति हनोक र नोआ यही परिवारमा जन्मेका थिए ।

हनोकको बारेमा भनिन्छ, उनी "परमेश्वरसँग नजिक सङ्गतिमा रहेर जिएका थिए । उनी ३०० वर्षसम्म परमेश्वरको मित्र जस्तो भएर जिए । हनोकले परमेश्वरलाई खोज्यो र उहाँको निम्ति लामो समयसम्म जियो । उनी ३६५ वर्ष बाँचे र ती अधिकांश समय उनी परमेश्वरसित नजिकको सङ्गतिमा रहेर बाँचे । एक दिन, परमेश्वरले हनोकलाई स्वर्गको घरमा लैजाने निर्णय गर्नुभयो । उनको मृत्यु नै भएन ।

यस परिवारको अर्को धर्मी मानिस नोआ थिए । हामी नोआको विषयमा पछि अझ अरू कुराहरू सिक्नेछौं, तर अहिले तपाईंहरूले यो याद राख्नुपर्छ, कि उनलाई परमेश्वरले "धर्मी" भन्नुभएको थियो । शेत, एनोश, हनोक र नोआ सबैजना परमेश्वरका निम्ति जिएका थिए । हनोक परमेश्वरसित नजिकको सङ्गतिमा रहेर जिएका थिए भने नोआ धार्मिक थिए र एनोशले मानिसहरूलाई परमप्रभुको नाउँ पुकार्नलाई उत्साहित बनाएका थिए । त्यो समयमा दुष्टता फैलिएको भएता पनि परमेश्वरले त्यस्ता मानिसहरू खडा गर्नुभयो जसले उहाँलाई प्रेम गरे र उहाँको सेवा पनि गरे ।

जब संसारमा दुष्टता बढ्दै थियो र धेरै मानिसहरूले परमेश्वरलाई प्रायः भुलि रहेको अवस्था थियो, त्यस बेला परमप्रभुले उहाँको नजिक हुन चाहाने, उहाँको नाउँ घोषणा गर्ने उहाँको आराधना गर्ने, उहाँसँग प्रार्थना गर्ने र एक धार्मिक जीवन जिउने मानिसहरू आफ्ना निम्ति खडा गर्नुभयो । यो त्यस्तो समय थियो जुन बेला धार्मिक मानिसहरू परमप्रभुको पक्षमा हुनका निम्ति खडा भए । शायद आदम र हव्वाले त्यो देखेका भए उनीहरू धेरै नै खुशी हुने थिए । अब, अरू मानिसहरूले पनि उही परमेश्वरलाई प्रेम गरिरहेका थिए जुन परमेश्वरलाई आदम र हव्वाले प्रेम गर्दथे ।

**कथा भन्ने क्रियाकलाप : "परमेश्वरको परिवार घोषणा गर्ने" को हुन चाहान्छ**

शिक्षकले बालबालिकाहरूलाई दुईवटा लाइनहरू मध्ये एउटामा खडा हुन लगाउन सक्नुहुन्छ :

१) "परमेश्वरको घोषणा" गर्ने लाइन, र

२) "आफ्नै निम्ति जिउने" लाइन

**"प्रत्येक समूहलाई उनी-हरूले चाहेको समूहमा हुनका निम्ति उनीहरूले के गर्नुपर्छ होला" भनेर सोध्नुहोस्**

## कण्ठ गर्नुपर्ने पद

**उत्पत्ति ५:१ (टि.बी.एस) -** यो आदमको वंशावलीको पुस्तक हो- परमेश्‍वरले मानिसलाई सृष्टि गर्नुभएको दिनमा, उहाँले तिनलाई परमेश्‍वरको समानतामा बनाउनुभयो ।

## स्तुति-प्रशंसा आराधना

स्तुति-प्रशंसा र आराधना गर्ने तरिकाहरू संसारभरि फरक-फरक रहेको पाईन्छन् । यो पाठ्यक्रमको उद्देश्य भनेको विषयवस्तुसँग मिल्दो जुल्दो भजनहरू छान्नु उत्तम हुन्छ भनि सुझाव दिनु हो । स्तुति-प्रशंसा र आराधना सम्बन्धी भजनहरू प्राय: यूट्यूबमा पनि राखिएका हुन्छन् । तापनि शिक्षकले आफ्नो स्वतन्त्र इच्छा अनुसार त्यस्तै पाठसँग मिल्दो जुल्दो भजनहरू छान्न सक्नुहुन्छ ।

यस पाठका निम्ति "तपाईंको दया जीवन भन्दा श्रेष्ठ (कोरस नं. ३०)" बोलको भजन गाउने सल्लाह दिईन्छ ।

## बाइबलीय क्रियाकलाप





शिक्षकले दुईवटा रूखको चित्र बनाउनुपर्छ वा त्यस्तो चित्र खोजेर ल्याउनुपर्छ, तिनमा एउटा रूख अति सुन्दर र अर्को कम सुन्दर हुनुपर्छ । शिक्षकले यी दुई फरक रूखहरूको चित्र प्रयोग गर्नुपर्छ । अब, बालबालिकाहरूलाई पनि एउटा सुन्दर रूखको चित्र अनि एउटा कम सुन्दर रूखको चित्र बनाउन लगाउनुहोस् । ती दुई रूखहरूलाई कुन कुराले भिन्न बनाएको छ कुन कुराले एउटा रूखलाई बढाउछ र अर्कोलाई बढाँउदैन

### कण्ठ गर्नुपर्ने पदसम्बन्धी क्रियाकलाप : तपाईंको समीक्षा क्रियाकलापको खाता बनाउनुहोस्

यस क्रियाकलापमा शिक्षकले बालबालिकाहरूलाई उनीहरूले कण्ठ गर्नुपर्ने बाइबल पदहरूको समय समीक्षाको कुराहरू लेख दर्ता गर्न वा खाता बनाउनलाई सिकाउनुहुनेछ । प्रत्येक दिन उनीहरूले त्यस हप्तामा त्यस पद कहिले र कतिपटकसम्म समीक्षा गऱ्यो त्यो लेख्नुपर्छ । कण्ठ गर्ने मुख्य तरिका भनेको नै समीक्षा गर्नु हो । यदि शिक्षकले यो र अन्य तरिकाहरूमा भन्दा पदको समीक्षा गर्ने कुरामा जोड् दिनुहुन्छ भने अवश्य पनि विद्यार्थीले कण्ठ गरेको पद धेरै लामो समयसम्म याद राख्न सक्नेछन् ।

### बाइबलसम्बन्धी क्रियाकलाप : दुईवटा रूख

शिक्षकले एउटा सुन्दर स्वस्थ रूख वा नराम्रो अस्वस्थ रूख हुनुमा के कुराको भूमिका हुन्छ त्यो चित्रण गरेर देखाउनुपर्छ ।

शिक्षकले शेतलाई धार्मिक वंशसँग जोड्नुपर्छ, जसले असल वृद्धिको अनुभव गरेका थिए ।

## ४) पाठको समीक्षा गर्नुहोस्

बालबालिकाहरूलाई आफ्नै शब्दहरूमा १० वा त्यो भन्दा कम शब्दहरू प्रयोग गरेर पाठलाई सरल बनाउन लगाउनुहोस् । उनीहरूको उत्तर कस्तो हुन सक्छ ? जब बालबालिकाहरूले दश वा त्यो भन्दा कम शब्दहरूमा पाठलाई सरल बनाउनेछन्, शायद उनीहरूले केहि यस्तै उत्तरहरू दिने छन्:

- शेत एक धार्मिक अगुवा भए ।
- शेत कसैको सट्टामा दिइएको व्यक्ति थियो ।
- शेतको परिवारमा धेरै जना मानिसहरू थिए, जसले परमेश्वरको आराधना गर्दथे ।
- शेत परमेश्वरले दिनुभएको व्यक्ति थियो ।
- शेतले धार्मिक सन्तानको रूपमा हाबिलको स्थान लियो ।
- वंशावलीहरूले हामीलाई धेरैवटा महत्वपूर्ण कुराहरू सिकाउँछन् ।

## ५) पाठ लागु गर्नुहोस्

तपाईंले आफ्नो परिवारमा धार्मिक व्यवहारहरूको शुरू गर्न कुन-कुन पाँचवटा कुराहरू गर्न सक्नुहुन्छ ती लेख्नुहोस् । जस्तै यस्ता कुराहरू गर्न सक्नुहुन्छ :

- परिवारमा बाइबल पढ्नुहोस् ।
- तपाईंको परिवारलाई तपाईंको बाइबल पाठको विषयमा बताउनुहोस् ।
- बाइबल पढ्नुहोस् र प्रत्येक दिन प्रार्थना गर्नुहोस् ।
- मानिसहरूसँग झगडा नगर्नुहोस् वा उनीहरूलाई दु:खी नबनाउनुहोस् ।
- मानिसहरूलाई देखेर उनीहरूको हाँसो नउडाउनुहोस् ।

अब, यी मध्येबाट एउटा छान्नुहोस् र यो हप्ता भरी हरेक दिन त्यो अभ्यास गर्ने कोसिस गर्नुहोस् ।

**पाठको समीक्षा गर्ने क्रियाकलाप: सरल बनाउने**

सरल बनाउने क्रियाकलाप बालबालिकाहरूको लागि उपयोगी खेल हुन सक्छ । बालबालिकाहरूलाई दुई वा तीन जनाको समूह बनाई १-२ मिनेटको समय दिएर यस पाठमा भएका १० वटा महत्वपूर्ण शब्दहरू पत्ता लगाएर लेख्न लगाउनुहोस् ।

**पाठको लागु गर्ने क्रियाकलाप: पाँचवटा कुराहरू**

बालबालिकाहरूलाई यो हप्ता यी पाँचवटा कुराहरूले एउटा मुख्य कुरामा केन्द्रित गर्नेछ जसले उनीहरूलाई शेत जस्तै हाम्रो लागि एउटा असल नमुना हुन मद्दत गर्नेछ ।

# रोचक घटना नं १५
# उत्पत्ति ४:२५-५:८

शिक्षक साहायता

**कथाको मूख्य सार : मानिसहरू दुष्ट थिए । परमेश्वरले जलप्रलय पठाउनुभयो । नोआले परमेश्वरमा भरोसा राखे र उहाँको आज्ञापालन गरे ।**

## १) पाठको अध्ययन गर्नुहोस् (कक्षामा जानु अघि)

- "कुनै-कुनै मानिसहरूले "परमेश्वरका छोराहरू" भनेको पतन भएका स्वर्गदूतहरू हुन् भनेर सोच्ने गर्छन् । तर "परमेश्वरका छोराहरू" शायद स्वर्गदूतहरू थिएनन्, किनकि स्वर्गदूतहरूले विवाह गर्दैनन् वा बालबालिका जन्माउँदैनन् (मत्ती २२:३०; मर्कूस १२:२५) । केहि विद्वानहरूले यी शब्दहरूले शेतका ती सन्तानहरूलाई संकेत गर्दछ जसले कयिनका दुष्ट सन्तानहरूसँग अन्तरविवाह गरेका थिए भन्ने विश्वास गर्दछन् । यस कुराले विश्वासयोग्य मानिसहरूको असल प्रभावलाई कमजोर बनायो र संसारमा नैतिक भ्रष्टता बढ्यो जसको फलस्वरूप दुष्टता सबै तिर फैलियो ।"
- बाइबलले भन्छ, नोआ "धार्मिक" र "निर्दोष" थिए, तर त्यसको अर्थ नोआले कहिल्यै पाप गरेनन् भन्ने चाहिँ होइन । वास्तवमा तिनले गरेको एउटा पाप उत्पत्ति ९:२० मा उल्लेख गरिएको छ । यद्यपि नोआ परमेश्वरलाई प्रेम गर्ने र उहाँको आज्ञापालन गर्ने व्यक्ति थिए ।
- नोआले एउटा ठूलो जहाज बनाए, जसको लम्बाई त्यसको चौडाइ भन्दा छ गुणा लामो थियो जुन ठ्याक्कै आजका पानी जहाज निर्माण गर्नेहरूले बनाउने जस्तै थियो । त्यो जहाज चार तले भवन जत्तिकै अग्लो थियो ।
- प्रत्येक पशु-पंक्षीको जोडी नोआसँग जहाज भित्र थिए । बलिदान चढाउनका निम्ति सात जोडी पशु पनि लिइयो । केहि मानिसहरूले त्यो जहाजमा एक लाख २५ हजार पशुहरू अटाउने ठाउँ थियो भनी अनुमान पनि गरेका छन् ।
- आकाशबाट ४० दिनसम्म मुसलधारे पानी पऱ्यो अनि भूमिमुनिका मूलहरू पनि फुटेर पानी निस्क्यो र ठूलो जलप्रलय भयो जसले पाँच महिनामा सम्पूर्ण पृथ्वीलाई ढाक्यो ।
- अर्को पाँच महिनामा पृथ्वीको पानी सुकेर गयो ।

शिक्षकको निर्देशनको लागि पाठलाई पाँचवटा मुख्य भागहरूमा विभाजन गरिएको छ । शिक्षण प्रक्रियाको प्रत्येक भागहरू महत्वपूर्ण छन् र प्रभावकारी रूपमा शिक्षा दिनका निम्ति ती पाँचैवटा भाग पालन गर्नु पर्छ । क्रमबद्ध बाइबल शिक्षा बालबालिकाहरूलाई सुसमाचार प्रचार गर्ने र चेला बनाउने एउटा उत्तम तरिका हो । बालबालिकाहरूले बाइबलका कथाहरू जानेपछि बाइबलका परमेश्वरलाई चिन्नेछन् र कसरी उहाँलाई विश्वासद्वारा स्वीकार गर्नुपर्छ भन्ने पनि जान्नेछन् ।

यी पाँचवटा चरणहरू पाठ सिकाउनका लागि महत्वपूर्ण भागहरू हुन् । पाठ पढाउनुभन्दा अघि तयारी गर्नु अति नै आवश्यक हुन्छ अनि कक्षा हुने दिनसम्म पनि यो गरिनुपर्छ । जब कक्षाको समय शुरू हुन्छ पाठको परिचय कुनै यस्तो धारणा वा तरिकाद्वारा प्रस्तुत गर्नुहोस्, जसले विद्यार्थीहरूलाई सिक्ने प्रक्रियामा सहभागी हुन उत्साह प्रदान गरोस् । कथाको शिक्षा विभिन्न प्रकारले: मुखले भनेर, गाएर, बाइबलका पदहरू कण्ठ गरेर अनि विभिन्न कार्यहरू गरेर दिन सकिन्छ । यो पाठ र यो भन्दा पहिलेको पाठहरू अवश्य दोहोऱ्याएर हेर्नुहोस् । यो पाठ पढाई सकेपछि अन्त्यमा सायद सबैभन्दा महत्वपूर्ण कुरा तपाईंको कक्षालाई अपनाउनपर्ने वा लागू गर्नुपर्ने केहि कुराहरू दिनुहोस् ताकि जसले उनीहरूलाई जीवन जीउन मद्दत गरोस् ।

## २) पाठ शुरू गर्नुहोस्

शिक्षकले बाइबलको महान् कथाका रोचक घटनाहरूमा प्रयोग गरिएका सबै भजनहरू संकलन गर्नु पर्दछ र ती मध्ये केहि गाउनु वा बजाउनु पर्छ ।

कक्षाले यस पाठ्यक्रममा अगाडि सिकेका भजनहरू शिक्षकसँग मिलेर गाउन सक्नुपर्छ ।

शिक्षक र विद्यार्थीहरू मिलेर केहि भजनहरू गाइसकेपछि "गीतलाई नाम दिनुहोस्" भन्ने खेल खेल्नुहोस् । "गीतलाई नाम दिनुहोस्" भन्ने खेल यस्तो खेल हो जसमा विद्यार्थीहरूले भजनलाई मिल्दो बाइबलका घटनाहरू अर्थात् पाठसँग मिलाउने प्रयास गर्नुपर्छ । विद्यार्थीले उत्तर दिने क्रममा शिक्षक उनीहरूप्रती अनुग्रही भएर उत्साह दिनु पर्दछ ।

यस क्रियाकलापको उद्देश्य भनेको बालबालिकाहरूले सिकेका भजनहरू बाइबलका घटनाहरूसँग मिलाउनु हो । शिक्षक यस मुख्य उद्देश्यमा केन्द्रित हुनुपर्दछ ।

**समीक्षा क्रियाकलाप: गीतलाई नाम दिनुहोस्**

शिक्षकले पहिलेका रोचक घटनाहरूमा सिकेका भजनहरू बजाउनु वा गाउनुपर्छ । बालबालिकाहरूले ती भजनहरू बाइबलको महान् कथा भित्रको कुन रोचक घटनासँग (पाठसँग) मिल्छ भनेर अनुमान लगाउनुपर्छ ।

यदि समय पुग्छ भने, कुनै भजनमा भएको शब्द वा वाक्यांश नबुझेको छन् कि भनेर पनि सोध्न सक्नु हुनेछ ।

## ३) पाठ सिकाउनुहोस्

**"के तपाईंले धेरै ठूलो पानी परेर बाढी आएको देख्नुभएको छ"** भनेर सोध्नुहोस्, बालबालिकाहरूलाई उनीहरूका कुरा भन्न दिनुहोस् ।

## कथा भन्नुहोस्

मानिसहरू अति नै विनाशकारी बन्दै गए र उनीहरू धेरै दुष्ट भए । उनीहरू नराम्रा कामहरू गर्न र अरूलाई दु:ख दिन मन पराउँथे । परमेश्वरलाई त्यो पटक्कै मन परेन, मानिसलाई बनाएकोमा उहाँ धेरै दु:खी हुनुभयो । यदि कसैले कसैलाई चोट पुर्‍याउँछ भने परमेश्वरले त्यो मन पराउनुहुन्न । सबैजना त्यस्तै नै थिए, लगभग हरेक व्यक्ति नै त्यस्तै थिए ।

तर एक जना व्यक्ति त्यस्तो थिएन । उसको नाउँ के थियो ? (नोआ), हो ! तपाईंहरूले ठीक भन्नुभयो । उनी नोआ थिए । नोआ एक धार्मिक मानिस थिए । यसको अर्थ प्राय समय उनले सही काम गरको हुनुपर्छ । उनका छिमेकीहरूले गरे जस्तै उनले अरूलाई दु:खी बनाउन चाहँदैनथे । नोआ निर्दोष पनि थिए । उनलाई कुनै गलत काम गरेको दोष लाउन सकिँदैनथ्यो । उनी परमेश्वरसँगको नजिकको सङ्गतिमा रहेर हिँडेका थिए । परमेश्वरले नोआलाई याद गर्नुभयो र एक जना मानिसको कारण उहाँले पृथ्वीलाई सुरक्षित राख्नुभयो । नोआ विवाहित थिए र उनका तीन छोराहरू थिए: शेम, हाम र येपेत ।

नोआ ६०० वर्षको हुँदा परमेश्वरले उनलाई सारा पृथ्वीलाई ढाक्ने जलप्रलयद्वारा पृथ्वीका सबै प्राणीको मृत्यु हुनेछ भनी बताउनुभयो । नोआले गोपेर काठको एउटा ठूलो जहाज बनाउनु पर्ने थियो र प्रत्येक पशु-प्राणीको जोडीहरूलाई यस ठूलो जहाजभित्र ल्याउनुपर्ने थियो । नोआले आफ्नो परिवार र सबै पशु-प्राणीहरूका निम्ति खानेकुरा पनि राख्नुपर्ने थियो । यसैले नोआले त्यो ठूलो जहाज बनाए । त्यो ५२५ फिट लामो, एउटा फुटबल मैदान भन्दा लामो थियो । यो तल्लो,दोस्रो र तेस्रो तलासम्मको थियो । त्यसले ४० हजार घन मिटर वा ५२५ रेलका डब्बाहरू अटाउने जति ठूलो थियो । त्यो धेरै ठूलो थियो । यदि त्यो जहाजमा पस्ने पशुहरूको औसत आकार एउटा भेडाको जत्रो थियो भने त्यसभित्र एक लाख पच्चीस हजार पशुहरू अटाउन सक्थे । त्यो ठूलो जहाजको एउटै मात्र ढोका थियो ।

यसरी त्यस बेला ४० दिन र ४० रात पानी पऱ्यो । मुसलधारे पानी पऱ्यो । पानी परिसक्दा सम्पूर्ण पृथ्वी पानीले भरिएको थियो । वास्तवमा, सबैभन्दा उच्च पहाड समेत २२ फिट पानीले ढाक्यो । तर परमेश्वरले नोआ र तिनको परिवार जहाजभित्रका सबै प्राणीहरूको सुरक्षा गर्नुभयो । जहाजमा पाँच महिना बसेपछि नोआले एउटा काग र एउटा ढुकुरलाई तिनीहरू फर्केर आउलान् कि नआउलान् भन्दै उडाई पठाएको थिए तर ती दुवै फर्केर जहाजमा नै आए । सात दिनपछि नोआले फेरि ढुकुरलाई उडाई पठाए । तर यस पल्ट ढुकुर आफ्नो चुच्चोमा जैतुनको पात च्यापेर आयो । अर्को सात दिनपछि नोआले फेरि ढुकुरलाई छोडे तर त्यो फर्केर आएन । त्यस बेला परमेश्वरले नोआलाई तिनीहरू सबै जहाजबाट बाहिर निस्कने समय आयो भनी बताउनुभयो । यसरी नोआ र सबै प्राणीहरू जहाजबाट बाहिर निस्कि आए ।

परमेश्वरले नोआसँग र वास्तवमा सबै मानिसहरूसँग एउटा विशेष प्रतिज्ञा गर्नुभयो । उहाँले फेरि सम्पूर्ण पृथ्वीमा जलप्रलय नल्याउने प्रतिज्ञा गर्नुभयो । त्यस प्रतिज्ञालाई पक्का गर्नका लागि चिन्ह स्वरूप उहाँले नोआलाई आकाशमा इन्द्रेनी हुनेछ भन्नुभयो । परमेश्वरले आफ्नो प्रतिज्ञाको कदर गर्नुभयो जसले उहाँले सधैं त्यसो गर्नुहुन्छ र त्यसपछि सारा पृथ्वी नै ढाक्ने अर्थात् डुबाउने गरी जलप्रलय कहिल्यै पनि भएको छैन । नोआ करिब एक वर्ष जति जहाजभित्र बसे । यसरी सबै कुराहरू भए । नोआले पूर्ण रूपमा परमेश्वरको आज्ञापालन गरे । जहाजबाट बाहिर निस्केपछि नोआले परमेश्वरलाई बलि चढाउनका निम्ति एउटा वेदी पनि बनाए । परमेश्वर प्रसन्न हुनुभयो ।

## कण्ठ गर्नुपर्ने पद

**उत्पत्ति ६:८ (टि.बी.एस) -** "तर नोआले परमप्रभुको दृष्टिमा अनुग्रह पाए ।"

**शिक्षक साहयता**

**कथा भन्ने क्रियाकलाप : त्यस घटनाहरू बताउनुहोस्**

शिक्षकले कथा भन्दै गर्दा बालबालिकाहरूलाई दुई समूहमा विभाजन गर्नुहोस् अनि उनीहरूलाई नोआ र जलप्रलय सम्बन्धी उनीहरूले जानेका धेरैभन्दा धेरै कुराहरू लेख्न लगाउनुहोस् । उनीहरूलाई त्यो सूची पछि पाठको लागि चाहिन्छ । यदि बालबालिकाहरूले लेख्न सक्दैनन् भने, उनीहरूलाई ती धेरैभन्दा धेरै याद राख्न लगाउनुहोस् ।

## स्तुति-प्रशंसा आराधना

स्तुति-प्रशंसा र आराधना गर्ने तरिकाहरू संसारभरि फरक-फरक रहेको पाईन्छन्। यो पाठ्यक्रमको उद्देश्य भनेको विषयवस्तुसँग मिल्दो जुल्दो भजनहरू छान्नु उत्तम हुन्छ भनि सुझाव दिनु हो। स्तुति-प्रशंसा र आराधना सम्बन्धी भजनहरू प्राय: यूट्यूबमा पनि राखिएका हुन्छन्। तापनि शिक्षकले आफ्नो स्वतन्त्र इच्छा अनुसार त्यस्तै पाठसँग मिल्दो जुल्दो भजनहरू छान्न सक्नुहुन्छ।

यस पाठका निम्ति "तपाईंको दया जीवन भन्दा श्रेष्ठ (कोरस नं. ३०)" बोलको भजन गाउने सल्लाह दिईन्छ।

## बाइबलीय क्रियाकलाप

यो बालबालिकाहरूले अभिनय गर्न सक्ने एउटा महान् कथा हो। प्रत्येक बालबालिकाहरूले केहि न केहि अभिनय गर्नुपर्छ। त्यो तपाईंको कक्षाको संख्या अनुसार मिलाउनुहोस्। यस नाटकमा निम्न पात्र-पात्राहरू हुनुपर्छ:

- नोआ
- नोआको पत्नी
- बाधा हाल्ने अर्थात् गिल्ला गर्नेहरू (कक्षाको आकारको हिसाबले केहि थोरै वा धेरै जना)
- पशुहरू, तपाईंलाई जति जना मन पर्छ त्यति छान्न सक्नुहुन्छ, यो पनि तपाईंको कक्षाको आकारअनुसार मिलाउनुहोस् (दुइ जना आ-आफ्नै प्रकारका)
- यदि तपाईंसँग पर्याप्त बालबालिकाहरू छन् भने नोआका ३ छोराहरू र तिनीहरूका पत्नीहरूको अभिनय गर्ने पात्रहरू पनि छान्नुहोस्।
- परमेश्वरको आवाज - यो भूमिका शिक्षक आफैले गर्न सक्नुहुन्छ वा कसैको सहयोग लिन सक्नुहुन्छ जसले राम्ररी गर्न सक्छ।

बाइबलको कथा पढ्नुहोस् र बालबालिकाहरूलाई तिनीहरूले खेल्नुपर्ने भूमिकाहरू बताउनुहोस्। बालबालिकाहरूलाई नोआले कसरी जहाज बनाए भन्ने कुरा बुझ्नलाई सहायता गर्नुहोस्। केहि कदम नापेर एउटा क्षेत्र छुट्टयाउनुहोस्। यदि सम्भव हुन्छ भने नोआ र उसका छोराहरूलाई जहाज "बनाउनका लगि चाहिने" सामाग्रीहरू जस्तै : करौती (आरी) र घन (मार्तोल) ल्याउन लगाउनुहोस्। अब पशुहरू पंक्षीहरूको आउने समय हुन्छ। बालबालिकाहरूले तिनीहरूलाई मन लागे अनुसार र जानेको पशु पंक्षीहरूको सोर निकालून् र उफ्रिन र आवश्यक परे तिनीहरूलाई यताउता हिँड्ने निर्देशन दिनुहोस्।

यस पाठबाट सिक्नु पर्ने मुख्य शिक्षा : हामीसँग उम्कने कुनै बाटो नहुँदा पनि परमेश्वरमा भरोसा राख्नु सबैभन्दा उत्तम हुन्छ।

**पद कण्ठ गर्ने क्रियाकलाप : प्रतिक्रिया गर्ने समूह**

कक्षालाई दुई भागमा विभाजन गरेर यस पाठमा दिएको पद कण्ठ गराउनुहोस्। शिक्षकको दाहिनेतिर हुनेहरूले पहिलो, तेस्रो, पाँचौं, शब्दहरू भनून्। शिक्षकको देब्रे तिर हुनेहरूले दोस्रो, चौथो, छैटौं, शब्दहरू भनून्। यसरी शब्दहरू पालै पालो भनेर उनीहरू पद कण्ठ गर्न सक्छन्।

**बाइबलीय क्रियाकलाप : भूमिका निर्भाह गर्ने - नोआको जहाज**

तपाईंले शुरू गर्नुभन्दा अघि बालबालिकाहरूलाई उत्पत्ति ६:५-८:२२ पढ्न् लगाउनुहोस्।बाल-बालिकाहरूलाई तिनी-हरूका विभिन्न भूमिकाहरू के-के हुन् त्यो दिनुहोस्। सान्दर्भिक छ भने, बाल-बालिकाहरूले उनीहरूलाई दिइएको भूमिका बुझ्न बाइबल पढून्। बाल-बालिकाहरूलाई उनीहरूको भूमिका पढ्न उत्साह दिनुहोस् र उनीहरू त्यस समयमा त्यहाँ भएको जस्तै महसुस गर्दै पूरा मनले अभिनय गर्नलाई उत्साहित गर्नुहोस्।

## ४) पाठको समीक्षा गर्नुहोस्

१. त्यस जहाजको लम्बाई ५२५ फिट थियो ।

२. त्यस जहाजको क्षेत्रफल ४० हजार मिटर घनाकार थियो, जुन ५०० रेलका डिब्बाहरू जति हुन्छ ।

३. त्यस जहाज गोपेर नामको काठबाट बनाईएको थियो । गोपेर काठ कस्तो हुन्छ हामीलाई थाहा छैन, तर त्यस काठ पानी प्रतिरोधी, पानी नछिर्ने र पानीले नखिइने प्रकारको हुन्छ ।

४. त्यस जहाजको भुइँ तलामा कोठाहरू थिए, तर ढोका एउटै मात्र थियो ।

५. यदि त्यस जहाजमा पस्ने पशुहरूको औसत आकार एउटा भेडाको जत्रो थियो भने त्यसभित्र एक लाख २५ हजार पशुहरू अटाउन सक्थे ।

६. परमेश्वरले फेरि मानव जातिलाई जलप्रलयद्वारा कहिल्यै पनि नाश पार्नुहुने छैन भन्ने करारको प्रतिज्ञा उहाँका मानिसहरूलाई स्मरण गराउनका निम्ति आकाशमा एउटा इन्द्रेनी राख्नुभयो ।

७. आकाशबाट चालिस दिन ४० रात मुसलधारे पानी पऱ्यो ।

८. नोआका तीन छोराहरू : शेम, हाम र येपेत थिए ।

९. जहाजभित्र पस्दा नोआ ६०० वर्ष पुगेका थिए । नोआले १२५ वर्ष लगाएर जहाज बनाएका थिए ।

## ५) पाठ लागु गर्नुहोस्

शायद नोआलाई खिसी र गिल्ला गरियो, तर पनि परमेश्वरसँग उनको घनिष्ठ सम्बन्ध थियो । अरूहरूले तपाईंलाई खिसी र गिल्ला गर्दा परमेश्वरसँगको तपाईंको घनिष्ठ सम्बन्धले तपाईंलाई कसरी स्थिर रहन सहायता गर्छ

**कथाको मूख्य सार : मानिसहरू दुष्ट थिए । परमेश्वरले जलप्रलय पठाउनुभयो । नोआले परमेश्वरमा भरोसा राखे र उहाँको आज्ञापालन गरे ।**

**समीक्षा क्रियाकलाप : घटनाहरू बताउनुहोस्**

बालबालिकाहरूलाई दुई वा तीन समूहमा विभाजन गर्नुहोस् । ती समूहहरूलाई नोआको जहाजसम्बन्धी उनीहरूले जानेका सिकेका धेरैभन्दा धेरै कुराहरू लेख्न लगाउनुहोस् । यसका निम्ति ५ मिनेट जति समय दिनुहोस् । बालबालिका-हरूको उमेर हेरेर शिक्षकले उनीहरूलाई ती घटनाहरू लेख्न सहायता गर्नुपर्छ । नोआको जहाजसम्बन्धी नौ वटा सत्य कुराहरू यहाँ पनि राखिएका छन् ।

# रोचक घटना नं १६
# उत्पत्ति ११:१-९

**कथाको मूख्य सार : परमेश्वरले मानिसहरूको भाषा खलबल पारिदिनुभयो ।**

## १) पाठको अध्ययन गर्नुहोस् (कक्षामा जानु अघि)

- बेबिलोनी बोलचालमा बाबेलको अर्थ “देवताहरूको ढोका” हुन्छ, तर यो शब्द हिब्रू भाषाको “अलमल्ल” शब्द जस्तो सुनिन्छ ।
- उत्पत्ति ११:१०-२६ मा शेमको वंशावली समावेश गरिएको पाईन्छ। शायद बाबेलको धरहरा पेलेगको जीवनकालमा बनाइएको थियो । पेलेगको अर्थ “विभाजन” हो ।
- नोआका सन्तानहरूले आदम र हव्वा, हाबिल, शेत, हनोक र नोआको जस्तो विश्वासको अभ्यासलाई पछ्याउन सक्थे । तर त्यसो नगरेर उनीहरूले मूर्तिपूजकहरूको धार्मिक अभ्यासहरू पछ्याए अनि “परमेश्वरसम्म पुग्ने आफ्नै उपाय तथा योजना बनाएका छन् ।
- बाबेलको धरहरा, शायद त्यो जिग्राट जस्तो (पिरामिडजस्तो चार कुने सिँढीहरू भएको) थियो, त्यसमा आकाशसम्म पुग्ने सिँढीहरू थिए । त्यसको टुप्पालाई परमेश्वरकहाँ पुग्ने ढोका भनेर मानिन्थ्यो । त्यसको टुप्पाको ढोका चाहिँ स्वर्ग पस्नको लागि बनाईएको थियो। त्यसको फेदको ढोका धरहराको प्रवेश द्वार थियो, जहाँ उनीहरूले “देवता” मान्नेहरूको पूजा गरिन्थ्यो ।
- यस पुस्ताले परमेश्वरको विषयमा आफ्नै एउटा छुट्टै दृष्टिकोणको विकास गरेका छन् , त्यसो गरेर उनीहरू आफू-केन्द्रित रितिरिवाजहरूद्वारा आफ्नो चाहानाहरू पूरा गर्न चाहान्थे । उनीहरूले नोआले आज्ञापालन गरेको परमेश्वरलाई चुनेनन् ।
- यस धरहरा बनाउनुको लक्ष्य “देवताहरूसम्म पुग्ने ढोका” भएतापनि त्यो मानिसहरू आफ्नै लागि बनाईएको स्मारक थियो, तर परमेश्वरको लागि थिएन ।
- “मानिसहरूका सन्तानले बनाइरहेको सहर र धरहरा हेर्नलाई परमप्रभु तल ओर्लनुभयो ।” फलस्वरूप परमेश्वरले उनीहरूका भाषा खलबल र उनीहरूलाई तितरबितर पारिदिनुभयो ।
- मानिसहरू सबैतिर छरिएर पृथ्वीलाई भर्नु पर्नेथियो । उनीहरू एउटै स्थानमा बसिरहनु उचित हुँदैन थियो ।

**शिक्षक साहायता**

शिक्षकको निर्देशनको लागि पाठलाई पाँचवटा मुख्य भागहरूमा विभाजन गरिएको छ । शिक्षण प्रक्रियाको प्रत्येक भागहरू महत्वपूर्ण छन् र प्रभावकारी रूपमा शिक्षा दिनका निम्ति ती पाँचैवटा भाग पालन गर्नु पर्छ । क्रमबद्ध बाइबल शिक्षा बालबालिकाहरूलाई सुसमाचार प्रचार गर्ने र चेला बनाउने एउटा उत्तम तरिका हो । बालबालिकाहरूले बाइबलका कथाहरू जानेपछि बाइबलका परमेश्वरलाई चिन्नेछन् र कसरी उहाँलाई विश्वासद्वारा स्वीकार गर्नुपर्छ भन्ने पनि जान्नेछन् ।

यी पाँचवटा चरणहरू पाठ सिकाउनका लागि महत्वपूर्ण भागहरू हुन् । पाठ पढाउनुभन्दा अघि तयारी गर्नु अति नै आवश्यक हुन्छ अनि कक्षा हुने दिनसम्म पनि यो गरिनुपर्छ । जब कक्षाको समय शुरू हुन्छ पाठको परिचय कुनै यस्तो धारणा वा तरिकाद्वारा प्रस्तुत गर्नुहोस्, जसले विद्यार्थीहरूलाई सिक्ने प्रक्रियामा सहभागी हुन उत्साह प्रदान गरोस् । कथाको शिक्षा विभिन्न प्रकारले: मुखले भनेर, गाएर, बाइबलका पदहरू कण्ठ गरेर अनि विभिन्न कार्यहरू गरेर दिन सकिन्छ । यो पाठ र यो भन्दा पहिलेको पाठहरू अवश्य दोहोर्‍याएर हेर्नुहोस् । यो पाठ पढाई सकेपछि अन्त्यमा सायद सबैभन्दा महत्वपूर्ण कुरा तपाईंको कक्षालाई अपनाउनपर्ने वा लागू गर्नुपर्ने केहि कुराहरू दिनुहोस् ताकि जसले उनीहरूलाई जीवन जीउन मद्दत गरोस् ।

©प्रतिलिपी अधिकार २०१७ जिम कुक

## २) पाठ शुरू गर्नुहोस्

सम्पूर्ण बाइबलमा आठवटा मुख्य विषयहरूमा विशेष जोड दिइएको पाईन्छ। हामीले यी कुराहरू पहिलेका पाठहरूमा पनि अध्ययन गरिसकेका छौं । ती कुराहरू के-के उनीहरूले बताउन र प्रत्येकको केहि शब्दहरूमा वर्णन गर्न सक्छन् कि बालबालिकाहरूलाई सोध्नुहोस्। ती कुराहरू निम्न प्रकार छन्।

१. परमेश्वर : शुरूमा त्यहाँ एक मात्र अति नै शक्तिशाली र अनन्त परमेश्वर हुनुहुन्थ्यो।

२. मानिस : परमेश्वरले सबैथोक सृष्टि गर्नुभयो। उहाँले पुरुष र स्त्रीलाई उहाँको असल मित्रहरू हुनका निम्ति आफ्नै स्वरूपमा सृष्टि गर्नुभयो।

३. पाप : पुरुष र स्त्रीले परमेश्वरको आज्ञा उल्लङ्घन गरे । उहाँले जे भन्नुभएको थियो त्यो उनीहरूले गरेनन् र पाप गरे, त्यस दिनदेखि मानवजातीमा पापले प्रवेश गर्‍यो।

४. मृत्यु : परमेश्वरले पुरुष र स्त्रीलाई उनीहरूका अनाज्ञाकारिताको दण्ड दिनुभयो। बाइबलमा मृत्युले अलग भएको कुरालाई बुझाउदँछ।

५. खीष्ट : परमेश्वरले आफ्नो एकमात्र, विशेष पुत्रलाई संसारमा पठाउनुभयो, जसले सिद्ध र पवित्र जीवन जिउनुभयो।

६. क्रुस : येशू संसारको पापका निम्ति क्रुसमा मर्नुभयो।

७. विश्वास : यदि कसैले खीष्टमा विश्वास गर्छ भने परमेश्वरले उसलाई स्वागत गर्नुहुन्छ।

८. जीवन : परमेश्वरले खीष्ट येशू प्रभुमाथि विश्वास गर्नेहरूलाई अनन्त जीवन दिनुहुन्छ।

हामीले अध्ययन गरेका पहिलो १५ वटा अध्यायमा सुसमाचारका यी आठवटा सिद्धान्तहरूलाई कसरी जोड दिइएको छ सो बालबालिकाहरूलाई सोध्नुहोस्।

**समीक्षा क्रियाकलाप: आठ मुख्य सुसमाचारका धारणाहरू - एउटा कथा**

शिक्षकले पवित्रशास्त्र बाइबल भरि पाइने यी आठ वटा सुसमाचारका धारणाहरूमा जोड् दिनुपर्छ। यी कुराहरू नै एउटा आधारभूत जगहरू हुन्, जसको आधारमा बालबालिका-हरूलाई बाइबलमा भएको उद्धारको एउटा महान् कथा बताउनुपर्छ। हामी यी आठवटा सत्यताहरूलाई निरन्तर जोड् दिनेछौ।

## ३) पाठ सिकाउनुहोस्

बालबालिकाहरूलाई भन्नुहोस्, मानिसहरूले प्राय दुई ओटा तरिकाद्वारा परमेश्वरलाई भेट्टाउन खोजिरहेका हुनछन्। तीमध्ये एउटा तरिकालाई परमेश्वरले स्वीकार गर्नुहुन्छ र अर्कोलाई गर्नुहुन्न। एउटा परमेश्वरकहाँ पुग्ने मेरो आफ्नै बाटो र अर्को परमेश्वरकहाँ पुग्ने उहाँले नै दिनुभएको बाटो। हामी कसरी परमेश्वरसम्म पुग्ने आफ्नै बाटोहरू बनाउने प्रयास गरिरहेका हुन्छौं त्यसो गर्नु सही हो या गलत, किन

## कथा भन्नुहोस्

त्यस ठूलो शहरमा सबैजना मानिसहरू भेला भए। ठूलो शहरमा धेरैवटा कुराहरू पाउन सकिन्छ। तपाईंले चाहानुभएका सबै मित्रहरू र तपाईंले चाहानुहुने सबै रमाइला कुराहरू त्यो ठूलो शहरमा थिए। यदि तपाईं साँच्चै रमाइलो गर्न चाहानुहुन्छ भने ठूला शहरहरूमा जानुपर्छ।

त्यस ठूलो शहरमा केहि मानिसहरूले परमेश्वरकहाँ पुग्ने एउटा धरहरा बनाउने निर्णय गरे। त्यो धरहरा बनाएर उनीहरूले आफ्नो नाम राख्न चाहान्थे। त्यस धरहराको फेदमा त्यसको प्रवेशद्वार र टुप्पामा चाहिँ स्वर्गमा "परमेश्वर" कहाँ पुग्ने प्रवेशद्वार हुनुपर्ने थियो। त्यस शहरका मानिसहरूले परमेश्वरकहाँ कसरी पुग्न सकिन्छ भनेर आफै निर्णय गरे, अनि उनीहरूका पुर्खा नोआ, शेत र आदममा कुनै ध्यान दिएनन्। त्यसको बावजुत परमेश्वरलाई उनीहरूले आफूमध्ये एक जना जस्तो बनाउने कोसिस गरे। उनीहरूले परमेश्वरलाई यो बताउन चाहान्थे कि सबै कुराको नियन्त्रण उनीहरूको हातमा छ, उनीहरू नै जिम्मेवार व्यक्तिहरू हुन्। त्यस शहरका सबै मानिसहरूले त्यो ठूलो संरचनाको निर्माण गर्नका निम्ति एकसाथ मिलेर काम गरेका छन्। त्यस धरहरा सुन्दर हुनुपर्ने थियो।

यो उनीहरूको पक्षको कथा थियो : उनीहरूले परमेश्वरमा भरोसा राख्नुको सट्टामा आफैमा भरोसा राख्ने निर्णय गरेका थिए। उनीहरूले परमेश्वरको वचन सुन्नलाई इन्कार गरे। उनीहरूले आज्ञापालन नगर्ने निर्णय गरे। हव्वाले परीक्षा गर्ने, शैतानको कुरा सुनेर मानवजातीको पतन भएको घटनालाई उनीहरूले विल्कुलै याद गरेनन्। परमेश्वरलाई विश्वासद्वारा भेटी चढाइनुपर्छ, स्वर्ग सम्म पुग्ने धरहरा बनाएर होइन भनी उनीहरूले बुझेनन्। हो, उनीहरूले बिना परमेश्वर आफ्नै बलमा स्वर्गसम्म पुग्ने प्रयास गरे।

परमेश्वरको तर्फबाटको कथा भने धेरै फरक थियो। जब परमेश्वरले त्यस ठूलो शहरका मानिसहरूले धरहरा बनाउँदै गरेका देख्नुभयो, तब उहाँ स्वर्गबाट ओर्लनुभयो र त्यो हेर्नुभयो। उहाँले सधैं गर्ने जस्तै अनाज्ञाकारिताका निम्ति दण्ड दिनुपर्ने भयो। मानिसहरूले अग्लो धरहरा बनाएकोमा उहाँ चिन्तित हुनुभएको थिएन। जसरी कयिनलाई उसको अनाज्ञाकारिता अर्थात् अपराधको निम्ति दण्ड दिइएको थियो, त्यसरी नै त्यस ठूलो शहरका मानिसहरूलाई पनि दण्ड दिनुपर्ने भयो। परमेश्वरले उनीहरूका भाषा खलबल पारिदिनुभयो, त्यसकारण उनीहरूले त्यस धरहरा बनाउने कामलाई एकसाथ मिलेर निरन्तरता दिन सकेनन्। परमेश्वरले भाषा खलबल पारिदिनुभएपछि उनीहरूले त्यस धरहरा पूरा गर्ने कामलाई नियमित दिन सकेनन्। तिनीहरू पृथ्वीभरि नै छरपष्ट भएर गए। परमेश्वरले पनि त्यही चाहानुहुन्थ्यो। धेरै समय अघि परमेश्वरले आदम र हव्वालाई फल्दैफुल्दै र वृद्धि हुँदै पृथ्वीमा भरिन्दै जाओ भन्नुभएको थियो।

अन्त्यमा, मानिसहरूले जुन धरहराको चाहाना गरेका थिए, त्यो बनाउन पाएनन् र उनीहरूले आफ्ना धेरै जना मित्रहरू पनि गुमाउनु पऱ्यो। अब उनीहरूले समान भाषा बोल्न सकेनन् यसैले त्यहाँबाट तितरबितर भएर अरू ठाउँतिर गए। उनीहरूलाई परमेश्वरले स्वर्गसम्म पुग्ने धरहरा बनाउने अनुमति दिनुभएन।

### कथा सम्बन्धी क्रियाकलाप बताउनुहोस् : कथाको कुर्सीहरू

यो क्रियाकलाप "म्यूजिकल चियर" भन्ने खेल जस्तै हो, यसमा खाली शिक्षकले म्यूजिकको सट्टामा कथाको प्रयोग गर्नुहुन्छ। एक जनालाई बाहेक कथामा प्राय प्रयोग गरिएको शब्दहरूबाट हरेक बाल-बालिकाहरूलाई एउटा-एउटा दिनुहोस्। जब तपाईंले कथा भन्नुहुन्छ बालबालिकाहरूलाई खाली कुर्सी तिर सर्न लगाउनुहोस् तब सम्म जब उनीहरूलाई दिईएको शब्द सुन्दैनन्। ती बाल-बालिकाहरू मात्र जसलाई आफ्नो शब्द के हो भनेर थाहा छ।

बालबालिकाहरूलाई दिने शब्दहरू निम्न प्रकार हुन सक्छन् :

- धरहरा
- शहरहरू
- सुन्दर
- भाषाहरू
- खलबल
- परमेश्वर
- कथा
- सुन्नु
- आज्ञापालन
- नोआ
- कयिन
- आदम
- हव्वा
- विश्वास

## कण्ठ गर्नुपर्ने पद

**उत्पत्ति ११:९ (टि.बी.एस)** - यसैकारण त्यसको नाम "बाबेल" राखियो; किनभने त्यहाँ परमप्रभुले सारा संसारको भाषा खलबल पार्नुभयो; अनि त्यहाँबाट परमप्रभुले तिनीहरूलाई सारा पृथ्वीको सतहभरि तितरबितर पारिदिनुभयो ।

## स्तुति-प्रशंसा आराधना

स्तुति-प्रशंसा र आराधना गर्ने तरिकाहरू संसारभरि फरक-फरक रहेको पाईन्छन् । यो पाठ्यक्रमको उद्देश्य भनेको विषयवस्तुसँग मिल्दो जुल्दो भजनहरू छान्नु उत्तम हुन्छ भनि सुझाव दिनु हो । स्तुति-प्रशंसा र आराधना सम्बन्धी भजनहरू प्राय: यूट्यूबमा पनि राखिएका हुन्छन् । तापनि शिक्षकले आफ्नो स्वतन्त्र इच्छा अनुसार त्यस्तै पाठसँग मिल्दो जुल्दो भजनहरू छान्न सक्नुहुन्छ ।

यस पाठका निम्ति "तपाईंको दया जीवन भन्दा श्रेष्ठ (कोरस नं. ३०)" बोलको भजन गाउने सल्लाह दिईन्छ ।

## बाइबलीय क्रियाकलाप

केहि फरक-फरक भाषा बोल्ने बालबालिकाहरूलाई कक्षामा अगाडी बोलाउनुहोस् र उनीहरूले नबुझ्ने कुनै अरू भाषामा केहि काम कसरी गर्ने भनेर सामान्य निर्देशन दिनुहोस् (उद्धाहरणको लागि : ल अब कापी र कलम निकालेर त्यसमा आ-आफ्नो नम लेख्नुहोस् अथवा बाइबलबाट उत्पत्ति ११ अध्याय खोल्नुहोस् । कति अफ्ठेरो र गाह्रो भयो होला धरहरा बनाउनलाई जब उनीहरूले भिन्दा-भिन्दै भाषाहरू बोल्न थाले पछि ,अब यो कुरा उनीहरूसँग छलफल गर्नुहोस् ।

क्रियाकलाप : अब प्रश्न धरहरा बनाउने कि नबनाउने

अब बालबालिकाहरूलाई ३ देखि ५ जनाको समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहलाई धरहरा बनाउने केहि सामाग्रीहरू उपलब्ध गराउनुहोस् (ईट्टा, साना-साना ढुङ्गाहरू, बोटल, पलाष्टिक कप, ईत्यादि अथवा तपाईंसँग जे उपलब्ध छ त्यो प्रयोग गर्नसक्नुहुन्छ तर सबैलाई सामान बराबरी मात्रामा दिनुहोस् । र अब उनीहरूलाई दिईएको समय भित्र कसले सबैभन्दा अग्लो धरहरा बनाउन सक्छन् भनेर प्रतिस्पर्धा गराएर हेर्नुहोस् । अन्तिम १ मिनेट बाँकी हुँदा समय सकिन लागेको जनाउ गराउनुहोस् र अब उनीहरूले नबोलिकन चुपचाप भएर बनाउनुपर्छ भनेर सूचित गराउनुहोस् । नबोलिकन कुनै काम गर्न कति गाह्रो महसुस हुनेरहेछ भनी उनीहरूलाई अनुभव गर्न दिनुहोस् र सोध्नुहोस् पनि उनीहरूको अनुभव कस्तो थियो । बाबेलमा भएका मानिसहरूले उनीहरू पनि महान् शक्तिशाली छन् भनेर सोचेका थिए तर परमेश्वरसँग घमण्डीहरूलाई कसरी नम्र बनाउने भन्ने तरिका र शक्ति पनि छ । उनीहरूको घमण्डी हृदयलाई कस्तो तरिकाले निर्मूल पार्न सकिन्छ भन्ने कुरा परमेश्वरलाई थाहा थियो । हामीले परमेश्वरको आराधना गर्ने क्रममा

### पद कण्ठ गर्ने क्रियाकलाप: कक्षाको वरिपरी

बालबालिकाहरूलाई गोलो घेरामा बस्न लगाउनुहोस् र कुनै गीतको धुन बजाउँदै कण्ठ गर्ने पद लेखिएको कागजको टुक्रा एकअर्कालाई पास गर्न लगाउनुहोस् । जब गीत रोकिन्छ तब जसको हातमा त्यो कागजको टुक्रा हुनेछ उसले पद भन्ने प्रयास गर्नुपर्छ । सबैजनालाई सम्पूर्ण पद कण्ठ नभएसम्म यो क्रियाकलाप निरन्तर गर्नसक्नुहुन्छ ।

### बाइबलीय क्रियाकलाप : कक्षा वरिपरि

हामीले श्रेय लिन चाहाने केहि चिजहरूको सूचि बनाउनुहोस् जस्तै :

- आफू अरूभन्दा थोरै चलाख वा बलियो भएकोमा हुनसक्छ ।
- स्कूलमा कसैलाई मद्दत गरेकोमा हुनसक्छ ।
- हामीले दिएको विषयमा हुनसक्छ ।
- स्कूलमा राम्रो अङ्क प्राप्त गरेकोमा हुनसक्छ ।
- कुनै त्यस्तो कुरा जसमा हामी अरूभन्दा असल छौं ।
- खेलकुदमा अरूले भन्दा आफूले राम्रो गर्दा हुनसक्छ ।

कति पटक हामी घमण्डी हुन्छौ भने हामीलाई के चाहिन्छ त्यो पनि उहाँलाई थाहा छ। परमेश्वर जसले सबैलाई क्षमता वा सामर्थ्य दिनुहुन्छ भन्ने कुरा बिर्सेर, बाबेलका मानिसहरूले आफ्नो सफलताको महिमा आफै खोज्न थालिसकेका थिए। सबै महिमा उहाँको हो, र कसैसँग पनि उहाँ यो बाँडन चाहानुहुन्न्।

## ४) पाठको समीक्षा गर्नुहोस्

"कस्ले" प्रश्नहरू :
१. यो धरहरा कस्ले बनायो
२. यो विचार कस्लाई मन परेन्

"के" प्रश्नहरू :
१. धरहरा केबाट बनाईएको थियो
२. कथाको अन्त्यमा परमेश्वरले के गर्नु भयो

"कहिले" प्रश्नहरू :
१. धरहरा कहिले बनाइएको थियो
२. परमेश्वरले भाषा कहिले खलबलगाउनु भएको थियो

"काहाँ" प्रश्नहरू :
१. धरहरा बनाउने समयमा यी मानिसहरू काहाँ बसोवास गरिरहेका थिए
२. जब मानिसहरूले धरहरा बनाउदै थिए तब परमेश्वर काहाँ हुनुहुन्थ्यो

"किन" प्रश्नहरू :
१. उनीहरूले यस धरहरा किन बनाएका थिए
२. परमेश्वरले किन उनीहरूको भाषा खलबलाई दिनुभयो

## ५) पाठ लागु गर्नुहोस्

परमेश्वरले उहाँसम्म पुग्ने बाटो आफै बनाउनेहरूलाई आशिष् दिनुहुन्न्। उहाँले त्यसलाई आशिष् दिनुहुन्छ, जसले उहाँमाथि भरोसा राख्दछ। यो हप्ता एउटा त्यस्तो तरिका खोज्नुहोस् ताकि जसद्वारा तपाईं उहाँमा आफ्नो भरोसा राख्नसक्नुहुनेछ। त्यसपछि अर्को हप्ताको कक्षामा कसरी उहाँमा भरोसा राख्नुभयो भन्ने कुरा सुनाउनलाई तयार भएर आउनुहोस्।

**शिक्षक साहयता**

**पाठको समीक्षाको क्रियाकलाप: अनुसन्धान क्युब**

कक्षालाई दुई समूहमा विभाजन गर्नुहोस्। कुनै एउटा क्यूब किन्नुहोस् वा बनाउनुहोस् र त्यस क्यूबको प्रत्येक भागमा, के, कहिले, कहाँ, किन शब्दहरू लेखेर टाँस्नुहोस्। त्यसपछि, क्यूबलाई समूहमा पालै पालो गुडाउनुहोस् र क्यूबको माथिल्लो भागमा देखिएको प्रश्नको उत्तर दिनुपर्ने हुन्छ। उदाहरणको लागि, यदि क्यूबको माथिल्लो भागमा "किन" भन्ने शब्द देखापर्छ भने, समूहले "किन" भन्ने प्रश्नको उत्तर दिनुपर्छ। शिक्षकले पाठ सम्बन्धित आफ्नै प्रश्नहरू पनि बनाउन सक्नुहुन्छ।